# १५औं
# योजना
## (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१)

नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
सिंहदरबार काठमाडौं

# १५ औं

# योजना

(आर्थिक वर्ष २०७६/७७ - २०८०/८१)

नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
सिंहदरबार काठमाडौं

प्रकाशक : नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं ।
फोन : ०१- ४२१११३२, ४२१११३३
इमेल : npc@npc.gov.np
वेबसाइट : www.npc.gov.np

प्रकाशन वर्ष : २०७७ माघ


सर्वाधिकार : राष्ट्रिय योजना आयोगमा सुरक्षित


मुद्रण प्रति :

# भूमिका

योजनाबद्ध विकास पद्धति थालनी भएको ६ दशकको अवधिमा चालु पन्ध्रौं योजना विशिष्ट समयमा तर्जुमा भएको छ । यस योजनाले विगतका प्रयासबाट हासिल भएका उपलब्धिलाई आत्मसात् गर्दै विकासका कार्य अगाडि बढाउने नीति लिएको छ। सो अनुसार मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति लगायतका अन्य व्यवस्था, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय परिदृश्य तथा सरकारका प्रतिबद्धतालाई ध्यान दिई यस योजना तर्जुमा गरिएको छ। सरकारको *'समृद्ध नेपाल, सुखी नेपाली'* को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न आगामी २५ वर्षका लागि दीर्घकालीन सोच २१०० को प्रारूप सहित यस योजना तयार गरिएको छ। साथै, दीर्घकालीन सोचको आधार योजनाको साथै राष्ट्रिय योजनाको रूपमा प्रदेश र स्थानीय तहका दीर्घकालीन सोच र आवधिक योजनालाई समेत मार्गदर्शन गर्ने गरी यस योजना तर्जुमा गरिएको छ।

राष्ट्रिय विकास परिषद्बाट प्राप्त मार्गदर्शन तथा करिब ४ हजार ५ सय सरोकारवालासँग छलफल र अन्तरक्रियाबाट प्राप्त राय सुझावको आधारमा पन्ध्रौं योजना तर्जुमा गरिएको छ । योजनालाई सरल, स्पष्ट र बोधगम्य रूपमा प्रस्तुत गरी सरोकारवाला तथा आमनागरिकलाई सूचना तथा जानकारी प्रवाह गर्नु आवश्यक भएकाले संक्षिप्त विवरण सहित पन्ध्रौं योजनाको चित्रात्मक जानकारी पुस्तिका (इन्फोग्राफिक्स) प्रकाशन गरिएको छ । यस पुस्तिकामा दीर्घकालीन सोचको प्रारूप, पन्ध्रौं योजनाको प्रमुख पक्ष, विशेषता तथा तर्जुमाको क्रममा अवलम्बन गरिएको प्रक्रियाका साथै विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा अपेक्षित उपलब्धिलाई संक्षिप्त र आकर्षक ढंगले प्रस्तुत गरिएको छ। साथै, राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना, प्रमुख कार्यक्रम, प्रदेशका प्रमुख कार्यक्रम र सार्वजनिक-निजी साझेदारीका प्रमुख आयोजनालाई चित्रात्मक रूपमा समावेश गरिएको छ।

नागरिकमाझ पन्ध्रौं योजनाका विषयवस्तुमा जानकारी संप्रेषण गर्न र योजनाले लिएको गन्तव्य दर्शाउन यस चित्रात्मक जानकारी पुस्तिका महत्त्वपूर्ण हुने आशा गरिएको छ। साथै, यस पुस्तिका मार्फत योजनाका विषयवस्तु बुझाउन सजिलो हुनुका साथै सरोकारवाला एवम् कार्यान्वयनमा संलग्न निकायलाई थप जिम्मेवार तथा उत्तरदायी बनाउन समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । पुस्तिका तयार गर्ने क्रममा संलग्न राष्ट्रिय योजना आयोगका पदाधिकारी, आर्थिक व्यवस्थापन महाशाखा लगायत आयोगका सम्पूर्ण कर्मचारी, डिजाइनमा सहयोग गर्ने विकास उद्यमी संस्था र अन्य महानुभावलाई आयोग धन्यवाद व्यक्त गर्दछ। यस पुस्तिकाले पन्ध्रौं योजनाले लिएका सोच, लक्ष्य र गन्तव्य हासिल गर्न सहयोग पुग्नुका साथै योजनाको प्रचार-प्रसारमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा छ।

२०७७ माघ
राष्ट्रिय योजना आयोग

# राष्ट्रिय योजना आयोग

| | |
|---|---|
| सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली | अध्यक्ष |
| माननीय प्रा.डा. पुष्पराज कँडेल | उपाध्यक्ष |
| श्री शंकर दास बैरागी, मुख्य सचिव, नेपाल सरकार | सदस्य (पदेन) |
| माननीय डा. कृष्णप्रसाद ओली | सदस्य |
| माननीय डा. उषा झा | सदस्य |
| माननीय डा. दिलबहादुर गुरूङ | सदस्य |
| माननीय श्री मीनबहादर शाही | सदस्य |
| माननीय डा. रामकुमार फुयाल | सदस्य |
| श्री शिशिर कुमार ढुङ्गाना, सचिव, अर्थ मन्त्रालय | सदस्य (पदेन) |
| श्री केबल प्रसाद भण्डारी | सदस्य सचिव |

# विषयसूची

## परिच्छेद १
## दीर्घकालीन सोच २१००


१.१. दीर्घकालीन सोच ३
१.२. दीर्घकालीन राष्ट्रिय लक्ष्य ३
१.३. दीर्घकालीन सोचको मार्गचित्र ४
१.४. दीर्घकालीन राष्ट्रिय रणनीति ४
१.५. रूपान्तरणका प्रमुख सम्वाहक ५
१.६. सहयोगी क्षेत्र ५
१.७. दीर्घकालीन सोचको परिदृश्य र परिमाणत्मक लक्ष्यहरु ६
१.८. समष्टिगत तथा विषय क्षेत्रगत सोच ८
१.९. दीर्घकालीन लक्ष्य तथा गन्तव्य सूचक ९


## परिच्छेद २
## पन्ध्रौं योजना
## (आ.व. २०७६/७७ - २०८०/८१)


२.१ प्रमुख विशेषता २१
२.२. पन्ध्रौं योजनातर्जुमा गर्दा अपनाइएको प्रक्रिया २२
२.३. चुनौती तथा अवसर २४
२.४. राष्ट्रिय लक्ष्य २४
२.५. प्रमुख परिमाणत्मक लक्ष्यहरु २५
२.६. राष्ट्रिय उद्धेश्य ३२
२.७. राष्ट्रिय रणनीति ३३
२.८. दिगो विकास लक्ष्यको आन्तरिकीकरण ३५
२.९. विकासमा क्षेत्रगत भूमिका ३६
२.१०. समष्टिगत आर्थिक खाका ३७


## परिच्छेद ३
## समष्टिगत अर्थतन्त्र


३.१. बचत ४७
३.२. सार्वजनिक वित्त ४८
  ३.२.१. सार्वजनिक खर्च ४८
  ३.२.२. राजस्व ४९
  ३.२.३. अन्तर्राष्ट्रिय विकास सहायता ५०
  ३.२.४. सार्वजनिक ऋण ५१
  ३.२.५. अन्तरसरकारी वित्त ५२
३.३. सार्वजनिक संस्थान ५३
३.४. मौद्रिक तथा वित्तीय क्षेत्र ५४
३.५. मूल्य नीति ५५
३.६. वैदेशिक व्यापार, शोधनान्तर र विदेशी विनिमय ५६
३.७. बिमा ५७
३.८. पुँजी बजार ५८


## परिच्छेद ४
## निजी तथा सहकारी क्षेत्र


४.१.निजी क्षेत्र ६१
४.२. सहकारी क्षेत्र ६२
४.३. सार्वजनिक - निजी साझेदारी ६३
४.४. वैदेशिक लगानी ६४
४.५. विप्रेषण ६५
४.६. उद्यमशीलता विकास ६६


## परिच्छेद ५
## आर्थिक क्षेत्र


५.१. कृषि तथा प्राकृतिक स्रोत ६९
  ५.१.१. कृषि ६९

५.१.२. खाद्य सुरक्षा तथा पोषण ७१
५.१.३. सिँचाइ ७२
५.१.४. भूमि व्यवस्था ७३
५.१.५. जलस्रोत ७४
५.१.६. वन, जैविक विविधता तथा जलाधार ७५
५.२. उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन ७६
५.२.१.उद्योग ७६
५.२.२. वाणिज्य ७७
५.२.३. आपूर्ति ७८
५.२.४. पर्यटन ७९

## परिच्छेद ६
## सामाजिक क्षेत्र

६.१. जनसङ्ख्या तथा बसाइँ - सराइ ८३
६.२. शिक्षा ८४
६.३. स्वास्थ्य तथा पोषण ८५
६.४. खानेपानी तथा सरसफाइ ८६
६.५. युवा ८७
६.६. लैङ्गिक समानता तथा महिला सशक्तीकरण ८८
६.७. बालबालिका तथा किशोरकिशोरी ८९
६.८. ज्येष्ठ नागरिक ९०
६.९. अपाङ्गता भएका व्यक्ति ९१
६.१०. खेलकुद ९२
६.११. सामाजिक सुरक्षा तथा संरक्षण ९३

## परिच्छेद ७
## पूर्वाधार क्षेत्र

७.१.ऊर्जा ९७
७.१.१. जलविद्युत ९७
७.१.२. वैकल्पिक ऊर्जा ९८
७.२. यातायात पूर्वाधार ९९
७.२.१. सडक ९९
७.२.२. हवाई यातायात १००
७.२.३. रेल यातायात १०१
७.२.४. जल यातायात १०२
७.२.५. यातायात व्यवस्थापन १०३
७.३. सञ्चार तथा सूचना प्रविधि पूर्वाधार १०४
७.४. स्थानीय पूर्वाधार १०५
७.५. विज्ञान तथा प्रविधि १०६
७.६. शहरी विकास १०७
७.७. ग्रामीण विकास १०८
७.८ आवास तथा बस्ती विकास १०९
७.९. भवन निर्माण ११०
७.१०. पुनर्निर्माण १११

## परिच्छेद ८
## लोकतन्त्र र सुशासन

८.१. राष्ट्रिय एकता ११५
८.२. नेतृत्व निर्माण ११६
८.३. अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध ११७
८.४. शान्ति सुव्यवस्था र सुरक्षा ११८
८.५. निर्वाचन प्रणाली ११९
८.६. मानव अधिकार १२०
८.७. न्याय प्रणाली १२१
८.८. संघीय शासन प्रणाली १२२
८.९. प्रदेश तथा स्थानीय तहको सन्तुलित विकास १२३
८.१०.शासकीय सुधार १२४
८.११. प्रशासकीय सुशासन १२५
८.१२. भ्रष्टाचार नियन्त्रण १२६
८.१३. मानव बेचबिखन तथा ओसार - पसार नियन्त्रण १२७

## परिच्छेद ९
# अन्तरसम्बन्धित विषय क्षेत्र


९.१. तथ्याङ्क प्रणाली १३१

९.२. गरिबी निवारण १३२

९.३. श्रम तथा रोजगारी १३३

९.४. मानव संसाधन विकास १३४

९.५. अनुसन्धान तथा विकास १३५

९.६. समावेशीकरण १३६

९.७. सामाजिक - सांस्कृतिक विविधता तथा एकता १३७

९.८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन १३८

९.९. वातावरण १३९

९.१०. जलवायु परिवर्तन १४०

९.११. जलतथा मौसम विज्ञान १४१

९.१२. सामुदायिक र गैरसरकारी संस्था १४२


## परिच्छेद १०
# योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन


१०.१. योजना तर्जुमा तथा कार्यान्वयन १४५

१०.२. राष्ट्रिय आयोजना बैंक १४६

१०.३. तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय १४७

१०.४. अनुगमन तथा मूल्याङ्कन १४८

१०.५. जोखिम व्यवस्थापन १४९


# पन्ध्रौं योजनामा कार्यान्वयन हुने कार्यक्रम तथा आयोजना


राष्ट्रिय गौरवका आयोजना १५३

रूपान्तरणकारी आयोजना १५४

प्रमुख कार्यक्रम १५५

प्रदेशका प्रमुख कार्यक्रम १५९

सार्वजनिक-निजी साझेदारीका प्रमुख आयोजना १६०



परिच्छेद

# १

# दीर्घकालीन सोच २१००



## १.१. दीर्घकालीन सोच



**"समृद्ध नेपाल
सुखी नेपाली"**

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक।

## १.२. दीर्घकालीन राष्ट्रिय लक्ष्य



## १.३. दीर्घकालीन सोचको मार्गचित्र

**वि.सं. २०७२**
- नेपालको संविधान
- SDG को अवलम्बन
- राष्ट्रिय प्रति व्यक्ति आय: $ ७७२

**वि.सं. २०७५**
- चौधौं योजनाको अन्तिम वर्ष
- प्रति व्यक्ति आय $ १,०७४

**वि.सं. २०७९**
- अतिकम विकसित मुलुकको स्तरबाट स्तरोन्नति
- प्रति व्यक्ति आय: $ १,४००

**वि.सं. २०८७**
- दिगो विकासको लक्ष्य प्राप्ति
- उच्च मध्यम आय स्तर भएको मुलुक
- प्रति व्यक्ति आय: $ २,९००

**वि.सं. २१००**
- उच्च आय स्तरको विकसित मुलुक
- प्रति व्यक्ति आय: $ १२,१००

## १.४. दीर्घकालीन राष्ट्रिय रणनीति



## १.५. रूपान्तरणका प्रमुख सम्वाहक

१. गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र बृहत् सञ्जालीकरण

२. गुणस्तीय मानवपुँजी निर्माण, उद्यमशील कार्य संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग

३. जल विद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन

४. उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि

५. गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार

६. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र बस्ती विकास

७. प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार

८. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति

९. शासकीय सुधार र सुशासन अभिवृद्धि

## १.६. सहयोगी क्षेत्र

०१ संविधान, लोकतन्त्र र विकास प्रतिको राजनीतिक प्रतिबद्धता,

०२ जनसाङ्ख्यिक लाभ र नागरिक सचेतना,

०३ भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता,

०४ सामाजिक-सांस्कृतिक विविधता तथा मौलिक पहिचान,

०५ सामाजिक पुँजी र विश्वभर फैलिएका नेपाली समुदाय,

०६ स्वच्छ र नवीकरणीय उर्जा,

०७ मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको सद्भाव

०८ संघीय शासन प्रणाली र वित्तीय संघीयता ।

## १.७. दीर्घकालीन सोचको परिदृश्य र परिमाणात्मक लक्ष्यहरू




### दीर्घकालीन लक्ष्य हासिल गर्ने प्रमुख आधारहरू

१. राज्यका नीति र मौलिक हक प्राप्त गर्न उच्च र दिगो आर्थिक वृद्धिको आवश्यकता।

२. राजनीतिक तथा नीतिगत स्थिरता कायम भई आर्थिक समृद्धि उन्मुख अवस्था।

३. समष्टिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी वृद्धि गर्ने उपयुक्त वातावरण।

४. जनसाङ्ख्यिक लाभ र प्राकृतिक स्रोत-साधनको महत्तम उपयोग।

५. ज्ञान, सीप, पुँजी तथा प्रविधि, पूर्वाधार र उर्जा विकास गरी उत्पादन र उत्पादकत्वमा वृद्धि।

६. वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्य हासिल गर्ने राष्ट्रिय प्रतिबद्धता।

७. विकास कार्यक्रमको कार्यान्वयनमा तीव्रता प्रदान गर्न आयोजना बैंक, आयोजना पूर्व तयारी र अनुगमन तथा मूल्याङ्कन कार्यको सुदृढीकरण।

८. अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक अर्थतन्त्रमा रुपान्तरण।

९. राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न आवश्यक सुधार र एकद्वार प्रणाली अवलम्बन।

१०. ज्ञानमा आधारित अर्थतन्त्रको विकास र समृद्धि।

# १.८. समष्टिगत तथा विषय क्षेत्रगत सोच


## क. समष्टिगत आर्थिक क्षेत्र



- बचत परिचालन तथा स्वदेशी लगानीलाई प्राथमिकता
- करको आधार तथा दायरा विस्तार
- वैदेशिक तथा आन्तरिक ऋणलाई उत्पादनशील क्षेत्रमा परिचालन
- उत्पादनशील र रोजगारमूलक क्षेत्रमा सहुलियतपूर्ण कर्जा
- बिमा प्रिमियममा अनुदान
- पुँजीबजारको विकास लागि नियामक निकायको क्षमता अभिवृद्धि

## ख. आर्थिक क्षेत्र

### १. कृषि, वन तथा प्राकृतिक स्रोत



- कृषि क्षेत्रमा आश्रित जनसङ्ख्या २० प्रतिशत
- सम्पूर्ण सिँचाईयोग्य जमिनमा सिँचाई सुविधा
- जमिनको उत्पादकत्व अमेरिकी डलर ९,५०० प्रतिहेक्टर
- प्रतिवर्ष १३ करोड क्यूबिक फिट काठ दिगो रुपमा उत्पादन र काष्ठजन्य उद्योगको विस्तार
- कुल निर्यातमा वनजन्य तथा जडिबुटी उत्पादनको हिस्सा १० प्रतिशत र कम्तीमा १५ लाख रोजगारी सिर्जना

### २. उद्योग, वाणिज्य आपूर्ति र पर्यटन



- उद्योग क्षेत्रको समग्र विकासका लागि वैदेशिक पुँजी र प्रविधि आकर्षण
- अधारभूत र अत्यावश्यक वस्तुको सहज र सुलभ भण्डारण तथा वितरण प्रणाली
- नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र विविधीकरण गर्दै पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी प्रवर्द्धन

## ग. सामाजिक क्षेत्र



- नेपालीको औसत आयु ८० वर्ष
- बालबालिकाको बिचमै पढाई छाड्नुपर्ने अवस्थाको अन्त्य
- आर्थिक समृद्धिमा महिलाको योगदान अभिवृद्धि
- बाल अधिकारको सुनिश्चितता
- समाजमा विद्यमान सबै प्रकारका विभेदको अन्त्य

## घ. पूर्वाधार क्षेत्र





- ३५ हजार मेगावाट जलविद्युत र ५ हजार मेगावाट वैकल्पिक उर्जा उत्पादन
- प्रतिव्यक्ति उर्जा खपत ३,५०० किलोवाट घण्टा
- राष्ट्रिय रणनीतिक महत्वका सडकलाई एसियाली हाइवे मापदण्ड अनुरुप चारदेखि आठ लेनसम्म निर्माण र विस्तार
- रेल, जल, हवाई, केबलकार र रोपवे लगायतका यातायात पूर्वाधारलाई एकीकृत यातायात प्रणालीमा आबद्धता
- केन्द्र र प्रदेश तथा प्रदेश राजधानीहरुबीच द्रूत यातायात सेवा विस्तार

## ङ. लोकतन्त्र र सुशासन



- आमनागरिकले संविधानप्रदत्त हकको प्रभावकारी उपभोग र अभ्यास गर्ने उपयुक्त वातावरण निर्माण
- लोकतान्त्रिक शासन प्रणाली सुदृढ
- नागरिकको व्यक्तिगत स्वतन्त्रता, मर्यादित जीवन र समानताको सुनिश्चितता
- सामाजिक न्याय मार्फत मानव अधिकारको अभ्यास

## च. अन्तरसम्बन्धित विषय क्षेत्र



- सम्पूर्ण नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति
- प्रत्येक स्थानीय तहको कम्तीमा १० प्रतिशत क्षेत्रमा हरियाली प्रवर्द्धन
- वायु प्रदुषणको मात्रा (PPM 2.5) सबै शहरमा ३० माईक्रोग्राम प्रति घनमिटर भन्दा कम हुने
- विज्ञान, प्रविधि र अनुसन्धानमा कुल गार्हस्थ्य उत्पादनको २.५ प्रतिशतसम्म लगानी

## छ. गरिबी, असमानता र प्रादेशिक सन्तुलन





- निरपेक्ष गरिबीको अन्त्य
- बहुआयामिक गरिबी ३ प्रतिशतमा सीमित
- प्रादेशिक सन्तुलित विकास रणनीति अवलम्बन

# १.९. दीर्घकालीन लक्ष्य तथा गन्तव्य सूचक

## १.९.१ समृद्धिका दीर्घकालीन लक्ष्य तथा गन्तव्य सूचक


### १. उच्च र समतामूलक राष्ट्रिय आय













| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८६/८७ | २१००/०१ |
| प्रतिव्यक्ति राष्ट्रिय आय | अमेरिकी डलर | १,०४७ | १,५९५ | २,९०० | १२,१०० |
| कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राष्ट्रिय बचत | प्रतिशत | ५२.४ | ४७.५ | ४६ | ४४ |
| कुल गार्हस्थ्य उत्पादनको अनुपातमा लगानी | प्रतिशत | ३६.९ | ४१.६ | ४४ | ४६ |
| कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व | प्रतिशत | २४.८ | ३० | ३३ | ३३ |
| कुल गार्हस्थ्य उत्पादनको अनुपातमा प्रत्यक्ष वैदेशिक लगानी | प्रतिशत | ०.५ | ३ | ४ | ४ |
| आम्दानीमा माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात | अनुपात | १.३१ | १.२५ | १.१७ | १.१ |
| उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३ | ०.२७ | ०.२५ | ०.२४ |


पुनश्च : *गरिबीको रेखामुनिको जनसङ्ख्या शुन्य भन्नाले १ प्रतिशत भन्दा कम गरिबी रहेको अवस्थालाई लिइएको छ।

## २. मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग








| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८६/८७ | २१००/०१ |
| किशोरी अवस्थाको प्रजनन (१९ वर्ष मुनि) | प्रतिशत | १३ | ६ | ३ | १ |
| स्वास्थ्य बिमामा आवद्ध भएको जनसङ्ख्या | प्रतिशत | ७ | ६० | ८५ | ९५ |
| मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | ९९ | ७० | २० |
| माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४६ | ६५ | ८० | ९५ |
| उच्च शिक्षाको कुल भर्ना दर | प्रतिशत | १२ | २२ | ३० | ४० |
| काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या | प्रतिशत | ३१ | ५० | ६० | ७० |
| कुल प्रजनन दर | प्रति महिला | २.२३ | २.१ | २.१ | २.१ |
| रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ५० | ६० | ७० |

पुनश्च : * ने.ज.स्वा.स. को तथ्याङ्क प्रयोग गरी रा.यो.आ. बाट अनुमान गरिएको । **साक्षरता दर राष्ट्रिय जनगणना २०६८ मा प्रकाशित मान हो ।

## ३. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता




| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८६/८७ | २१००/०१ |
| सडक घनत्व | कि.मि. प्रति वर्ग कि.मि | ०.५५ | ०.७४ | ०.८५ | १ |
| राष्ट्रिय लोकमार्ग (२ लेनमाथि, द्रुतमार्ग समेत) | कि.मि. | ९६ | १,१७४ | १,६०० | ३,००० |
| विद्युतमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ८८ | १०० | १०० | १०० |

पुनश्च : *कालोपत्रे सडक।

## ४. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व

**कृषिको उत्पादकत्व (प्रमुख बाली)** (मे.ट./ हेक्टर)

| ३.१ आधार वर्ष | ४ | ४.५ लक्ष्य वर्ष | ५ |
|---|---|---|---|
| (२०७५/७६) | (२०८०/८१) | (२०८६/८७) | (२१००/०१) |

**प्रतिव्यक्ति विद्युत खपत** (किलोवाट घण्टा)

| ३,५०० | १,५०० लक्ष्य वर्ष | ७०० | २४५ आधार वर्ष |
|---|---|---|---|
| (२१००/०१) | (२०८६/८७) | (२०८०/८१) | (२०७५/७६) |

**विद्युत उत्पादन (जडित क्षमता)** (मेगावाट)

| १,२५० आधार वर्ष | ५,८२० | १५,००० लक्ष्य वर्ष | ३५,००० |
|---|---|---|---|
| (२०७५/७६) | (२०८०/८१) | (२०८६/८७) | (२१००/०१) |

**निर्यात-आयात अनुपात (वस्तु तथा सेवा)** (अनुपात)

| १ | २.३ लक्ष्य वर्ष | ३.३ | ५.७ आधार वर्ष |
|---|---|---|---|
| (२१००/०१) | (२०८६/८७) | (२०८०/८१) | (२०७५/७६) |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८६/८७ | २१००/०१ |
| श्रम उत्पादकत्व | (रू. हजार) | १८४.६ | २७३ | ५४२ | २,०३५ |
| कृषि श्रमिकको उत्पादकत्व | अमेरिकी डलर प्रति श्रमिक | १,२२४ | १,५८७ | ३,२०० | १३,००० |
| प्रमुख बालीहरूको बीउ प्रतिस्थापन दर | प्रतिशत | १६ | २५ | ३५ | ५५ |
| सिँचाइयोग्य भूमिमध्ये वर्षभरी सिँचाइ सुविधा पुगेको भूमि | प्रतिशत | ३३ | ५० | ८० | ८५ |
| प्रति पर्यटक खर्च (प्रति दिन) | (अमेरिकी डलर) | ४८ | १०० | १५० | २०० |
| नवीकरणीय ऊर्जा (सौर्य, वायु र लघु जलविद्युत, जडित क्षमता) | मेगावाट | ६७.८ | २१६.६ | ४,००० | ५,००० |
| विदेशी पर्यटकको औसत बसाइ | (दिन) | १२.७ | १५ | १८ | २१ |


## १.९.२ सुखका दीर्घकालीन लक्ष्य तथा गन्तव्य सूचक


### ५. परिष्कृत तथा मर्यादित जीवन

| | मानव विकास सूचकाङ्क | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | उच्च मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या | सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या |
|---|---|---|---|---|
| | सूचकाङ्क | प्रतिशत | प्रतिशत | प्रतिशत |
| आधार वर्ष (२०७५/७६) | ०.५७९ | २८.६ | २१ | ४० |
| लक्ष्य वर्ष (२०८०/८१) | ०.६२४ | ११.५ | ४० | ६० |
| (२०८६/८७) | ०.६८ | ६ | ९० | ८० |
| (२१००/०१) | ०.७६ | ३ (२०००/०१) | ९५ | ९९ |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८६/८७ | २१००/०१ |
| पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | २७ | १५ | ९ | २ |
| पाँच वर्षभन्दा मुनिका बालबालिकामा पुड्कोपन (उमेरअनुसार उचाई कम) | प्रतिशत | ३६ | २० | १२ | ५ |
| ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घरपरिवार | प्रतिशत | ४९.३ | ८० | ९५ | १०० |
| बैंकिङ तथा वित्तीय सेवामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ६०.९ | ८० | ९० | ९७ |


## ६. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज






| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८६/८७ | २१००/०१ |
| महिला र पुरुषबीच ज्यालादरको अनुपात | प्रतिशत | ०.७२ | ०.८ | ०.८५ | ०.९ |
| राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ११.७ | १३.७ | १५ | १७ |
| लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४७६ | ०.३९ | ०.३१ | ०.२५ |


## ७. स्वस्थ र सन्तुलित पर्यावरण








## ८. सुशासन

















| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८६/८७ | २१००/०१ |
| विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५४ | ०.५८ | ०.६२ | ०.७ |
| भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ३.३ | ३.८ | ४.३ | ५.१ |
| दर्ता भएकामध्ये लेखा राख्ने आर्थिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५२ | ७० | ८५ | ९५ |

## ९. सबल लोकतन्त्र




| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८६/८७ | २१००/०१ |
| न्यायिक निकायमा दर्ता भएका मुद्दा (प्रति लाख जनसंख्यामा) | सङ्ख्या | ८९६ | ७६२ | ५३३ | २९९ |
| फैसला कार्यान्वयन | प्रतिशत | ३९ | ६० | ८० | १०० |

## १०. राष्ट्रिय एकता, सुरक्षा र सम्मान

**आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार**

(प्रतिशत)



| आधार वर्ष (२०७५/७६) | (२०८०/८१) | लक्ष्य वर्ष (२०८६/८७) | (२१००/०१) |
|---|---|---|---|
| ४८.२ | ८० | ९५ | १०० |

**आत्महत्या दर (प्रति लाख जनसङ्ख्यामा)**

(सङ्ख्या)

| | |
|---|---|
| १० | आधार वर्ष (२०७५/७६) |
| ५ | लक्ष्य वर्ष (२०८०/८१) |
| ३ | लक्ष्य वर्ष (२०८६/८७) |
| ० | लक्ष्य वर्ष (२१००/०१) |



**हराएका बालबालिका (प्रति लाख जनसङ्ख्यामा)**

(सङ्ख्या)

| | |
|---|---|
| ५.९ | आधार वर्ष (२०७५/७६) |
| ३ | लक्ष्य वर्ष (२०८०/८१) |
| २ | लक्ष्य वर्ष (२०८६/८७) |
| १ | लक्ष्य वर्ष (२१००/०१) |



**विपदका घटनाबाट प्रभावित परिवार**

(प्रति हजार)

| | |
|---|---|
| १७.१ | आधार वर्ष (२०७५/७६) |
| ९.८ | लक्ष्य वर्ष (२०८०/८१) |
| ७ | लक्ष्य वर्ष (२०८६/८७) |
| ५ | लक्ष्य वर्ष (२१००/०१) |



| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८६/८७ | २१००/०१ |
| राजनीतिक स्थायित्व/हिंसाको अन्त्य सम्बन्धी सूचकाङ्क | सूचकाङ्क | -०.६ | १ | १.३ | २ |
| द्विपक्षीय कुटनीतिक सम्बन्ध स्थापना भएका मुलुक | सङ्ख्या | १६८ | १७५ | १८० | १९० |
| नेपालीलाई गन्तव्य मुलुकको अध्यागमन एकाइमा नै प्रवेशाज्ञा प्रदान गर्ने मुलुक | सङ्ख्या | ३५ | ६० | ८० | ९५ |



परिच्छेद

# ५

# पन्ध्रौं योजना

(आ.व. २०७६/७७ - २०८०/८१)

## २.१ प्रमुख विशेषता

- दीर्घकालीन सोच २१०० मा आधारित
- "समृद्ध नेपाल, सुखी नेपाली" को सोच हासिल गर्ने आधार योजना
- संघीय प्रणालीमा आधारित राष्ट्रिय योजना
- प्रदेश र स्थानीय तहको मार्गदर्शक योजना
- वृहत सहभागितामा तर्जुमा भएको
- उच्च आर्थिक वृद्धिदरको लक्ष्य
- पूर्वाधार निर्माण, सूचना प्रविधि, कृषि, उत्पादनमूलक उद्योग, शिक्षा तथा स्वास्थ्यमा प्राथमिकता
- आयोजना बैंक र रूपान्तरणकारी आयोजनाको अवधारणा सहित आयोजना सुशासनमा जोड
- तथ्याङ्क, अनुगमन तथा मूल्यांकन र प्रोत्साहनको व्यवस्था



## २.२ पन्ध्रौं योजना तर्जुमा गर्दा अपनाइएको प्रक्रिया

### दीर्घकालीन सोचको अवधारणा विकास

- २५ वर्षे दीर्घकालीन सोचको अवधारणा
- वि.सं. २१०० सम्ममा समुन्नत मुलुकको स्तरमा पुग्ने सोच





### आधार-पत्र तर्जुमा

- संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारी, निजी, सहकारी तथा सामुदायिक क्षेत्रका प्रतिनिधिसँग अन्तरक्रिया
- करिब ४ हजार ५ सय सरोकारवालासँग छलफल
- इमेल मार्फत सुझाव संकलन
- गैरआवासीय नेपालीबाट सुझाव प्राप्त

### राष्ट्रिय विकास परिषद्को निर्देशन र मन्त्रिपरिषद्बाट स्वीकृति

- समावेशी प्रतिनिधित्व रहने गरी राष्ट्रिय विकास परिषद्को पुनर्गठन गरिएको ।
- सुझाव सहितको आधार पत्र स्वीकृतिका लागि राष्ट्रिय विकास परिषद्मा प्रस्तुत
- २०७५ साल चैत २० गते देखि २१ सम्म काठमाडौँमा सम्पन्न बैठकबाट आधार पत्रलाई अन्तिम रूप दिन निर्देशन
- २०७६ बैशाख १७ गते आधारपत्र मन्त्रिपरिषद्बाट स्वीकृत भई प्रकाशन



# मूल दस्तावेजको मस्यौदा तयारी तथा प्रकाशन

राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना तथा प्रमुख कार्यक्रम पहिचान र विवरण तयारी, तथा प्रदेशका प्रमुख कार्यक्रम र सार्वजनिक निजी साझेदारीका प्रमुख आयोजनाको विवरण तयारी

२२ वटा राष्ट्रिय गौरवका आयोजना; १८ वटा रूपान्तरणकारी आयोजना;
११७ वटा प्रमुख कार्यक्रम; ३३ वटा प्रदेशका प्रमुख कार्यक्रम;
९ वटा सार्वजनिक निजी साझेदारीका प्रमुख आयोजना

दीर्घकालीन राष्ट्रिय लक्ष्य र गन्तव्य सूचक निर्धारण
१० वटा प्रमुख राष्ट्रिय लक्ष्यको आधारमा नतिजा खाका तयारी
प्रभाव, असर र प्रतिफल तहका सूचक तथा परिमाणात्मक लक्ष्य निर्धारण
प्रादेशिक लक्ष्य तथा गन्तव्य सूचक निर्धारण

दीर्घकालीन सूचक सङ्ख्याः ७६
पन्ध्रौं योजनाको सूचक सङ्ख्याः ४६६
प्रादेशिक सूचक सङ्ख्याः ६४

२०७६ फागुन ११ गते बसेको
बैठकबाट दस्तावेज स्वीकृत गरी प्रकाशन

## २.३ चुनौती तथा अवसर




**चुनौती**


- समन्यायिक आर्थिक वृद्धि र नागरिकको जीवनमा गुणात्मक सुधार गर्नु
- गुणस्तरीय भौतिक पूर्वाधारको विकास र उपभोगमा वृद्धि गर्नु
- दक्ष मानव संसाधनको विकासद्वारा उत्पादनशील रोजगारीको अवसर वृद्धि गरी जनसाङ्ख्िक लाभको उपयोग गर्नु
- वित्तीय संघीयताको कुशल कार्यान्वयन गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्नु
- संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी पुरा गर्न साधन-स्रोतको लागत अनुमान, वितरण र जनशक्ति एवम् संस्थागत प्रबन्ध गर्नु

**अवसर**

- संघ, प्रदेश र स्थानीय तहमा क्रियाशील सरकार र संस्थागत स्थायित्व
- तहगत सरकारका बीचमा दिगो विकास, समृद्धि र सुशासनका क्षेत्रमा प्रतिस्पर्धी भावना
- उपलब्ध जनसाङ्ख्यिक लाभलाई मुलुकको विकासमा उपयोगको उच्च सम्भावना
- लगानी केन्द्रित गर्न सहज वातावरण निर्माण
- प्राकृतिक, भौगोलिक, जैविक, पर्यावरणीय तथा सामाजिक साँस्कृतिक विविधताको बहुआयामिक उपयोग
- निजी क्षेत्रको लगानी, व्यावसायिकता र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि र सामुदायिक क्षेत्रको उत्पादनशील क्षेत्रमा परिचालनद्वारा राष्ट्रिय पुँजी निर्माण

## २.४ राष्ट्रिय लक्ष्य

उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने



# २.५. प्रमुख परिमाणत्मक लक्ष्यहरू

## २.५.१ समृद्धिका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक

### १. उच्च र समतामूलक राष्ट्रिय आय

#### १.१ औद्योगिक राष्ट्रको स्तरको उच्च आय

**आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)**

| आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| ६.८% | ८.५% | ९.६% | ९.९% | ९.६% | १०.३% |

(आ.व. २०७६/७७ – २०८०/८१: लक्ष्य वर्ष)

**प्रतिव्यक्ति कुल राष्ट्रिय आय** (अमेरिकी डलर)

| आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|
| १,०४७ | १,५९५ |

#### १.२ गरिबीको अन्त्य

गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी)

| आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|
| १८.७% | ९.५% |

#### १.३ राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा

**आम्दानीमा माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात** (अनुपात)

| आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|
| १.३ | १.२५ |

**सम्पत्तिमा आधारित जिनी गुणक** (गुणक)


| आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|
| ०.३१ | ०.२९ |

### २. मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग


#### २.१ स्वस्थ र लामो आयु भएका नेपाली

| सूचक | एकाइ | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|---|
| अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७२ |
| मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | सङ्ख्या | २३९ | ९९ |
| ५ वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | ३९ | २४ |
| किशोरी अवस्थाको प्रजनन (१९ वर्ष मुनि) | प्रतिशत | १३ | ६ |

### २.२ गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिक





### २.३ उत्पादनशील र मर्यादित रोजगारी





## ३. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता

### ३.१ सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात




पुनश्च : *कालोपत्रे भएको सडक मात्र।

### ३.२ पूर्वाधारमा पहुँच तथा आबद्धता



## ४. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व

■ आ.व. २०७५/७६ (स्थिति)
■ आ.व. २०८०/८१ (लक्ष्य वर्ष)

### ४.१ अर्थतन्त्रमा क्षेत्रगत योगदान

| | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| प्राथमिक क्षेत्र (कृषि, वन र खानी) | २७.६% | २३.०% |
| द्वितीय क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत, ग्यास र पानी तथा निर्माण) | १४.६% | १८.१% |
| तृतीय क्षेत्र (सेवा) | ५७.८% | ५८.९% |

### ४.२ स्वच्छ ऊर्जाको उत्पादन तथा उपभोग

| | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| विद्युत उत्पादन (जडित क्षमता) | १,२५० मेगावाट | ५,८२० मेगावाट |
| प्रतिव्यक्ति विद्युत उपभोग | २४५ किलोवाट घण्टा | ७०० किलोवाट घण्टा |

### ४.३ व्यापार सन्तुलन

| | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| वस्तु तथा सेवाको निर्यात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | ९% | १५.७% |
| वस्तु तथा सेवाको आयात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | ५०.८ | ५१ |

९ मेगावाट | १५.७ मेगावाट

### ४.४ राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व

| | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| श्रम उत्पादकत्व | रू. १८४.६ | रू. २७६ |
| सिँचाइयोग्य भूमिमध्ये वर्षैभरि सिँचाइ सुविधा पुगेको भूमि | ३३% | ५०% |
| कृषि उत्पादकत्व (प्रमुख बाली) (मे.ट. प्रति हेक्टर) | ३.१ | ४ |
| प्रति पर्यटक खर्च (प्रति दिन) | $ ४८ | $ १०० |

## २.५.२ सुखका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक

■ आ.व. २०७५/७६ (स्थिति)
■ आ.व. २०८०/८१ (लक्ष्य वर्ष)

### १. परिष्कृत तथा मर्यादित जीवन

#### १.१ नागरिक स्वस्थता तथा सन्तुष्टि

| सूचक | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| मानव विकास सूचकाङ्क | ०.५७९ | ०.६२४ |
| नागरिक सन्तुष्टिको अनुभूति सूचकाङ्क | ४.७ | ५.१ |
| बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | २८.६% | ११.५% |
| ५ वर्ष मुनिका कम तौल भएका बालबालिका | २७% | १५% |
| ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घर-परिवार | ४९% | ८०% |

#### १.२ सुरक्षित तथा सुविधासम्पन्न आवास

प्रतिशत

| सूचक | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या | ४० | ६० |
| आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | ८९ | ९९ |
| उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | २१ | ४० |

#### १.३ भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व

| सूचक | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | ८५.३% | ८९% |
| सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसङ्ख्या | ४.४% | २०% |

### २. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज

#### २.१ विभेद, हिंसा र अपराधमुक्त समाज

| सूचक | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| लैङ्गिक विकास सूचकाङ्क | ०.८९७ | ०.९६३ |
| लैङ्गिक असमानता सूचकाङ्क | ०.४७६ | ०.३९ |
| जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसा पीडित महिला | २४.४% | १३% |
| दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | ८८.९ | १०० |

| | |
|---|---|
| आ.व. २०७५/७६ (स्थिति) | |
| आ.व. २०८०/८१ (लक्ष्य वर्ष) | |

## २.२ सामाजिक-सांस्कृतिक विविधता

सङ्ख्या

| | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| मातृभाषामा पठनपाठन हुने विद्यालय | २७० | ३२४ |
| विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदा | १० | १२ |

## २.३ सामाजिक सुरक्षा तथा संरक्षण

आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या

| आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| १७% | २८% | ३९% | ४७% | ५३% | ६०% |

लक्ष्य वर्ष

राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च

| आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|
| ११.७% | १३.७% |

## ३. स्वस्थ र सन्तुलित पर्यावरण



### ३.१ प्रदुषणमुक्त र स्वच्छ वातावरण

| | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | ७% | १२% |

माइक्रोग्राम प्रति घनमिटर

| | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| वायु प्रदुषणको औसत मात्रा (पि पि एम २.५) | ५० | ४० |



### ३.२ पर्यावरणीय सन्तुलन र दिगो उपयोग

| | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| काठ उत्पादन (घनफिट (लाख)) | १९४ | ३०० |
| वनजंगल घनत्व (रूख प्रति हेक्टर) | ४३० | ४५० |



### ३.३ जलवायु परिवर्तन अनुकूलनशीलता

सङ्ख्या

अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह

| आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| २१७ | २८० | ३५० | ४३० | ४५० | ४६० |

लक्ष्य वर्ष

■ आ.व. २०७५/७६ (स्थिति)
■ आ.व. २०८०/८१ (लक्ष्य वर्ष)

## ४. सुशासन

### ४.१ विधिको शासन

सूचकाङ्क


| सूचक | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| विधिको शासन सूचकाङ्क | ०.५४ | ०.५८ |
| विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | ५१.६ | ६० |
| व्यवसाय सहजीकरण सूचकाङ्क | ६३.२ | ६८ |
| भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क | ३.३ | ३.८ |

### ४.२ सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिता

सूचकाङ्क

| सूचक | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | ३४ | ४१ |

प्रतिशत




'हेलो सरकार' मा प्राप्त उजुरीको फर्छ्यौट

कुल आर्थिक प्रतिष्ठान मध्ये दर्ता नभएका (अनौपचारिक) प्रतिष्ठानको अनुपात

दर्ता भएकामध्ये लेखा राख्ने आर्थिक प्रतिष्ठानको अनुपात

## ५. सबल लोकतन्त्र

(प्रतिशत)

**निर्वाचनमा मतदाताको सहभागिता**




**मुद्दा फैसला**




**फैसला कार्यान्वयन**



## ६. राष्ट्रिय एकता, सुरक्षा र सम्मान

आ.व. २०७५/७६ (स्थिति)
आ.व. २०८०/८१ (लक्ष्य वर्ष)

### ६.१ नेपालीत्वको उच्च भावना

प्रतिशत

राष्ट्रिय परिचय-पत्र प्राप्त गरेका नेपाली नागरिक: – (स्थिति), १०० (लक्ष्य)

सङ्ख्या

नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुक: ३५ (स्थिति), ६० (लक्ष्य)

### ६.२ मानव तथा अन्य सुरक्षा

पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता: ६३% (स्थिति), १००% (लक्ष्य)

आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार: ४८.२% (स्थिति), ८०% (लक्ष्य)


सङ्ख्या

आत्महत्या दर (प्रति लाख जनसङ्ख्यामा): १० (स्थिति), ५ (लक्ष्य)

### ६.३ विपद् उत्थानशील समाज र अर्थतन्त्र

प्रति हजार

विपद्का घटनाबाट प्रभावित जनसङ्ख्या




विपद्का घटनाबाट मृत्यु हुने जनसङ्ख्या


प्रति लाख


१.६ (स्थिति), १ (लक्ष्य)

### ६.४ अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता

प्रतिशत

कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश



## २.६ राष्ट्रिय उद्धेश्य

१

सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु ।



२

गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई परिष्कृत र मर्यादित जीवनयापनको अनुभूति गराउनु ।

३

सामाजिक-आर्थिक रूपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हित संरक्षण गर्नु ।

## २.७ राष्ट्रिय रणनीति

### १. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने



- पूर्वाधार निर्माण, उर्जाको उत्पादन, व्यवसायिक कृषि, उत्पादन मूलक उद्योग र पर्यटनको विकास
- अन्तर्राष्ट्रिय/क्षेत्रिय आर्थिक केन्द्रको रूपमा विकास
- पुँजी, श्रम तथा प्राकृतिक स्रोत साधनको उपयोग

### २. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चिता गर्ने




- स्वास्थ्य सेवामा नागरिकको समतामूलक पहुँच
- गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता
- स्वास्थ्य बिमाको विस्तार
- निःशुल्क शिक्षा, गुणस्तरीय शिक्षा, रोजगारमूलक र जीवनोपयोगी शिक्षाको विकास र विस्तार
- उच्च शिक्षा प्रदान गर्ने क्षेत्रीय केन्द्रको रूपमा विकास

### ३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने




- पुनर्निर्माण लगायत बृहत् तथा निर्माणाधीन ठूला पूर्वाधार आयोजना सम्पन्न
- निर्माण व्यवसायको क्षमता र दक्षता अभिवृद्धि
- भौतिक पूर्वाधार विकास
- आधुनिक, सुरक्षित र दिगो शहर एवम् एकीकृत बस्ती विकास
- विद्युतीय प्रणालीबाट सार्वजनिक सेवा वितरण

### ४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने



- कृषिको यान्त्रीकरण, आधुनिकीकरण, व्यवसायिकीकरण र औद्योगीकरण
- उद्योगहरुको नियमन गरी उत्पादन अभिवृद्धि
- गुणस्तरीय पर्यटन प्रवर्द्धन गरी पर्यटन क्षेत्रको तीव्र विकास

## ५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने



- उत्पादनका साधन, रोजगारी र अवसरमा न्यायोचित पहुँच
- सामाजिक सुरक्षा र संरक्षण कार्यक्रम कार्यान्वयन
- सीमान्तकृत तथा जोखिममा रहेका समुदाय तथा नागरिकको संरक्षणका कार्यक्रम कार्यान्वयन

## ६. गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने



- सुरक्षित, सभ्य र समतामूलक समाज निर्माण सम्बन्धी कार्यक्रम कार्यान्वयन
- सबै प्रकारका अवसरमा समान पहुँच र वितरणमा जोड

## ७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने



- भूमि, वन, जलस्रोत तथा खनिज स्रोतको संरक्षण र परिचालन
- व्यापारिक तथा कृषि वन र गैरकाष्ठ वनजन्य उत्पादनमा वृद्धि
- जलवायू परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण

## ८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय सम्बर्द्धन गर्ने



- चुस्त, पारदर्शी र जवाफदेही सार्वजनिक सेवा
- नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने सेवा सुविधा स्थानीय तहबाट प्रदान
- सार्वजनिक सेवा प्रवाहमा विद्युतीय प्रणाली अवलम्बन तथा अन्तरआबद्धता विकास

## २.८ दिगो विकास लक्ष्यको आन्तरिकीकरण



दिगो विकास लक्ष्यको आन्तरिकीकरण तथा स्थानीयकरणमा विशेष जोड







आर्थिक वृद्धि, रोजगारी, उत्पादन तथा उपभोग, औद्योगीकरण र शहरीकरणसँग सम्बन्धित योजनाका लक्ष्य र रणनीतिहरू

लैंगिक समानता, समावेशीकरण, सुशासन तथा सामाजिक सुरक्षासँग सम्बन्धित लक्ष्य तथा रणनीतिहरू







गरिबी, भोकमरी, खानेपानी र ऊर्जा जस्ता मानव सभ्यताका आधारभूत पक्षसँग सम्बन्धित लक्ष्य तथा रणनीतिहरू

स्वास्थ्य तथा शिक्षा क्षेत्रसँग सम्बन्धित लक्ष्य तथा रणनीतिहरू







प्राकृतिक स्रोत व्यवास्थापन तथा उत्थानशीलतासँग सम्बन्धित लक्ष्य तथा रणनीतिहरू

सार्वजनिक, निजी, सहकारी, सामुदायिक क्षेत्र लगायतका आन्तरिक र बाह्य सरोकारवालासँग समन्वय र साझेदारीसँग सम्बन्धित लक्ष्य तथा रणनीतिहरू



## २.९ विकासमा क्षेत्रगत भूमिका

### २.९.१ सार्वजनिक क्षेत्र

उत्पादनका साधन, रोजगारी र अवसरमा न्यायोचित पहुँचको सुनिश्चितता

सामाजिक सुरक्षा र संरक्षण कार्यक्रमका कार्यान्वयन

नियमन, नीतिगत उत्प्रेरणा र सहजीकरण

#### संघ

- केन्द्रीय योजना, नीति, नियमन, समन्वय र मापदण्ड विकास
- वृहत प्रभाव पार्ने आयोजना कार्यान्वयन प्रदेश र स्थानीय तहमा समन्वय, क्षमता विकास र सहजीकरण
- प्रदेश र स्थानीय अर्थतन्त्रको आधार निर्माणमा सहयोग

#### प्रदेश

- राष्ट्रिय लक्ष्य हासिल हुने गरी नीति तथा कार्यक्रम कार्यान्वयन
- प्रदेश तहको योजना, नीति तथा कार्यक्रमको तर्जुमा, कार्यन्वयन र अनुगमन
- विकास, निर्माण, रोजगारी र सुशासन प्रदेशस्तरीय स्रोत साधनको दिगो व्यवस्थापन

#### स्थानीय तह

- राष्ट्रिय र प्रादेशिक लक्ष्य हासिल हुनेगरी नीति तथा कार्यक्रम कार्यान्वयन
- स्थानीय अर्थतन्त्रको विकास र विस्तार
- आधारभूत सेवा प्रवाह र सुशासन
- ग्रामीण विकास र स्थानीय पूर्वाधार निर्माण



### २.९.२ निजी क्षेत्र

- लगानीमैत्री वातावरण वृद्धि गरी आर्थिक सामाजिक विकासमा सहयोग र सहकार्य अभिवृद्धि
- कृषि, उद्योग, सेवा क्षेत्रमा लगानी
- सार्वजनिक निजी साझेदारी
- संस्थागत सुशासन तथा सामाजिक उत्तरदायित्व



### २.९.३ सहकारी क्षेत्र

- सहकारी मूल्यमान्यता र सिद्धान्त बमोजिम आर्थिक सामाजिक विकासमा सहयोग र सहकार्य
- रोजगारी सिर्जना तथा आय आर्जन र गरिबी निवारणमा सहयोग



### २.९.४ गैरसरकारी संस्था, नागरिक सामाजिक र सामुदायिक क्षेत्र

- सामाजिक शक्ति परिचालन
- गरिबी निवारण, क्षमता अभिवृद्धि, नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तीकरणमा सहयोग
- दुर्गम र पछाडि परेको क्षेत्रको विकास र सेवा प्रवाहमा सहयोग

## २.१० समष्टिगत आर्थिक खाका




### २.१०.१ आर्थिक वृद्धिदर

- औसत **९.६** प्रतिशतको वार्षिक आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य
- कृषिमा **५.४** र उद्योगमा **१४.६** र सेवा क्षेत्रमा **९.९** प्रतिशतको औसत वृद्धि हुने अनुमान


### तालिका २.१०.१.१ कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य


(आ.व. २०७५/७६ को स्थिर मूल्यमा) रू. करोडमा


| क्षेत्रहरू | आधार वर्ष (२०७५/७६) | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| कृषि | ८२,६०१ | ८६,४८७ | ९०८५६ | ९६,००९ | १०१,५७१ | १०७,४३६ |
| गैरकृषि | २२३,५२२ | २४५,६२१ | २७२,९२८ | ३०३,५४७ | ३३,६००३ | ३७४,८४९ |
| उद्योग | ४६,५५८ | ५३,२७५ | ६१,३९९ | ७०,३५२ | ७९,४३४ | ९०,९४५ |
| सेवा | १७६,९६४ | १९२,३४६ | २११,५२९ | २३३,१९६ | २५,६५७० | २८३,९०४ |
| कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष रूपमा मापन गरिएको वित्तीय मध्यस्थता सेवा समेत) | ३०६,१२३ | ३३२,१०८ | ३६३,७८४ | ३९९,५५६ | ४३७,५७४ | ४८२,२८४ |
| कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | २९३,२७४ | ३१८,२९६ | ३४८,८६६ | ३८३,४४५ | ४२०,२५५ | ४६३,५८० |
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ३४६,४३२ | ३७८,३६४ | ४१६,७४३ | ४६०,१४६ | ५०६,९२७ | ५६१,५१९ |

### २.१०.१.२ कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिदरको लक्ष्य

(आ.व. २०७५/७६ को स्थिर मूल्यमा) प्रतिशतमा




### २.१०.१.३ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान

प्रतिशतमा




## २.१०.२ उत्पादकत्व

उत्पादकत्व

↓

राष्ट्रिय, क्षेत्रगत र व्यवसायिक इकाई तहको उतपादकत्व अभिवृद्धि

↓

अनुसन्धान, उन्नत तथा आधुनिक प्रविधिको विकास तथा अबलम्बन र जनशक्ति विकासबाट अर्थतन्त्रको आधुनिकीकरण र सुदृढीकरण

↓

**कृषि**
सिचाइ, सघन उत्पादन र व्यावसायीकरण

**उद्योग**
ऊर्जा उपलब्धता, उद्यमशीलता विकास र क्षमता उपयोग

**सेवा**
व्यवस्थापन सुधार, उच्च प्रविधि तथा ज्ञानमा आधारित सेवा उद्योग

## २.१०.३ सीमान्त पुँजी उत्पादन अनुपात र लगानी

$\Delta I / \Delta Y$ = ४.९

अनुमान

- निर्धारित समयमा आयोजना सम्पन्न हुने
- लागत कटौति तथा उत्पादन अभिवृद्धि
- ठूला पूर्वाधारमा लगानी वृद्धि



### २.१०.३.१ सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी

(आ.व. २०७५/७६ को स्थिर मूल्यमा)


| क्षेत्र | लगानी रु. करोड (प्रतिशत) |
|---|---|
| कृषि | ८,०९,६८ (८.७७) |
| उद्योग | ३२,४४,८१ (३५.१६) |
| सेवा | ५१,७४,८० (५६.०७) |
| कुल | ९२,२९,२९ |

सीमान्त पुँजी उत्पादन अनुपात

**४.९**

### २.१०.३.२ सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी
(आ.व. २०७५/७६ को स्थिर मूल्यमा)

प्रतिशतमा




## २.१०.४ स्रोत-साधनको अनुमान तथा बाँडफाँडका आधार

| | |
|---|---|
| **सार्वजनिक क्षेत्र** | कृषि, औद्योगिक पूर्वाधार, ऊर्जा र भौतिक पूर्वाधारमा लगानी |
| **निजी क्षेत्र** | रोजगारी सिर्जना, अर्थतन्त्रको आधुनिकीकरण र ऊर्जा उत्पादन, पर्यटन, व्यापार, यातायात तथा सञ्चार क्षेत्रको विकास |
| **सहकारी तथा सामुदायिक क्षेत्र** | कृषि, साना तथा मझौला उद्योग, ग्रामीण तथा सामाजिक विकासमा पुँजी परिचालन |

## २.१०.५ सार्वजनिक स्रोत व्यवस्था तथा खर्चको अनुमान

रू. करोडमा

### सार्वजनिक आय

| | |
|---|---|
| १. राजश्व | ७२,४७,६२ |
| २. वैदेशिक सहायता | १७,१४,५६ |
| • वैदेशिक ऋण | ३,२१,४७ |
| • वैदेशिक अनुदान | १३,८३,१० |
| ३. आन्तरिक ऋण | ९,९६,१५ |

### सार्वजनिक व्यय

| | |
|---|---|
| कुल | ९९,५८,३२ |
| चालु | ४५,९६,८२ |
| पुँजीगत | ४०,१५,५२ |
| वित्तीय व्यवस्था | १३,४५,९८ |

## २.१०.६ अन्तरसरकारी वित्त

**कुल राजश्व बाँडफाँड**

रू.
**६,६९,३६**
करोड

**कुल अनुदान**

रू.
**१७,०१,३०**
करोड

**योजना अवधिको कुल अन्तरसरकारी वित्त हस्तान्तरण**


रू.
**२३,७०,४०**
करोड

**कुल अनुदान**


| वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपूरक अनुदान | विशेष अनुदान |
| --- | --- | --- | --- |
| रू. ७६,७३६ करोड | रू. ७६,७३३ करोड | रू. ९,४९० करोड | रू. ७,१४४ करोड |

### २.१०.६.१ अन्तरसरकारी वित्तको प्रक्षेपण

**१. संघीय विभाज्य कोषबाट राजस्व बाँडफाँड**




**२ अनुदान**



आ.व. २०७५/७६ (स्थिति)
आ.व. २०८०/८१ (लक्ष्य वर्ष)

## २.१०.७ समष्टिगत अर्थतन्त्रमा पर्ने प्रभाव

### २.१०.७.१ बचत तथा लगानी, सार्वजनिक वित्त र मौद्रिक तथा बाह्य क्षेत्र

(कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)

**१. बचत तथा लगानी**

| | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| कुल गार्हस्थ्य बचत | २०.५% | २२% |
| कुल राष्ट्रिय बचत | ५२.४% | ४७.५% |
| कुल स्थिर पुँजी लगानी | ३६.९% | ४१.६% |

**२. सार्वजनिक वित्त**

प्रतिशत

| | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| कुल बजेट | ३४.९ | ४३.३ |
| चालु खर्च | १९.९ | १७.९ |
| पुँजीगत खर्च | १०.६ | १८.६ |
| वित्तीय व्यवस्था | ४.४ | ६.८ |
| राजस्व | २४.८ | ३० |
| वैदेशिक ऋण | ३.७ | ५.७ |
| आन्तरिक ऋण | २.८ | ४.३ |

**३. मौद्रिक क्षेत्र** | **४. बाह्य क्षेत्र**

| | आ.व. २०७५/७६ (स्थिति) | आ.व. २०८०/८१ (लक्ष्य वर्ष) |
|---|---|---|
| मुद्रास्फीति* | ४.६% | ६% |
| वस्तु तथा सेवाको निर्यात | ८.२% | १५% |
| वस्तु तथा सेवाको आयात | ४६.८% | ४९% |
| विप्रेषण | २५.४% | २२.१% |
| वैदेशिक लगानी | ३% | ०.५% |

पुनश्च: * वार्षिक औसत वृद्धिदर ।



परिच्छेद

# ३

# समष्टिगत अर्थतन्त्र

# ३.१. बचत

## सोच

बचत परिचालन मार्फत आत्मनिर्भर र समुन्नत अर्थतन्त्र निर्माण ।

## लक्ष्य

बचत परिचालनमा संरचनात्मक सुधार गरी लगानी वृद्धि गर्ने ।

## उद्देश्य

बचत क्षमता अभिवृद्धि र परिचालनको वातावरण निर्माण गरी बचत अभिवृद्धि गर्नु ।

## रणनीति


१) रोजगारी र आय-आर्जनका अवसर वृद्धि गरी बचत गर्ने क्षमता अभिवृद्धि गर्ने ।

२) घर-परिवार, निजी क्षेत्र र सहकारी तथा सामुदायिक संस्थालाई बचत गर्न प्रोत्साहन र आकर्षण गर्ने ।

३) वित्तीय प्रणालीको विकास तथा अनौपचारिक क्षेत्रको नियमन मार्फत बचत परिचालन गर्ने ।

४) बचत अभिवृद्धि तथा परिचालनमा अन्तरसरकारी तथा अन्तरक्षेत्रगत समन्वय र सहकार्य अभिवृद्धि गर्ने ।

## अपेक्षित उपलब्धि



# ३.२ सार्वजनिक वित्त

## ३.२.१ सार्वजनिक खर्च

### सोच

सार्वजनिक खर्चको कुशल र नतिजामूलक व्यवस्थापनद्वारा समृद्ध अर्थतन्त्र निर्माण ।

### लक्ष्य

सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने ।

### उद्देश्य

सार्वजनिक खर्चको विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासन कायम गर्नु ।

### रणनीति


१) संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक खर्च प्रणाली सुदृढ गरी नतिजामूलक बनाउने ।

२) सार्वजनिक खर्चलाई आर्थिक तथा सामाजिक पुँजी निर्माणका क्षेत्रमा विनियोजन गर्ने ।

३) न्यायोचित, सन्तुलित र परिपूरक रूपमा अन्तरसरकारी वित्त व्यवस्थापन गर्ने ।

४) सार्वजनिक खर्च प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई थप पारदर्शी बनाउने ।

### अपेक्षित उपलब्धि



## ३.२.२ राजस्व

### सोच

सुदृढ र प्रगतिशील राजस्व प्रणालीको विकास गरी समृद्ध अर्थतन्त्र निर्माण ।

### लक्ष्य

आन्तरिक उत्पादन र आयमा आधारित करको वृद्धि गर्दै कुल गार्हस्थ्य उत्पादनको अनुपातमा एक तिहाइ राजस्व पुर्‍याउने ।

### उद्देश्य

उत्पादन तथा करदातामैत्री एवम् स्वच्छ, पारदर्शी र प्रगतिशील कर प्रणालीको विकास तथा स्वैच्छिक कर सहभागिताबाट अधिकतम राजस्व परिचालन गर्नु ।

### रणनीति

१) सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने ।

२) राजस्व प्रशासनको विस्तार तथा आधुनिकीकरण गरी कुशल, व्यावसायिक र स्वच्छ बनाउने ।

३) संघीय प्रणाली अनुरूप राजस्व प्रशासनको संरचनागत र प्रणालीगत सुधार गर्ने ।

४) आर्थिक विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई थप लगानी/व्यवसायमैत्री बनाउने ।

५) कर संरचना र दरमा सुधार गरी कर प्रणालीलाई थप सरल र समन्यायिक बनाउने ।

### अपेक्षित उपलब्धि

२४.८%
२०७५/७६
आधार वर्ष

३०%
२०८०/८१
लक्ष्य

कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व

५.६%
२०७५/७६
आधार वर्ष

१०%
२०८०/८१
लक्ष्य

कुल गार्हस्थ्य उत्पादनको अनुपातमा आयकर

## ३.२.३ अन्तर्राष्ट्रिय विकास सहायता

### सोच

अन्तर्राष्ट्रिय विकास सहायताको प्रभावकारी परिचालन मार्फत विकास र समृद्ध अर्थतन्त्र निर्माण ।

### लक्ष्य

मुलुकको आवश्यकता र प्राथमिकताका क्षेत्रमा अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन अभिवृद्धि गरी राष्ट्रिय क्षमता अभिवृद्धि गर्दै विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने ।



### उद्देश्य

विकास सहायताको छनोटपूर्ण उपयोग मार्फत मुलुकलाई विकास वित्तमा क्रमशः आत्मनिर्भर उन्मुख बनाउनु ।

### रणनीति

१) राष्ट्रिय आवश्यकता, नीति तथा प्राथमिकताका आधारमा विकास सहायता परिचालन गर्ने ।

२) विकास सहायता प्रभावकारिता सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् राष्ट्रिय नीति अनुरूप परिचालन गर्ने ।

३) संघीय संरचना बमोजिम विकास सहायता प्रणाली रूपान्तरण गरी प्रादेशिक सन्तुलन र समन्यायिकताको सिद्धान्त अनुरूप उपयोग गर्ने ।

### अपेक्षित उपलब्धि

विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा आबद्ध भएको हुनेछ ।
राष्ट्रिय आवश्यकता, नीति र प्राथमिकताका क्षेत्रहरुमा सहायता परिचालन भएका हुनेछ ।

## ३.२.४ सार्वजनिक ऋण

### सोच

सार्वजनिक ऋणको प्रभावकारी परिचालन गरी सबल अर्थतन्त्र निर्माण ।

### लक्ष्य

समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै राष्ट्रिय पूर्वाधार र उत्पादनशील क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने ।

### उद्देश्य

सार्वजनिक ऋणको प्रभावकारी व्यवस्थापन गरी रोजगारी, पुँजी निर्माण र आर्थिक वृद्धिमा योगदान पुऱ्याउनु ।

### रणनीति

१) मुलुकले धान्न सक्ने गरी उच्च प्रतिफलयुक्त क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने ।
२) नीतिगत, कानूनी र संरचनागत सुधार गर्ने ।
३) संघीय प्रणाली अनुरूप ऋण व्यवस्थापन सम्बन्धी उपकरण तथा स्रोतको विविधीकरण गर्ने ।

### अपेक्षित उपलब्धि

वार्षिक सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४.३ प्रतिशत भित्र रहेको हुनेछ। ऋण परिचालनबाट उच्च आर्थिक वृद्धिमा योगदान पुगेको हुनेछ ।

## ३.२.५ अन्तरसरकारी वित्त

### सोच

वित्तीय संघीयता मार्फत समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण।

### लक्ष्य

देशभित्र उपलब्ध सबै प्रकारका वित्तीय स्रोत र साधनको समतामूलक र न्यायोचित परिचालन गर्ने।

### उद्देश्य

१) संघ, प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता सम्बोधन हुने गरी न्यायोचित, सन्तुलित र परिपूरक रूपमा स्रोत उपलब्ध गराउनु।
२) तीन तहको वित्तीय आकार वृद्धि गर्नु।

### रणनीति

१) एकल तथा साझा कार्य जिम्मेवारी सामञ्जस्यपूर्ण ढङ्गबाट पूरा गर्न स्रोत व्यवस्थापन गर्ने।
२) अन्तरसरकारी वित्त हस्तान्तरणलाई पारदर्शी, अनुमानयोग्य र न्यायोचित बनाउने।
३) सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्ने।
४) वित्तीय सुशासन कायम गर्ने।

### अपेक्षित उपलब्धि

अन्तरसरकारी वित्त हस्तान्तरण पारदर्शी भएको हुनेछ।
अनुमान योग्य र न्यायोचित भएको हुनेछ।
तीन तहमा वित्तीय अन्तरआबद्धता भएको हुनेछ।

## ३.३ सार्वजनिक संस्थान

### सोच

सबल र प्रतिस्पर्धी सार्वजनिक संस्थान मार्फत आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण।

### लक्ष्य

सार्वजनिक संस्थानको कुशल र प्रभावकारी व्यवस्थापन गरी अत्यावश्यक, सार्वजनिक र एकाधिकार रहेका वस्तु तथा सेवाको प्रतिस्पर्धी, गुणस्तरीय तथा सर्वसुलभ उपलब्धता कायम गर्ने।

### उद्देश्य

सार्वजनिक संस्थानमा सुधार गरी गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन, वितरण र उपभोगमा नागरिकको पहुँच स्थापित गर्नु।

### रणनीति

१) आवश्यकता र उपादेयताका आधारमा सार्वजनिक संस्थानको पुनर्संरचना र स्थापना तथा विनिवेश गर्ने।

२) कानूनी तथा संस्थागत सुधार र आधुनिकीकरण गरी सार्वजनिक संस्थानको सञ्चालन, व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाउने।

### अपेक्षित उपलब्धि

सार्वजनिक संस्थानको नियमनकारी निकायको स्थापना भएको हुनेछ।
संस्थानबाट उत्पादित र वितरित वस्तु तथा सेवाको गुणस्तरमा सुधार आउनेछ।
नागरिकको पहुँच अभिवृद्धि भएको हुनेछ।

# ३.४ मौद्रिक तथा वित्तीय क्षेत्र

## सोच

गतिशील, विश्वसनीय र उत्पादनशील मौद्रिक तथा वित्तीय क्षेत्र ।

## लक्ष्य

उच्च, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्न आन्तरिक तथा बाह्य स्थायित्व कायम गर्दै आवश्यक वित्तीय स्रोत सुनिश्चित गर्ने ।

## उद्देश्य

१) मुद्रास्फीति नियन्त्रण, शोधनान्तर बचत एवम् वित्तीय स्थायित्व हासिल गर्नु ।

२) प्राथमिकता प्राप्त क्षेत्रमा वित्तीय साधनको उपलब्धता बढाउनु ।

३) भुक्तानी प्रणालीलाई सुरक्षित, स्वस्थ र विश्वसनीय बनाउनु ।

## रणनीति


१) मौद्रिक तथा वित्तीय नीतिको प्रभावकारिता अभिवृद्धि गर्ने ।

२) प्राथमिकता प्राप्त क्षेत्रमा वित्तीय स्रोत-साधन परिचालन गर्ने ।

३) नवीनतम प्रविधिको अवलम्बन र वित्तीय साक्षरता मार्फत वित्तीय पहुँच विस्तार गर्ने ।

४) सुरक्षित, आधुनिक र विद्युतीय भुक्तानी प्रणालीको विकास गर्ने ।

## अपेक्षित उपलब्धि



## ३.५ मूल्य नीति

### सोच

मूल्य स्थिरता मार्फत
समष्टिगत आर्थिक स्थायित्व ।

### लक्ष्य

उच्च मूल्य वृद्धि नियन्त्रण गर्दै
बजार प्रतिस्पर्धाको सुदृढीकरण मार्फत
मूल्य स्थिरता कायम गर्ने ।

### उद्देश्य

मूल्य वृद्धिलाई वाञ्छित सीमामा
राखी नेपाली मुद्राको क्रयशक्ति
खस्कन नदिनु र प्रतिस्पर्धात्मक
क्षमता बढाउनु ।

### रणनीति

१) नीतिगत, कानूनी र संरचनागत व्यवस्था मार्फत मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्ने ।
२) उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आपूर्ति व्यवस्थालाई सहज बनाउने ।
३) अत्यावश्यक वस्तु तथा सेवाको सहज आपूर्ति गर्दै उपभोक्ताको क्रयशक्तिमा सुधार ल्याउने ।
४) बजार अनुगमन तथा नियमन प्रणालीलाई सुदृढ गरी एकाधिकार, कालोबजारी, सिन्डिकेट तथा बिचौलियाको अन्त्य गर्ने ।

### अपेक्षित उपलब्धि

मूल्य वृद्धिदर ६ प्रतिशतमा
सीमित रहेको हुनेछ ।

# ३.६ वैदेशिक व्यापार, शोधनान्तर र विदेशी विनिमय

## सोच

सन्तुलित वैदेशिक व्यापार, पर्याप्त विदेशी मुद्रा सञ्चिति र बाह्य क्षेत्र स्थायित्व सहितको सुदृढ अर्थतन्त्र।

## लक्ष्य

निर्यात प्रवर्द्धन, वैदेशिक व्यापार सन्तुलन र शोधानान्तर बचत कायम गर्ने।



## उद्देश्य

१) उत्पादन अभिवृद्धि, आयात व्यवस्थापन तथा निर्यात प्रवर्द्धनको लागि देशगत तथा वस्तुगत विविधीकरण गरी व्यापार घाटा कम गर्नु।

२) विदेशी विनिमय तथा बाह्य क्षेत्र स्थिरता र लक्षित विदेशी मुद्रा सञ्चिति कायम गर्नु।

## रणनीति

१) तुलनात्मक लाभका क्षेत्रको विकास गरी उत्पादन अभिवृद्धि गर्ने।

२) उत्पादन अभिवृद्धि र अनावश्यक आयात नियन्त्रण गरी आयात व्यवस्थापन गर्ने।

३) वस्तुगत तथा देशगत निर्यात बजार विस्तार तथा विविधीकरण गर्ने।

४) शोधानान्तर स्थिति र बाह्य क्षेत्र सन्तुलन कायम गर्ने।

## अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **विदेशी विनिमय सञ्चिति पर्याप्तता** (वस्तु तथा सेवाको आयात धान्ने अवधि) | ७.८ महिना | ७ महिना |
| **कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवा निर्यातको अनुपात** (प्रतिशत) | ९.० | १५.७ |
| **कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवा आयातको अनुपात** (प्रतिशत) | ५०.८ | ५१.० |

# ३.७ बिमा

## सोच

सुदृढ र विस्तारित बिमा सेवाबाट उत्थानशील समाज र अर्थतन्त्र निर्माण ।

## लक्ष्य

अन्तर्राष्ट्रिय प्रचलन र अभ्यास अनुरूप बिमा सेवाको विकास एवम् विस्तार गरी आर्थिक, प्राकृतिक, सामाजिक एवम् अन्य कारणबाट उत्पन्न हुने जोखिमलाई बिमाको दायरामा ल्याई वित्तीय जोखिम न्यूनीकरण गर्ने ।

## उद्देश्य

बिमा क्षेत्रलाई प्रभावकारी र दिगो बनाई समाजका सबै तह र कारोबारमा बिमा सेवाको पहुँच पुऱ्याउनु ।

## रणनीति

१) बिमा सेवालाई प्रभावकारी र प्रतिस्पर्धी बनाउन तथा बीमितको हकहित सुनिश्चित गर्न नीतिगत, कानूनी र संस्थागत सुधार गर्ने ।

२) अन्तर्राष्ट्रिय प्रचलन, अभ्यास तथा मापदण्डको आधारमा बिमा सेवा प्रदान गर्ने ।

३) बिमा व्यवसायलाई सामाजिक संरक्षणको आधारस्तम्भको रूपमा विकास गर्ने ।

## अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **जीवन बिमामा आबद्ध जनसङ्ख्या** (प्रतिशत) | १९ | ४५ |
| **कृषि बिमामा आबद्ध कृषक** (प्रतिशत) | १ | १० |

## ३.८ पुँजी बजार

### सोच

स्वच्छ, प्रतिस्पर्धी र फराकिलो धितोपत्र तथा वस्तु विनिमय बजार मार्फत राष्ट्रिय पुँजी निर्माण ।

### लक्ष्य

सबल, गतिशील र विश्वसनीय धितोपत्र तथा वस्तु विनिमय बजारको विकास मार्फत लगानी आकर्षित गर्ने ।

### उद्देश्य

धितोपत्र तथा वस्तु विनिमय बजारलाई पहुँचयोग्य, स्वच्छ र विश्वसनीय बनाउनु ।


### रणनीति

१) धितोपत्र तथा वस्तु विनिमय बजारलाई स्वच्छ, प्रतिस्पर्धी र विश्वसनीय बनाउनुका साथै क्षेत्र तथा दायरा अभिवृद्धि गर्ने ।

२) कानूनी, संस्थागत र संरचनागत सुधार गरी धितोपत्र तथा वस्तु विनिमय बजारलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने ।

३) साना र स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ताको आकर्षण बढाउने ।

### अपेक्षित उपलब्धि




सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसङ्ख्या


रु

परिच्छेद

# ४

# निजी तथा सहकारी क्षेत्र



# ४.१. निजी क्षेत्र

## सोच

आर्थिक समृद्धिको सम्वाहकका रूपमा निजी क्षेत्र ।

## लक्ष्य

निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता र उत्पादकत्व अभिवृद्धि गरी तीव्र आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने ।

## उद्देश्य

१) लगानी अभिवृद्धि तथा रोजगारी सिर्जना गर्दै उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन र सहजीकरण गर्नु ।

२) व्यावसायिक र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्दै आयात व्यवस्थापन र निर्यात प्रवर्द्धन गर्नु ।

## रणनीति

१) निजी क्षेत्रलाई उद्योग क्षेत्रको अग्रणी भूमिकामा स्थापित गर्ने ।

२) कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र औद्योगीकरण गर्न अभिप्रेरित गर्ने ।

३) अन्य क्षेत्रसँगको सहकार्यमा सेवा क्षेत्रलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउने ।


४) गुणस्तर, प्रतिस्पर्धात्मक क्षमता र विश्वसनीयता अभिवृद्धि गर्ने ।

५) पूर्वाधार निर्माणमा निजी क्षेत्रको स्रोत, सीप, प्रविधि र व्यवस्थापनको उपयोग गर्ने ।

६) लगानी, उत्पादन र रोजगारी अभिवृद्धि गर्न नीतिगत, कानूनी र प्रक्रियागत सुधार गर्ने ।

## अपेक्षित उपलब्धि

**निजी क्षेत्रको लगानी** (रू. अर्ब)




आ. व. २०७५/७६ को स्थिर मूल्यमा क्रमश

वार्षिक
**३ लाख ५० हजार**
थप रोजगारी सिर्जना

## ४.२ सहकारी क्षेत्र

### सोच

आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारी ।

### लक्ष्य

स्वावलम्बन तथा पारस्परिकताको आधारमा उत्पादनमुखी, दिगो एवम् न्यायोचित आर्थिक सम्बन्धको विकास गर्ने ।

### उद्देश्य

१) सहकारी मार्फत लक्षित तथा विपन्न वर्गलाई आर्थिक तथा सामाजिक सशक्तीकरणको प्रक्रियामा सहभागी गराउनु ।
२) सहकारी मूल्य र सिद्धान्तको अनुसरण तथा पारस्पारिकता र स्वावलम्बनको संस्कार विकास र सुशासन कायम गर्नु ।
३) बहुउत्पादन, प्रशोधन तथा बजारीकरणतर्फ उन्मुख गराउन सहकारी संघसंस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

### रणनीति

१) सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहन गर्ने ।
२) गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने व्यावसायिक आयोजनालाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउने ।
३) सहकारी क्षेत्रको नीतिगत र संस्थागत प्रबन्ध मजबुत बनाउने ।
४) सहकारी शिक्षा, नेतृत्व विकास एवम् व्यवस्थापन तालिमलाई व्यापक तुल्याउने ।
५) एकीकृत अनुगमन प्रणालीको विकास गर्ने ।
६) कृषि, बायोग्यास प्लान्ट र सहकारी क्षेत्रबाट उत्पादित वस्तुको प्रयोगको लागि प्रोत्साहन गर्ने ।

### अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **सहकारीमा पहुँच (घरबाट ३० मिनेटभित्रको पहुँच भएको घरपरिवार)** (प्रतिशत) | ६० | ७१ |
| **सहकारी क्षेत्रबाट कर्जा प्रवाह** (रू. अर्बमा) | ३३३ | ३९३ |

वार्षिक थप
**१७ हजार**
प्रत्यक्ष रोजगारी सिर्जना

## ४.३ सार्वजनिक-निजी साझेदारी

### सोच

सार्वजनिक-निजी साझेदारीको माध्यमद्वारा उत्पादनशील र रोजगारमूलक आर्थिक वृद्धि ।

### लक्ष्य

सार्वजनिक-निजी साझेदारीको लगानी अभिवृद्धि गरी थप स्रोत एवम् व्यवस्थापकीय सीप परिचालन गर्ने ।

### उद्देश्य

सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गरी पूर्वाधार र सेवाका क्षेत्रमा साझेदारी अभिवृद्धि गर्नु ।

### रणनीति

१) नीति, कानून र संस्थागत संरचनाको प्रबन्ध गर्ने ।
२) तीनै तहका सरकारबाट लगानीमैत्री वातावरण र लगानीको सुरक्षा प्रत्याभूति गर्ने ।
३) सार्वजनिक-निजी साझेदारीमा स्वदेशी पुँजी परिचालनलाई प्रोत्साहन गर्ने ।
४) राष्ट्रिय आयोजना बैंकबाट सार्वजनिक-निजी साझेदारीका आयोजना कार्यान्वयनमा प्राथमिकता दिने ।

### अपेक्षित उपलब्धि

**रू. ७ खर्ब ५० अर्ब**
लगानी

## ४.४ वैदेशिक लगानी

### सोच

वैदेशिक लगानी परिचालन मार्फत् प्रतिस्पर्धी एवम् गतिशील राष्ट्रिय अर्थतन्त्र निर्माण ।

### लक्ष्य

वैदेशिक लगानी आकर्षण र अभिवृद्धि गरी उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने ।

### उद्देश्य

१) नेपालमा भित्रिने प्रत्यक्ष वैदेशिक लगानीलाई उच्च र दिगो बनाउनु ।
२) वैदेशिक लगानीको माध्यमबाट पुँजी, प्रविधि, प्राविधिक सीप तथा व्यवस्थापकीय कौशल भित्र्याउनु ।
३) उपयोगमा नआएका प्राकृतिक स्रोतको उपयोग र पूर्वाधार विकास गर्नु ।

### रणनीति

१) कानूनी, संरचनागत तथा प्रक्रियागत सुधार र सरलीकरण गरी लगानीमैत्री वातावरण सिर्जना गर्ने ।
२) तुलनात्मक लाभ, उत्पादनमूलक तथा रोजगारमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने ।
३) स्थानीय स्रोत-साधन र सीपको उपयोग तथा प्रादेशिक सन्तुलन कायम हुने गरी लगानी परिचालन गर्ने ।
४) वैदेशिक लगानी परिचालनको लागि आर्थिक कूटनीति उपयोग गर्ने ।
५) लगानीको प्रवेश, अनुमति, सञ्चालन, बहिर्गमन सम्मका सेवा र सुविधा एकै स्थानबाट उपलब्ध गराउने ।

### अपेक्षित उपलब्धि

**रू. २ खर्ब ६० अर्ब**

लगानी

# ४.५ विप्रेषण

## सोच
विप्रेषण आयको दिगो र उत्पादनमूलक उपयोगबाट गरिबी निवारण र आर्थिक समृद्धि ।

## लक्ष्य
तीव्र आर्थिक वृद्धि र आन्तरिक रोजगार अभिवृद्धिमा सहयोग पुर्‍याउने ।


## उद्देश्य
१) विप्रेषणको अधिकतम बचत गरी उत्पादनशील क्षेत्रमा लगानी गर्नु ।
२) विप्रेषण आयलाई बैंकिङ प्रणाली मार्फत भित्र्याउनु ।

## रणनीति
१) विप्रेषण आयको बचत र पुँजी निर्माण गर्न नीतिगत तथा संस्थागत व्यवस्था गरी प्रवर्द्धनात्मक र सचेतनामूलक कार्य गर्ने ।
२) विप्रेषणलाई औपचारिक बैंकिङ प्रणाली मार्फत भित्र्याई पुँजीको उपलब्धता बढाउने ।

## अपेक्षित उपलब्धि

योजना अवधिमा
**रू. ५५ खर्ब ९२ अर्ब**
विप्रेषण आप्रवाह

**कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको अनुपात** (प्रतिशत)



## ४.६ उद्यमशीलता विकास

### सोच

उद्यमशील संस्कृति, उद्यमी जनता।

### लक्ष्य

सीपको विकास, प्रविधिको उपयोग र स्रोतको परिचालन गरी उद्यमशीलताको विकास गर्ने।

### उद्देश्य

१) उद्यमशील र स्वरोजगारमूलक सीपको विकास गर्नु।
२) नवीनतम र परम्परागत प्रविधि उपयोग गर्ने उद्यमशील जनशक्ति विकास गर्नु।
३) उपलब्ध स्रोत-साधन, स्थानीय पुँजी र प्रविधि परिचालन गरी रोजगारीका अवसर वृद्धि गर्नु।

### रणनीति

१) युवा उद्यमीलाई आकर्षित गर्न नीतिगत, संस्थागत, कानूनी तथा प्रक्रियागत सुधार गर्ने।
२) निजी, सहकारी एवम् गैरसरकारी क्षेत्रसँगको सहकार्यमा स्थानीय स्तरका स्रोत-साधन र सीपको पहिचान, विकास र परिचालन गर्ने।
३) परम्परागत ज्ञान र सीपलाई नवीनतम प्रविधि र उद्योग व्यवसायसँग आबद्ध गर्ने गरी युवा उद्यमशीलता प्रवर्द्धन गर्ने।
४) लघु, घरेलु तथा साना उद्योगमा वित्तीय पहुँच र लगानीको वातावरण सिर्जना गर्ने।

### अपेक्षित उपलब्धि

तालिम प्राप्त जनसङ्ख्याको हिस्सा ५०%

वार्षिक **१५ हजार** उद्योग स्थापना

वार्षिक **६० हजार** थप रोजगारी सिर्जना

प्रत्येक प्रदेशमा **१/१** वटा व्यवसाय विकास केन्द्र स्थापना



परिच्छेद

# ५

# आर्थिक क्षेत्र



# ५.१. कृषि तथा प्राकृतिक स्रोत

## ५.१.१. कृषि

### सोच

खाद्य र पोषण सुरक्षा तथा खाद्य संप्रभुता सहितको दिगो, प्रतिस्पर्धी एवम् समृद्ध कृषि अर्थतन्त्र।

### लक्ष्य

प्रतिस्पर्धी, जलवायु अनुकूल, आत्मनिर्भर एवम् निर्यातमुखी उद्योगको रूपमा कृषि क्षेत्रलाई रूपान्तरण गर्दै समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने।

### उद्देश्य

१) उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु।

२) कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु।

३) व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्नु।

### रणनीति

१) संघ, प्रदेश र स्थानीय तह तथा सरोकारवालासँगको समन्वय तथा सहकार्यमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

२) कृषि शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत गर्दै प्रभावकारी बनाउने।

३) निजी क्षेत्रको लगानी वृद्धि गर्न नीति तथा संरचनागत सुधार र सहयोग तथा सहजीकरण गर्ने।

४) कृषि पूर्वाधार, बजार सूचना प्रणाली, उद्यमशीलता र गुणस्तर कायम गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने।

५) कृषकको प्राविधिक, व्यावसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै अधिकार संरक्षण गरी नाफामूलक बनाउने।

६) तुलनात्मक लाभ एवम् उच्च मूल्यका कृषि उपजको बजारीकरण गरी निर्यात प्रवर्द्धन गर्ने।

७) जलवायु अनुकूलन तथा उत्थानशील प्राङ्गारिक लगायतका कृषि प्रविधिको विकास र विस्तार गर्ने।

### अपेक्षित उपलब्धि

| अपेक्षित उपलब्धि | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **कृषि श्रम उत्पादकत्व (अमेरिकी डलर)** (प्रतिव्यक्ति प्रति हेक्टर) | ५४९ | ७१५ |
| **कृषियोग्य जमिनको उत्पादकत्व** (अमेरिकी डलर प्रति हेक्टर) | ३,१३४ | ४,३४८ |

**प्रमुख कृषि बाली तथा उपजको उत्पादकत्व** (मे.ट. प्रति हेक्टर)

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| धान | ३.७६ | ४.५ |
| मकै | २.८१ | ४ |
| गहुँ | ३ | ३.५ |
| कोदो | १.२ | १.३ |
| फापर | १.१ | १.२ |
| तरकारी | १४.१ | २० |
| आलु | १६.४ | २२ |
| दलहन | १.२ | १.३ |
| तेलहन | १.१ | १.३ |
| फलफूल | ९.८ | १२ |
| माछा | ४.९ | ६ |

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **दुध** (दुधालु पशु वेत लिटर) | १,०५० | १,४८७ |
| **मासु** (केजी प्रति बध गरिएको पशु) | ७५ | ८५ |
| **अण्डा** (गोटा प्रति पन्छी) | २४५ | २६० |

**प्रमुख बालीहरूको बीउ प्रतिस्थापन दर** (प्रतिशत)

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| १६ | २५ |

**माटोमा जैविक पदार्थको मात्रा** (प्रतिशत)

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| १.९६ | २.४ |

## ५.१.२ खाद्य सुरक्षा तथा पोषण

### सोच

खाद्य सम्प्रभुता, दिगो खाद्य तथा पोषण सुरक्षा सहितको समाज।

### लक्ष्य

खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्ने।

### उद्देश्य

१) खाद्य तथा पोषणको जोखिममा रहेका क्षेत्र र समूहको आधारभूत खाद्य उपलब्धता सुनिश्चित गर्नु।
२) कृषि तथा गैरकृषिजन्य उद्यम मार्फत आय-आर्जनमा सुधार गरी खाद्यमा पहुँच वृद्धि गर्नु।
३) गुणस्तरयुक्त खाद्यवस्तुको वितरण प्रणालीमा सुधार गर्नु।

### रणनीति

१) खाद्य तथा पोषण असुरक्षित क्षेत्र र समूहमा तथ्यमा आधारित एकीकृत योजना सहित खाद्य संकट समाधान गर्ने।
२) कृषि जैविक विविधता संरक्षण र सदुपयोग, जलवायु अनुकूलन प्रविधि विकास गरी खाद्य वस्तुको उपलब्धता र उपयोगमा स्थिरता कायम गर्ने।
३) रैथाने खाद्यबाली तथा पशुपन्छीको संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार तथा खानपानको बानी व्यवहारमा सुधार ल्याउने।
४) गैरकृषिमा आबद्ध नागरिकको आय-आर्जन बढाई खाद्यमा पहुँच बढाउने।
५) सबै प्रदेश तथा स्थानीय स्तरमा जगेडा भण्डारको व्यवस्था गर्ने।
६) तीनै तहमा खाद्य तथा पोषण नियमन प्रणाली विकास तथा संस्थागत गर्ने।

### अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **विश्वव्यापी खाद्य सुरक्षा** (सूचकाङ्क) | ४६ | ६६ |
| **खाद्य उपभोक्ता मूल्य** (सूचकाङ्क) | ३.१ | ४.२ |
| **कुल आयातमा अत्यावश्यक बस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश** (प्रतिशत) | १४.४ | ५ |
| **गम्भीर खाद्य असुरक्षित परिवार** (प्रतिशत) | ७.८ | २ |
| **खाद्य गरिबी** (प्रतिशत) | १० | २ |

## ५.१.३ सिँचाइ

### सोच

दिगो एवम् भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान ।

### लक्ष्य

कृषियोग्य भूमिमा दिगो एवम् भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने ।

### उद्देश्य

१) उपयुक्त प्रविधि मार्फत थप कृषियोग्य भूमिमा सिँचाइ सेवा विस्तार गर्नु ।

२) ठूला, जलाशययुक्त तथा जलस्थानान्तरण बहुउद्देश्यीय आयोजनाको विकास गरी वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउनु ।

३) सम्पन्न सिँचाइ प्रणालीको मर्मत-सम्भार एवम् व्यवस्थापनलाई सुदृढ र दिगो बनाउनु ।

### रणनीति

१) सिँचाइ गुरूयोजना र कृषि विकास रणनीति अनुसार सिँचाइ योजना विकास एवम् विस्तार गर्ने ।

२) नयाँ प्रविधिमा आधारित सिँचाइको विकास तथा दक्षता वृद्धि गर्ने ।

३) तीन वटै तहको समन्वय र सहकार्यमा ठूला बहुउद्देश्यीय, अन्तरजलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने ।

४) भूमिगत सिँचाइ योजनाको विस्तार र उपयोगमा जोड दिने ।

५) सिँचाइ प्रणालीको मर्मत-सम्भार एवम् दिगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने ।

६) नीतिगत सुधार, संस्थागत क्षमता र जनशक्तिको दक्षता अभिवृद्धि गर्ने ।

### अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **कुल सिंचित क्षेत्रफल** (हेक्टर हजारमा) | १,४७३ | १,७७३ |
| **नयाँ प्रविधिको सिँचाइ सुविधा पुगेको भूमि** (हेक्टर हजारमा) | २.४ | ७.० |
| **साना सिँचाइ सुविधा पुगेको क्षेत्रफल** (हेक्टर हजारमा) | २२.० | ४५.० |

## ५.१.४. भूमि व्यवस्था

### सोच

समन्यायिक, उत्पादनमुखी र दिगो भूमि व्यवस्था।

### लक्ष्य

दिगो विकासको अवधारणा अनुरूप भूमि व्यवस्थालाई राष्ट्रको समृद्धिको आधार बनाउने।

### उद्देश्य

१) भूमिको समुचित उपयोग मार्फत उत्पादन वृद्धि र लाभको समन्यायिक वितरण सुनिश्चित गर्नु।

२) शुद्ध एवम् विश्वसनीय नापनक्सा र भौगोलिक सूचना सर्वसुलभ बनाउनु।

३) भूमि व्यवस्थालाई आधुनिक प्रविधियुक्त, सरल र पारदर्शी बनाउनु।

### रणनीति

१) क्षमता, उपयुक्तता र आवश्यकताको आधारमा भूमिको वर्गीकरण तथा उपयोग सुनिश्चित गर्ने।

२) भूमिहीन दलित, कृषक, सुकुम्बासी लगायत सीमान्तकृत वर्गको भूमि माथिको अधिकार र पहुँच सुनिश्चित गर्ने।

३) नापनक्साका आधारभूत पूर्वाधार विकास र शुद्ध तथा विश्वसनीय भू-सूचना सङ्कलन गर्ने।

४) आधारभूत भौगोलिक सूचना तथा विषयगत सूचना तयार गरी उपलब्ध गराउने।

५) सम्पूर्ण जमिनजग्गा प्रशासन प्रणालीमा आबद्ध गर्ने र जग्गाको विस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने।

६) वैज्ञानिक सूचकका आधारमा अचल सम्पत्तिको वस्तुपरक मूल्याङ्कन प्रणाली स्थापना गर्ने।

७) भूमि सम्बन्धी अभिलेखको व्यवस्थित भण्डारण गर्ने र जग्गा प्रशासन सेवा सहज, सरल, विश्वसनीय र पारदर्शी बनाउने।

### अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| **कुल कृषि भूमिमा क्षयीकरणको अनुपात** (प्रतिशत) | १.५ | ०.५ |
| **जग्गाको खण्डीकरणको दर** (प्रतिशत) | ३.०७ | २ |
| **स्थानीय तहको भू-उपयोग नक्सा र डाटा तयारी** (स्थानीय तह) | ३६९ | ७५३ |
| **दूर सम्वेदन विधिबाट स्थलरूप नक्सा अद्यावधिक** (सिट) | २०१ | ६७२ |


## ५.१.५ जलस्रोत

### सोच

जलस्रोतको दिगो उपयोगबाट समृद्ध नेपाल निर्माणमा योगदान ।

### लक्ष्य

जलस्रोतको समन्वयात्मक विकास र बहुआयामिक तथा समन्यायिक उपयोगबाट आर्थिक समृद्धि हासिल गर्ने ।



### उद्देश्य

१) जलस्रोतको बहुआयामिक तथा समन्यायिक उपयोग मार्फत आर्थिक, सामाजिक र वातावरणीय विकास गर्नु ।

२) जलाधार व्यवस्थापन तथा जलउत्पन्न विपद् न्यूनीकरण एवम् व्यवस्थापनबाट क्षति न्यूनीकरण गर्नु ।

### रणनीति

१) नीतिगत तथा संरचनागत सुधार गर्ने ।

२) अन्तरदेशीय नदीको द्विपक्षीय लाभ हुने गरी व्यवस्थापनमा जोड दिने ।

३) जलस्रोत सम्बन्धी अनुसन्धान र विकासलाई गतिशील बनाउन पूर्वाधार तथा क्षमता विकास र अनुसन्धानमूलक संस्था र विश्वविद्यालयसँग सहकार्य गर्ने ।

४) डुबान तथा बाढी पहिरोजन्य विपद्‌को दिगो व्यवस्थापन गर्न संरचनागत तथा गैरसंरचनागत प्रविधिको उपयोग र जनचेतना अभिवृद्धि गर्ने ।

### अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| **तटबन्ध तथा नदी नियन्त्रण संरचना निर्माण** (कि.मि) | – | ४१० |
| **जमिन उकास** (हेक्टर) | – | १,१०० |

## ५.१.६ वन, जैविक विविधता तथा जलाधार

### सोच

वन क्षेत्रको दिगो व्यवस्थापन र उद्यमशीलताबाट समृद्धि र सुखमा योगदान ।

### लक्ष्य

वन, जैविक विविधता तथा जलाधारको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दिगो विकास कायम राख्दै वनजन्य उद्यम तथा पर्यापर्यटनको विकास एवम् वनजन्य वस्तु तथा सेवाको उत्पादन, मूल्य अभिवृद्धि एवम् न्यायोचित वितरण मार्फत अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्ने ।

### उद्देश्य

१) वन, जैविक विविधता तथा जलाधार सम्पदाको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्नु ।
२) यस क्षेत्रको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्नु ।
३) यस क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु ।
४) अध्ययन अनुसन्धान प्रवर्द्धन गरी वनमा आधारित उद्यम विकासमा उपयोग गर्नु ।

### रणनीति

१) पूर्ण क्षमता उपयोग हुने गरी सहभागितामूलक र प्रकृतिमा आधारित पर्यटन विकासबाट वस्तु र सेवाको विस्तार र विविधीकरण गर्ने ।
२) वन सम्पदा तथा जैविक विविधताको भूपरिधिस्तर र एकीकृत संरक्षण तथा व्यवस्थापन गर्ने ।
३) भौतिक पूर्वाधार विकासमा एकीकृत प्रणाली अवलम्बन गर्ने ।
४) नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्ने ।
५) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत गरी लाभको न्यायोचित वितरण गर्ने ।
६) अनुसन्धान निकाय, विश्वविद्यालय र गैरसरकारी संस्थाबीच समन्वय तथा सहकार्य गरी अनुसन्धान, जनचेतना र क्षमता अभिवृद्धि गर्ने ।
७) वन क्षेत्रको दिगो व्यवस्थापनका लागि तीन तहको समन्वयमा कानून निर्माण र कार्यान्वयन गर्ने ।

### अपेक्षित उपलब्धि

| कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान (प्रतिशत) | | वनजङ्गल घनत्व (रुख प्रति हेक्टर) | | वन क्षेत्रबाट प्राप्त अनुमानित राजस्व रकम (रु. अर्ब) | | काठ उत्पादन (घनफिट लाखमा) | |
|---|---|---|---|---|---|---|---|
| १.७७ | २.१ | ४३० | ४५० | ३ | ६ | १९४ | ३०० |
| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |

# ५.२. उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

## ५.२.१ उद्योग

### सोच

आर्थिक समृद्धिका लागि दिगो, रोजगारमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक विकास ।

### लक्ष्य

राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने ।

### उद्देश्य

१) औद्योगिक उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु ।

२) उद्योगको उत्पादन एवम् प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी निर्यात प्रवर्द्धन र आयात व्यवस्थापन गर्नु ।

३) लगानीमैत्री वातावरण सिर्जना गरी लगानी वृद्धि र रोजगारीका अवसर सिर्जना गर्नु ।

### रणनीति

१) नीतिगत, कानूनी र संस्थागत सुधार गर्ने ।

२) प्रविधिको प्रयोग तथा एकद्वार प्रणाली र औद्योगिक पूर्वाधार विकास गर्ने ।

३) अन्य उत्पादनमूलक क्षेत्रसँगको अन्तरसम्बन्धको आधारमा उद्योग विकास र विस्तार गर्ने ।

४) खानी तथा खनिजजन्य उद्योगको लागत प्रभावी र तुलनात्मक लाभका आधारमा विकास गर्ने ।

५) स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगमा सार्वजनिक-निजी-सहकारी साझेदारीमा लगानी परिचालन गर्ने ।

६) क्षमता विकास, वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने ।

### अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको हिस्सा (प्रतिशत) | ५.६ | ६.५ |
| औद्योगिक क्षेत्रको रोजगारीमा ठूला उद्योगको हिस्सा (प्रतिशत) | ३ | ६ |
| लघु, घरेलु तथा साना उद्योगबाट थप रोजगारी सिर्जना (सङ्ख्या हजारमा) | १९४ | ३०० |

**औद्योगिक पूर्वाधार**

- औद्योगिक ग्राम **३५१**
- औद्योगिक क्षेत्र **१५**
- विशेष आर्थिक क्षेत्र **५**

## ५.२.२ वाणिज्य

### सोच

आर्थिक समृद्धिका लागि निर्यात प्रवर्द्धन, आयात व्यवस्थापन र व्यापार सन्तुलन ।

### लक्ष्य

अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान अभिवृद्धि गर्ने ।

### उद्देश्य

१) आधारभूत र तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गर्नु ।
२) आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार लागत कम गर्नु ।
३) नेपाली वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय मूल्य शृंखलामा आबद्धता अभिवृद्धि गर्नु ।

### रणनीति

१) आधारभूत, तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आयात व्यवस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।
२) व्यापारजन्य प्रविधि र पूर्वाधार विकास तथा उपयोग, व्यापार सहजीकरण र संस्थागत सुदृढीकरण गरी व्यापार लागत कम गर्ने ।
३) व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको अन्तर्राष्ट्रिय बजारमा संरक्षण र प्रवर्द्धन गर्ने ।
४) आर्थिक कूटनीतिलाई सुदृढ तुल्याउँदै व्यापार सम्बद्ध संयन्त्रको माध्यमबाट व्यापारजन्य क्षमता बढाउने ।

### अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवा निर्यातको अनुपात** (प्रतिशत) | ९ | १५.७ |
| **कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवा आयातको अनुपात** (प्रतिशत) | ५०.८ | ५१ |
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा व्यापार घाटा (वस्तु तथा सेवा)** (प्रतिशत) | ४१.८ | ३५.३ |
| **आन्तरिक व्यापारको ट्रेड मार्जिन** (प्रतिशत) | १३ | १० |

## ५.२.३ आपूर्ति

### सोच

प्रभावकारी, सहज, स्वचालित र जिम्मेवार आपूर्ति प्रणाली तथा उपभोक्ता हकको संरक्षण ।

### लक्ष्य

उपभोक्ता हित संरक्षण तथा आपूर्ति प्रणालीमा नागरिकको पहुँच सहज बनाउने ।

### उद्देश्य

१) उपभोग्य र अत्यावश्यक लगायतका वस्तु तथा सेवाको सर्वसुलभ आपूर्ति सुनिश्चित गर्नु ।
२) बजार प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार बनाउनु ।

### रणनीति

१) आपूर्ति, प्रतिस्पर्धा प्रवर्द्धन र उपभोक्ता हितसँग सम्बन्धित नीति, ऐन कानूनको प्रभावकारी कार्यान्वयन गर्ने ।
२) आपूर्ति व्यवस्थामा संलग्न संस्थानको संस्थागत तथा संरचनागत सुदृढीकरण गर्ने ।
३) आपूर्ति अनुगमन प्रणाली विकास तथा कार्यान्वयन गर्ने ।
४) आधारभूत लगायतका वस्तु तथा सेवाको आपूर्ति, गुणस्तर र मूल्यमा पारदर्शिता कायम गरी कृत्रिम अवरोध र अभाव अन्त्य गर्ने ।

### अपेक्षित उपलब्धि

वार्षिक **७१.६ हजार** क्विन्टल आयोडिनयुक्त नुन दुर्गम जिल्लामा ढुवानी

वार्षिक **२५ हजार** मे.टन खाद्यान्न ढुवानी

**२५ हजार** मे.टन राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न सञ्चिति

**९० दिनको** पेट्रोलियम पदार्थ भण्डारण क्षमता

## ५.२.४ पर्यटन

### सोच

नेपाल एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्य ।

### लक्ष्य

विश्व पर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने ।

### उद्देश्य

१) नेपाललाई सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री बनाई आकर्षक पर्यटन केन्द्रको रूपमा विकास गर्नु ।
२) गन्तव्य स्थल तथा उपजमा विविधीकरण गरी अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्नु ।
३) पर्यटकीय लाभलाई समन्यायिक रूपले जनस्तरसम्म पुऱ्याउनु ।

### रणनीति

१) छिमेकी मुलुक तथा प्रमुख पर्यटन बजारमा प्रचार-प्रसार र प्रवर्द्धन गर्ने ।
२) शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्र समेटेर एकीकृत पर्यटन विकास गर्ने ।
३) सार्वजनिक-निजी-सहकारी साझेदारीमा आधुनिक पर्यटन पूर्वाधार विकास, बजारीकरण र प्रवर्द्धन गर्ने ।
४) निजी क्षेत्रसँगको सहकार्यमा पर्यटकीय गन्तव्य स्थल पहिचान, विकास तथा विविधीकरण गर्ने ।
५) पर्यटकीय उपजलाई मूल्य शृंखलामा आबद्ध गरी स्थानीय स्तरसम्म लाभ वितरण गर्ने ।

### अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान** (प्रतिशत) → | २.७ | १० |
| **विदेशी पर्यटक आगमन** (सङ्ख्या हजारमा) → | १,१९७ | ३,५०० |
| **पर्यटन क्षेत्रमा थप प्रत्यक्ष रोजगारी सिर्जना** (सङ्ख्या हजारमा) → | २०० | ९१ |
| **विदेशी पर्यटकको औसत बसाई** (दिन) → | १२.७ | १५ |
| **प्रति पर्यटक खर्च (प्रति दिन)** (अमेरिकी डलर) → | ४८ | १०० |



परिच्छेद

# ६

# सामाजिक क्षेत्र



# ६.१. जनसङ्ख्या तथा बसाइँ-सराइ

## सोच

उत्पादनशील जनसाङ्ख्यिक स्रोत ।

## लक्ष्य

जनसङ्ख्या तथा बसाइँ-सराइको उचित व्यवस्थापन गर्ने ।

## उद्देश्य

१) सबै नागरिकलाई स्वस्थ, सबल र सक्रिय बनाई औसत आयुमा वृद्धि गर्नु ।

२) बसाइँ-सराइ तथा शहरीकरणको व्यवस्थापन र जनसाङ्ख्यिक लाभको सदुपयोग गर्नु ।

## रणनीति

१) सुरक्षित यौन तथा प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व लगायतका सेवालाई अधिकारमुखी कार्यक्रमको रूपमा विकास गर्ने ।

२) ज्ञान र सीपमा आधारित रोजगारीका अवसर सिर्जना गर्ने ।

३) लैङ्गिक समानता र समावेशीकरणलाई जनसङ्ख्या र विकासमा मूलप्रवाहीकरण गर्ने ।

४) एकीकृत बस्ती विकासको माध्यमबाट आन्तरिक बसाइँ-सराइ र शहरीकरणलाई व्यवस्थित गर्ने ।

५) जनसङ्ख्या तथा बसाइँ-सराइ सम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाउने ।

## अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| **पाँच वर्ष मुनिका बालबालिकाको जन्मदर्ता** (प्रतिशत) | ६३ | १०० |
| **किशोरी अवस्थाको प्रजनन दर (१९ वर्षमुनि)** (प्रतिशत) | १३ | ६ |
| **काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या** (प्रतिशत) | ३१ | ५० |

# ६.२ शिक्षा

## सोच

सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास ।

## लक्ष्य

सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने ।

## उद्देश्य

१) प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षामा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।
२) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चत गर्नु ।
३) उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु ।
४) सबै नागरिकका लागि जीवन पर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु ।
५) सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु ।

## रणनीति

१) प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी अनिवार्य गर्ने ।
२) विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सबै तहलाई क्षमतावान र जवाफदेही बनाउने ।
३) गुणस्तर मापदण्ड र प्रत्ययन प्रणाली विकास गरी विद्यालयमा समान गुणस्तर कायम गर्ने ।
४) मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी पाठ्यक्रम मार्फत् गुणस्तर सुनिश्चित गर्ने ।
५) निजी लगानीका विद्यालयको नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रूपान्तरण गर्ने ।
६) स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम विस्तार गर्ने ।
७) राष्ट्रिय योग्यता प्रणालीको माध्यमबाट गतिशीलता र पारगम्यताको सिद्धान्तको आधारमा शिक्षा, तालिम, सीप र सिकाइको योग्यता निर्धारण गर्ने ।
८) उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई प्रतिस्पर्धी एवम् नतिजामुखी बनाउने ।
९) शिक्षण पेसामा दक्ष जनशक्ति उत्पादन गर्न विश्वविद्यालय अन्तर्गतका संकाय तथा शिक्षण तालिम प्रदायक संस्थाको पुनर्संरचना गर्ने ।
१०) नवीनतम खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्न नतिजामा आधारित लगानी पद्धति विकास गर्ने ।
११) उच्च शिक्षा प्रदायक संस्थालाई प्रविधियुक्त सिकाइ केन्द्रको रूपमा विकास गर्दै गुणस्तर सुनिश्चितता एवम् प्रत्ययन प्रणाली सबल र अनिवार्य बनाउने ।
१२) अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइलाई आयमूलक कार्यक्रमसँग आबद्ध गर्ने ।
१३) परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको सम्वर्द्धन र संरक्षण गर्दै नवीनतम प्रविधिलाई विकासमा उपयोग गर्ने ।

## अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| साक्षरता दर (१५ वर्षमाथि) (प्रतिशत) | ५८ | ९५ |
| युवा साक्षरता दर (१५-२४ वर्ष) (प्रतिशत) | ९२ | ९९ |
| आधारभूत तह (१-८) खुद भर्नादर (प्रतिशत) | २०० | ९१ |
| माध्यमिक तह (९-१२) खुद भर्नादर (प्रतिशत) | १२.७ | १५ |
| उच्च शिक्षाको कुल भर्ना दर खुद भर्नादर (प्रतिशत) | ४८ | १०० |

## ६.३ स्वास्थ्य तथा पोषण

### सोच

स्वस्थ, उत्पादनशील, जिम्मेवार र सुखी नागरिक ।

### लक्ष्य

जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।

### उद्देश्य

१) तीनै तहमा सबै किसिमका स्वास्थ्य सेवाको सन्तुलित विकास र विस्तार गर्नु ।
२) स्वास्थ्य क्षेत्रमा सरकारको उत्तरदायित्व र नियमन अभिवृद्धि गर्दै सेवामूलक क्षेत्रको रूपमा रूपान्तरण गर्नु ।
३) स्वास्थ्य सेवामा नागरिकको पहुँच तथा उपभोग बढाई स्वस्थ जीवनशैली प्रवर्द्धन गर्नु ।

### रणनीति

१) प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक लगायतका आधारभूतदेखि विशिष्टीकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने ।
२) आयुर्वेद, प्राकृतिक तथा अन्य चिकित्सा पद्धतिको विकास र विस्तार गर्ने ।
३) सबै उमेर समूहका नागरिकको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गरी सर्वाङ्गीण विकास र परिवार व्यवस्थापन सेवा सुधार तथा विस्तार गर्ने ।
४) जनसङ्ख्याको वितरण, भौगोलिक अवस्थिति एवम् आवश्यकताको आधारमा तीनै तहमा अस्पताल र स्वास्थ्य संस्था तथा दक्ष जनशक्तिको विकास तथा विस्तार गर्ने ।
५) लगानी वृद्धि गर्दै दिगो स्वास्थ्य वित्तीय प्रणालीको विकास गर्ने ।
६) स्वास्थ्य सेवामा सरकारको नेतृत्वदायी भूमिका सुनिश्चित गर्दै सहकार्य तथा साझेदारी गर्ने ।
७) नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्री एवम् औषधि तथा औषधिजन्य सामग्रीको नियमन तथा व्यवस्थापन गर्ने ।
८) रोग नियन्त्रण तथा जनस्वास्थ्य विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यका लागि एकीकृत उपाय अवलम्बन गर्ने ।
९) स्वास्थ्य सूचना प्रणालीहरूलाई थप व्यवस्थित, एकीकृत र प्रविधिमैत्री बनाउँदै नीति निर्माण तथा निर्णय प्रक्रियामा तथ्याङ्कको प्रयोग बढाउने ।
१०) नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यक्षेत्र परिमार्जन, विकास र विस्तार गर्ने ।
११) आप्रवास प्रक्रियाबाट जनस्वास्थ्यमा हुनसक्ने जोखिम न्यूनीकरण गर्ने ।
१२) बहुक्षेत्रीय पोषण योजना समन्वय र साझेदारी मार्फत कार्यान्वयन गर्ने ।

### अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| **स्वास्थ्य उपचारमा व्यक्तिगत खर्चको अनुपात** (प्रतिशत) | ५३ | ४० |
| **५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा)** (जना) | ३९ | २४ |
| **पूर्ण खोप प्राप्त बालबालिका** (प्रतिशत) | ७० | ९९ |
| **मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)** (जना) | २३९ | ९९ |

## ६.४ खानेपानी तथा सरसफाइ

### सोच

स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवा।

### लक्ष्य

सबैलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिवृद्धि गर्ने।

### उद्देश्य

१) खानेपानी र सरसफाइको पर्याप्त, सुरक्षित र सर्वसुलभ उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु।

२) सबै नागरिकलाई आधारभूत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल-मूत्र र फोहोर पानीको व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गराउनु।

३) जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु।

४) दिगो खानेपानी तथा सरसफाइ सेवामा तीनै तहको भूमिका तथा क्षमता अभिवृद्धि गर्नु।

### रणनीति

१) आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित समुदायको सहभागितामा सेवा पुर्‍याउने।

२) आयोजना समयमै निर्माण सम्पन्न तथा सञ्चालनमा रहेका आयोजनाको मर्मत-सम्भार, पुनर्स्थापना तथा सेवास्तर अभिवृद्धि गर्ने।

३) मागको आधारमा सहलगानी, लागत साझेदारी र लागत उठ्तीको सिद्धान्त अनुरूप खानेपानी आयोजना सञ्चालन गर्ने।

४) फोहोर पानीको न्यून उत्सर्जन तथा व्यवस्थापन गर्ने।

५) मानवजन्य फोहोर पानी प्रशोधन सहित व्यवस्थापन तथा दिसाजन्य लेदो व्यवस्थापन गर्ने।


६) जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण हुने गरी आयोजनाको दिगोपना कायम गर्ने।

७) खानेपानीका स्रोत तथा जलाधार क्षेत्रको संरक्षण, भूमिगत पानीको पुनर्भरण तथा जलस्रोतको बहु, एकीकृत तथा पुनरूपयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने।

८) खानेपानी तथा सरसफाइ सेवा प्रदायक निकायको सुधार, सुदृढीकरण तथा समायोजन गर्ने।

### अपेक्षित उपलब्धि

**आधारभूत स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या** (प्रतिशत)




**सुधारिएको सरसफाइ सुविधा (एकल प्रयोग) उपलब्ध परिवार** (प्रतिशत)



# ६.५ युवा

## सोच

युवाको सर्वाङ्गीण विकास राष्ट्र निर्माणको प्रमुख आधार।

## लक्ष्य

स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवा शक्तिको विकास र परिचालन गर्ने।

## उद्देश्य

१) युवामा दक्षता र क्षमताको विकास गर्नु।
२) युवालाई उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउनु।
३) शासकीय प्रक्रिया एवम् रूपान्तरणमा युवाको सहभागिता अभिवृद्धि गर्नु।
४) युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउनु।

## रणनीति

१) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसर विस्तार गर्ने।
२) युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन तथा प्रवर्द्धन गर्ने।
३) वित्तीय स्रोत-साधनमा युवाको पहुँच विस्तार गर्ने।
४) युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने।
५) स्काउटको संरचनालाई विकास र विस्तार गर्ने।

## अपेक्षित उपलब्धि

**युवा साक्षरता दर (१५-२४ वर्ष)** (प्रतिशत)



# ६.६ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

**सोच**

लैङ्गिक समानतामूलक राष्ट्र ।

**लक्ष्य**

महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने ।

**उद्देश्य**

१) लैङ्गिक उत्तरदायी शासन व्यवस्था संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु ।
२) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु ।
३) महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा समान पहुँच सुनिश्चित गर्नु ।

**रणनीति**

१) लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति, कानून तथा कार्यक्रम तर्जुमा गर्ने ।
२) तीनै तह र क्षेत्र तथा निकायमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने ।
३) सबै तहमा लैङ्गिक उत्तरदायी बजेट पद्धति संस्थागत गर्ने ।
४) विपन्न र पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिँदै आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने ।
५) निरोधात्मक तथा संरक्षणात्मक उपायद्वारा न्यायमा महिलाको पहुँच अभिवृद्धि गर्ने ।

**अपेक्षित उपलब्धि**

**लैङ्गिक विकास सूचकाङ्क**

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| ०.८९७ | ०.९६३ |



**लैङ्गिक सशक्तीकरण सूचकाङ्क**

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| ०.५७ | ०.६४ |

**महिला प्रतिनिधित्व** (प्रतिशत)

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| संघीय संसद | ३२.७२ | ४० |
| प्रदेश सभा | ३४.३६ | ४० |
| सार्वजनिक सेवामा महिला प्रतिनिधित्व | २४.७ | ३४ |

# ६.७ बालबालिका तथा किशोरकिशोरी

## सोच

बालअधिकार सुनिश्चित भएको बालमैत्री समाज।

## लक्ष्य

बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने।

## उद्देश्य

१) बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु।
२) बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु।
३) शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु।

## रणनीति

१) बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्यूदर घटाउने।
२) प्रारम्भिक बालविकासमा पहुँच वृद्धि गर्ने।
३) बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने।
४) असहाय, अनाथ, अपाङ्गता भएका, असक्त तथा बेवारिसे बालबालिका तथा किशोरकिशोरीलाई राज्यबाट संरक्षण र संवर्द्धन गर्ने।
५) सबै प्रकारको बालश्रम अन्त्य गर्न व्यवस्था गर्ने।
६) पहुँचयुक्त पूर्वाधार निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने।
७) विद्यमान बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित तथा निःसंस्थाकरण गर्ने।

## अपेक्षित उपलब्धि

**प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर** (प्रतिशत)

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| ८५ | १०० |

**किशोरी अवस्थाको प्रजनन दर (१९ वर्षमुनि)** (प्रतिशत)

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| १३ | ६ |

## ६.८ ज्येष्ठ नागरिक

### सोच

ज्येष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति ।

### लक्ष्य

ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रले समृद्धिका लागि उपयोग गर्ने ।

### उद्देश्य

१) पारिवारिक, आर्थिक र कानूनी संरक्षणको माध्यमबाट ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण गर्नु ।

२) ज्येष्ठ नागरिकलाई आवश्यक सेवा-सुविधा उपलब्ध गराउनु ।

३) ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई आर्थिक-सामाजिक रूपान्तरण र विकासमा उपयोग गर्नु ।

### रणनीति

१) पारिवारिक र सामाजिक माध्यमबाट ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार-सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने ।

२) असहाय, असक्त, एकल र जोखिममा परेका ज्येष्ठ नागरिकको विशेष संरक्षण र सुरक्षाको व्यवस्था गर्ने ।


३) ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न नीति निर्माणमा सहभागिता र स्रोतमा पहुँच सुनिश्चित गर्ने ।

४) ज्येष्ठ नागरिकको सुरक्षा र सहजताको लागि सामाजिक सुरक्षा वृद्धि गर्ने ।

### अपेक्षित उपलब्धि

**ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र** (सङ्ख्या)

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| ८७ | ७५३ |



## ६.९ अपाङ्गता भएका व्यक्ति

### सोच

अपाङ्गता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवन ।

### लक्ष्य

सेवा-सुविधा, साधन र स्रोतमा अपाङ्गता भएका व्यक्तिको पहुँच स्थापित गरी सामाजिक आर्थिक सशक्तीकरण गर्दै सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना गर्ने ।

### उद्देश्य

१) अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु ।

२) सहज जीवनयापनको लागि पुनर्स्थापना, स्वास्थयोपचार र सहायक सामाग्रीको व्यवस्था गर्नु ।

३) भौतिक संरचना, यातायात, सेवा-सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार र प्रविधिमा सहज पहुँच सुनिश्चित गर्नु ।

### रणनीति

१) नीति निर्माण तथा कानून पुनरावलोकन गर्ने ।

२) भौतिक संरचना अपाङ्गतामैत्री बनाई सार्वजनिक सेवामा सहज पहुँच, प्राप्ति र अवसरको सिर्जना गर्ने ।

३) सबै प्रकारको सुविधा सहितको पुनर्स्थापना सेवाको व्यवस्था गर्ने ।

४) सूचना, सञ्चार तथा प्रविधिको सुविधामा पहुँच सुनिश्चित गर्न सेवाको उपलब्धता र उपकरणको व्यवस्था गर्ने ।

### अपेक्षित उपलब्धि

सार्वजनिक भौतिक संरचना अपाङ्गतामैत्री भएको हुनेछ ।

अपाङ्गता भएका बालबालिकाको विद्यालय भर्नादर वृद्धि भएको हुनेछ ।

## ६.१० खेलकुद

### सोच
स्वच्छ, व्यावसायिक र प्रविधिमैत्री खेलकुद अभिवृद्धि ।

### लक्ष्य
खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार पार्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि गर्दै पहिचान स्थापित गर्ने ।

### उद्देश्य
१) खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्नु ।
२) खेलकुद क्षेत्रलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।
३) सबै क्षेत्रमा खेलकुदलाई मूलप्रवाहीकरण गर्नु ।

### रणनीति
१) सबै तहसँगको समन्वय र सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने ।
२) खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
३) खेलकुद विकासमा आबद्ध निकाय/संघ-संस्थाको क्षमता विकास तथा सुशासन प्रवर्द्धन गर्ने ।
४) प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने ।
५) खेलकुदको महत्त्व स्थापित गर्दै सबै उमेर समूहका नागरिक सहभागी हुने अवसर सिर्जना गर्ने ।

### अपेक्षित उपलब्धि

**अन्तर्राष्ट्रिय खेलकुद परिसर** (सङ्ख्या)

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| १ | ६ |

**प्रदेश रङ्गशाला (अन्तर्राष्ट्रिय स्तरका सुविधासम्पन्न)** (सङ्ख्या)

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| – | ७ |

**५ स्थानमा**
उच्च भूभागीय खेलकुद तालिम केन्द्र स्थापना

# ६.११ सामाजिक सुरक्षा तथा संरक्षण

## सोच

सबैका लागि दिगो सामाजिक सुरक्षा प्रणाली, समतामूलक समाज र लोककल्याणकारी राज्य व्यवस्थाको आधार।

## लक्ष्य

सामाजिक सुरक्षा र संरक्षणलाई दिगो, सर्वव्यापी र पहुँचयोग्य बनाई नागरिक हकको कार्यान्वयन गर्ने र राज्यप्रति नागरिकको विश्वास सुदृढ गर्ने।

## उद्देश्य

१) नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु।
२) आर्थिक सामाजिक वञ्चितीकरण र जोखिममा परेका समुदायलाई सामाजिक संरक्षण प्रदान गर्नु।
३) सामाजिक सुरक्षा र संरक्षण मार्फत नागरिकको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम न्यूनीकरण गर्नु।

## रणनीति

१) सामाजिक सहयोग र संरक्षणका कार्यक्रम विस्तार गरी पहुँच बढाउने।
२) योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई विस्तार गरी सर्वव्यापी बनाउने।
३) सामाजिक सुरक्षा, सहयोग र संरक्षणमा तहगत समन्वय र अन्तरसरकार सूचना प्रणालीको विकास गर्ने।

## अपेक्षित उपलब्धि

**आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या** (प्रतिशत)

१७
**२०७५/७६ आधार वर्ष**



६०
**२०८०/८१ लक्ष्य**



परिच्छेद

# ७

# पूर्वाधार क्षेत्र



# ७.१ उर्जा

## ७.१.१ जलविद्युत

### सोच

जलविद्युत्को दिगो र भरपर्दो विकास मार्फत मुलुकको समृद्धिमा योगदान ।

### लक्ष्य

जलविद्युत्को तीव्र उत्पादन गरी उर्जा सुरक्षा सुनिश्चित गर्ने ।

### उद्देश्य

१) जलविद्युत् उत्पादन वृद्धि गर्दै स्वच्छ ऊर्जाको उपलब्धता सुनिश्चित गर्नु ।

२) गुणस्तरयुक्त, भरपर्दो र सुलभ रूपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत सेवाको पहुँचमा विस्तार गरी विद्युत खपतमा वृद्धि गर्नु ।

३) क्षेत्रीय ऊर्जा निर्यात व्यापार अभिवृद्धि गरी पेट्रोलियम पदार्थको आयात क्रमशः प्रतिस्थापन गर्नु ।

### रणनीति

१) जलविद्युतमा लगानी आकर्षण गरी विद्युत उत्पादन वृद्धि गर्ने ।

२) आन्तरिक र अन्तरदेशीय विद्युत प्रसारण सुदृढ तथा विस्तार गरी आपूर्ति प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाउने ।

३) वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाउने ।

४) ऊर्जाको सम्मिश्रण र क्षेत्रीय ऊर्जा व्यापारको माध्यमबाट ऊर्जा सुरक्षा कायम गर्ने ।

५) जलविद्युत क्षेत्रको संस्थागत सुदृढीकरण गर्ने ।

### अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| विद्युतमा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत) | ८८ | १०० |
| प्रसारण लाइन (६६ के.भि तथा माथिका) (स.कि.मि) | ३,९९० | ८,००० |
| विद्युत चुहावट (उत्पादनमा) | १५.३२% | १२.३२% |
| विद्युत उत्पादन (जडित क्षमता) (मेगावट) | १,२५० | ५,२७० |

## ७.१.२ वैकल्पिक ऊर्जा

### सोच
वैकल्पिक/नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विस्तार र दक्षता मार्फत आधुनिक ऊर्जाको दिगो विकास।

### लक्ष्य
वैकल्पिक/नवीकरणीय ऊर्जाको उत्पादन र उपयोगमा ऊर्जा दक्षता बढाई स्वच्छ ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने र ऊर्जा सुरक्षामा सहयोग पुऱ्याउने।

### उद्देश्य
१) राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा वातावरणमैत्री, सर्वसुलभ र गुणस्तरीय आधुनिक ऊर्जाको पहुँच वृद्धि गर्नु।
२) ऊर्जाको दक्ष उपयोगबाट ऊर्जा खपत घनत्व घटाई उत्पादकत्व बढाउनु।

### रणनीति
१) वैकल्पिक नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जाको महत्त्वपूर्ण अंशको रूपमा विकास र बहुउपयोग प्रवर्द्धन गर्ने।
२) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिँदै वैकल्पिक ऊर्जाको पहुँच वृद्धि गर्ने।
३) नवीनतम, दिगो तथा ऊर्जा दक्ष प्रविधि प्रयोगमा जोड दिने।
४) बैंकिङ तथा वित्तीय क्षेत्रको संलग्नता तथा वैकल्पिक ऊर्जा प्रविधिलाई कार्बन परियोजना कार्यक्रमको रूपमा विकास गरी कार्बन बजार संयन्त्र स्थापना गर्ने।
५) ठूला क्षमताका बायोग्यास प्लान्ट स्थापना तथा बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गर्ने।

### अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **लघु जलविद्युत** (मेगावाट) | ३४ | ४७ |
| **सौर्य ऊर्जा** (मेगावाट) | ३३ | १६० |
| **घरायसी बायोग्याँस जडान सङ्ख्या** (हजारमा) | ४२६ | ६२६ |
| **ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात** | ७ | १२ |

# ७.२ यातायात पूर्वाधार

## ७.२.१ सडक

### सोच
सघन, सन्तुलित, सुलभ, सुरक्षित, गुणस्तरीय एवम् दिगो सडक पूर्वाधारको विकास।

### लक्ष्य
राष्ट्रिय सडक सञ्जालको विस्तार गरी आर्थिक-सामाजिक विकास, व्यापार सहजीकरण मार्फत आर्थिक समृद्धि हासिल गर्ने।

### उद्देश्य
१) कुल यातायात खर्च न्यूनतम हुने गरी सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार गर्नु।
२. सडक पूर्वाधारको संरक्षण, मर्मत-सम्भार र सडक सुरक्षा गरी सहज सवारी आवागमन सुनिश्चित गर्नु।

### रणनीति
१) प्रादेशिक सन्तुलन कायम हुने गरी उच्च क्षमताका द्रूतमार्ग, भूमिगत मार्ग, भाया-डक्ट लगायतका आधुनिक संरचना सहित सडक सञ्जाल विकास गर्ने।
२) संस्थागत क्षमता विकासलाई प्राथमिकता दिई आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने।
३) सरकारी स्रोतमाथिको निर्भरता घटाई लगानीका वैकल्पिक स्रोत जुटाउने।
४) सडकको डिजाइन, निर्माण, मर्मत-सम्भार तथा सडक सुरक्षाका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रीकरणमा जोड दिने।
५) प्राकृतिक प्रकोप तथा जलवायु प्रतिकूलताका सम्भाव्य असर वा हानी नोक्सानी न्यूनीकरण गर्ने।

### अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनमा यातायात क्षेत्रको योगदान** (प्रतिशत) | ५.१ | ४.९ |
| **सडक घनत्व** (कि.मि. प्रति वर्ग कि.मि) | ०.५५ | ०.७४ |
| **राष्ट्रिय राजमार्ग (दुई लेनसम्म, कालोपत्रे)** (कि.मि.) | ५,५९४ | १२,३०० |
| **राष्ट्रिय राजमार्ग (दुई लेनमाथि, द्रुतमार्ग समेत)** (कि.मि.) | ९६ | १,१७४ |
| **प्रादेशिक राजमार्ग (कालोपत्रे)** (कि.मि.) | १,८०० | ७,९०० |

## ७.२.२ हवाई यातायात

### सोच

सुरक्षित, विश्वसनीय र सर्वसुलभ हवाई यातायात सेवाको सुनिश्चितता ।

### लक्ष्य

नागरिक उड्डयन सेवा र सुरक्षालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सञ्चालन तथा सुनिश्चित गरी हवाई यातायातको पहुँच अभिवृद्धि गर्ने ।

### उद्देश्य

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गन्तव्य सञ्जाल विस्तार गरी नागरिक उड्डयन क्षेत्रलाई सर्वसुलभ, पहुँचयोग्य र सुरक्षित बनाउनु ।


### रणनीति

१) हवाई पूर्वाधार निर्माण, विकास तथा व्यवस्थापनमा साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्ने ।
२) अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड अवलम्बन र नवीन प्रविधिको उपयोग गरी हवाई सेवालाई सुरक्षित, गुणस्तरीय र विश्वसनीय बनाउने ।
३) हवाई उड्डयन नियामक निकायको संरचनात्मक सुदृढीकरण गर्ने ।
४) सेवा प्रदायक निकायलाई सक्षम प्रतिस्पर्धी र प्रभावकारी बनाउने ।
५) हवाई सम्झौता र हवाई मार्ग विस्तार तथा बजार प्रवर्द्धन गरी नेपाली वायुसेवा कम्पनीको अन्तर्राष्ट्रिय बजारमा पहुँच वृद्धि गर्ने ।

### अपेक्षित उपलब्धि

आन्तरिक हवाई यातायात प्रयोग गर्ने यात्रु सङ्ख्या (लाखमा)

अन्तर्राष्ट्रिय हवाई यातायात प्रयोग गर्ने यात्रु सङ्ख्या (लाखमा)



## ७.२.३ रेल यातायात

### सोच

भरपर्दो, सुरक्षित, पहुँचयोग्य, वातावरणमैत्री रेल यातायात प्रणालीको विकास।

### लक्ष्य

सुरक्षित, भरपर्दो र पर्यावरणमैत्री राष्ट्रिय रेल सञ्जाल निर्माण गरी सामाजिक, आर्थिक र भौगोलिक विकासमा सन्तुलन कायम गर्ने।

### उद्देश्य

१) रेल यातायात विस्तार गरी अन्तरदेशीय व्यापार पहुँच विस्तार बढाउँदै आर्थिक सामाजिक एकीकरणमा योगदान गर्नु।

२) भौगोलिक सन्तुलन र विकासमा योगदान पुग्ने गरी भरपर्दो र सुरक्षित रेलसेवा सञ्चालन गर्नु।

### रणनीति

१) रेलमार्गको सम्भाव्यता अध्ययन गरी राष्ट्रिय आवश्यकता पहिचान, विकास र विस्तार गर्ने।

२) रेल विभागको संस्थागत क्षमता अभिवृद्धि गर्ने। रेल यातायातको पूर्वाधार विकास तथा सञ्चालनमा वैकल्पिक स्रोत प्रवर्द्धन गर्ने।

### अपेक्षित उपलब्धि

**रेलमार्ग** (कि.मि.)

| ४२ | ३४८ |
|---|---|
| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |

## ७.२.४ जल यातायात

### सोच

सुलभ र किफायती यातायातको भरपर्दो विकल्पको रूपमा जल यातायातको विकास ।

### लक्ष्य

आन्तरिक र समुद्रसम्म जल यातायातको विकास मार्फत पर्यटन प्रवर्द्धन एवम् व्यापार सहजीकरण गर्ने ।



### उद्देश्य

आन्तरिक, क्षेत्रीय र अन्तर्राष्ट्रिय जलमार्गको प्रयोग गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउनु ।

### रणनीति

१) आन्तरिक तथा समुन्द्रसम्म पहुँचका लागि जल यातायातको विकास र विस्तार गर्ने ।

२) जल यातायात विकासको लागि निजी एवम् अन्य क्षेत्रको लगानी आकर्षित गर्ने ।

३) संस्थागत, व्यवस्थापकीय र प्राविधिक क्षमता विकास तथा अभिवृद्धि गर्ने ।

### अपेक्षित उपलब्धि

कोशी, कालीगण्डकी, नारायणी र कर्णाली नदीहरुमा जल यातायात संचालन भएको हुनेछ ।

## ७.२.५ यातायात व्यवस्थापन

### सोच

प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास ।

### लक्ष्य

आधुनिक, सर्वसुलभ, भरपर्दो, वातावरणमैत्री र पूर्वाधारमैत्री यातायात सेवा विकास गर्ने ।

### उद्देश्य

यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ, भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउनु ।

### रणनीति

१) संस्थागत सुदृढीकरण र प्रक्रियागत सरलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने ।
२) दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिने ।
३) सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित गर्ने ।
४) यातायात व्यवस्थापनमा प्रविधिको प्रयोग गर्दै सडक दुर्घटना न्यूनीकरण गर्ने।

### अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| **सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) वितरण** सङ्ख्या (लाखमा) | ४ | १८ |
| **सडक दुर्घटनाबाट मृत्यु भएका व्यक्ति** (सङ्ख्या) | २,७८९ | ९०० |

# ७.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

## सोच

सूचना प्रविधियुक्त राष्ट्र।

## लक्ष्य

आमसञ्चार, दूरसञ्चार तथा सूचना प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने।

## उद्देश्य

१) सबै नागरिकमा सञ्चार तथा सूचना प्रविधिको सहज पहुँच तथा उपयोग विस्तार गर्नु।

२) सञ्चार र सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउनु।

३) सञ्चार र सूचना प्रविधिमा आधारित उद्योगको विकास गरी रोजगारी वृद्धि गर्नु।

## रणनीति

१) सूचनामा सबै नागरिकको पहुँच तथा उपयोग सुनिश्चित गर्ने।

२) पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चत गर्दै आमसञ्चारमा नागरिकको पहुँच विस्तार गर्ने।

३) दूरसञ्चार एवम् ब्रोडब्याण्ड सेवाको पहुँच देशभर पुऱ्याउने।

४) डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने।

५) हुलाक सेवालाई संस्थागत पुनर्संरचना गरी स्वायत्त, प्रतिस्पर्धी र व्यावसायिक बनाउने।

६) चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने।

७) सुरक्षण मुद्रणको व्यवस्था गर्ने।

## अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनमा सञ्चार तथा सूचना प्रविधि क्षेत्रको योगदान (प्रतिशत) | ०.८ | १.६ |
| इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ६५.९ | ८० |
| टेलिफोन (सबै प्रकारका) घनत्व (प्रतिशत) | १३७ | ९८ |
| अनलाइन मार्फत सरकारी सेवा प्रवाह (प्रकार) (सङ्ख्या) | २० | ५५ |

# ७.४ स्थानीय पूर्वाधार

## सोच

भरपर्दो, सुलभ एवम् पहुँचयोग्य स्थानीय पूर्वाधार विकास ।

## लक्ष्य

आर्थिक सामाजिक रूपान्तरणका लागि ग्रामीण अर्थतन्त्र र सामाजिक विकासमा सघाउ पुग्ने गरी स्थानीय पूर्वाधार निर्माण एवम् विकास गर्ने ।

## उद्देश्य

१) ग्रामीण पूर्वाधार विकासलाई सन्तुलित, दिगो र वातावरणमैत्री बनाउनुका साथै ग्रामीण जीवनलाई सरल, सहज र उत्पादनमूलक बनाउनु ।

२) मितव्ययी र प्रभावकारी स्थानीय सेवा प्रवाहका लागि आधारभूत पूर्वाधार विकास गर्नु ।

३) सघन बस्ती विकास गर्दै सार्वजनिक सेवालाई सहज बनाउनु ।

## रणनीति

१) सेवाप्रवाह र विकास व्यवस्थापनको लागि कानून, कार्यविधि र मापदण्ड तर्जुमा तथा वडा स्तरसम्म न्यूनतम पूर्वाधार सहितको नीतिगत तथा संस्थागत प्रबन्ध गर्ने ।

२) नागरिक र सरोकारवालाको सहभागिता सुनिश्चित गर्दै तालिम दिने संस्थाको पारदर्शिता, जवाफदेहिता र क्षमता विकास गर्ने पद्धति विकास गर्ने ।

३. स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयनमा समावेशी सहभागिता र स्थानीय स्रोत परिचालनमा दक्षता अभिवृद्धि गर्ने ।

४. निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य, कार्य सम्पादनमा स्तरीकरण र नवीनतम प्रविधिको प्रयोग गर्दै स्थानीय तहलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउने ।

## अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| सडक पुगेका स्थानीय तहको केन्द्र (सङ्ख्या) | ७११ | ७५३ |
| कालोपत्रे गरिएको ग्रामीण सडक (कि.मि.) | ३,९४६ | ७,७५६ |
| स्थानीय सडक पुल निर्माण (सङ्ख्या) | ४१६ | ७६६ |

## ७.५ विज्ञान तथा प्रविधि

### सोच

समाजसँग विज्ञान र उत्पादनसँग प्रविधि तथा नवप्रर्वतन।

### लक्ष्य

समाजमा वैज्ञानिक संस्कारको विकास गरी उत्पादन प्रविधिमा नवप्रवर्तनलाई आबद्ध गर्दै मुलुकको समृद्धि हासिल गर्ने।

### उद्देश्य

१) गुणस्तरीय जीवन र विज्ञानमा आधारित सोच निर्माण गर्न विज्ञान तथा प्रविधिको महत्तम उपयोग गर्नु।

२) विज्ञान शिक्षालाई व्यावहारिक बनाउँदै नवीनतम विज्ञानको उन्नयन र उदीयमान प्रविधि अंगीकार गर्दै सेवा प्रवाहमा उपयोग गर्नु।

३) उत्पादन वृद्धि तथा औद्योगिक विकासका लागि प्रकृति प्रदत्त स्रोत एवम् परम्परागत प्रविधि तथा नव-प्रवर्तनको उपयोग एवम् विकास गर्नु।

### रणनीति

१) वैज्ञानिक चेतनाको अभिवृद्धि गर्दै विज्ञानसम्मत विश्लेषण गर्ने संस्कार विकास गर्ने।

२) विज्ञान तथा प्रविधिका लाभ तथा उपलब्धिलाई आम जनमानसमा पुऱ्याउने।

३) उदीयमान प्रविधिको प्रोत्साहन र प्रवर्द्धन गर्दै नवप्रवर्तनलाई दिगो विकास लक्ष्यसँग तादाम्यता कायम गर्ने।


४) प्राकृतिक स्रोतको प्रयोग र अधिमूल्यनका लागि पूर्वाधार तथा जनशक्ति तयार गर्ने।

६) युवा पिँढीलाई वैज्ञानिक ज्ञान र प्राविधिक सीप हासिल गर्न उत्प्रेरणा दिँदै समन्वय गर्ने।


७) प्राज्ञिक अनुसन्धानलाई औद्योगिक उत्पादनसँग संयोजन गर्ने तथा अनुसन्धान तथा विकासमा लगानी बढाउँदै उद्यमशीलता विकास गर्ने।

### अपेक्षित उपलब्धि

**माध्यमिक शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात** (प्रतिशत)




**२०७५/७६ आधार वर्ष**




**२०८०/८१ लक्ष्य**

# ७.६ शहरी विकास

## सोच

व्यवस्थित शहरीकरण मार्फत दिगो आर्थिक सामाजिक समृद्धि ।

## लक्ष्य

सर्वसुलभ, समृद्ध, दिगो र सुन्दर शहरको विकास गर्ने ।

## उद्देश्य

१) विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिक रूपमा गतिशील, स्वच्छ र व्यवस्थित शहर निर्माण गर्नु ।

२) सन्तुलित राष्ट्रिय शहरी प्रणाली र परिष्कृत शहरी बनोटका लागि हरित अर्थतन्त्र मार्फत शहर एवम् ग्रामीण-शहरी अन्तरसम्बन्धलाई जीवन्तता प्रदान गर्नु ।

३) प्राविधिक क्षमता अभिवृद्धि र शहरी पूर्वाधार सुशासनको संस्थागत विकास गर्नु ।

## रणनीति

१) शहरको वातावरणीय सुधारका लागि सामाजिक, भौतिक र आर्थिक पूर्वाधार व्यवस्था गर्ने ।

२) राष्ट्रिय शहरी प्रणाली विकासको लागि स्रोत-साधनको पहिचान र उपयोग गरी निर्देशित लगानी गर्ने ।

३) तीन तहको सहकार्यमा एकीकृत शहरी पूर्वाधार विकास र शहरी सुशासन प्रवर्द्धन गर्ने ।

४) काठमाडौं उपत्यकालाई आकर्षक, समृद्ध र वातावरणमैत्री अत्याधुनिक सुविधायुक्त सांस्कृतिक राजधानी शहरको रूपमा विकास गर्ने ।

## अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| बृहत शहरी क्षेत्र विकास (मेगा सिटि) (सङ्ख्या) | ३ | ३ |
| हिमाली शहर विकास (सङ्ख्या) | ५ | ५ |
| नयाँ शहर निर्माण (सङ्ख्या) | २७ | २७ |

## ७.७ ग्रामीण विकास

### सोच

आधुनिक आधारभूत मापदण्ड र पूर्वाधार सहितका ग्रामीण बस्ती।

### लक्ष्य

ग्रामीण अर्थतन्त्र र सामाजिक विकासमा सघाउ पुग्ने गरी ग्रामीण पूर्वाधार निर्माण एवम् विकास गर्ने।



### उद्देश्य

१) सन्तुलित र दिगो ग्रामीण पूर्वाधार विकास गर्नु।

२) ग्रामीण जीवनलाई सरल, सहज र उत्पादनमूलक बनाउनु।

३) बसाइँ-सराइलाई व्यवस्थित र न्यूनीकरण गर्दै गुणस्तरीय जीवनको प्रवर्द्धन गर्नु।

### रणनीति

१) ग्रामीण विकास गुरूयोजना तथा स्थानीय स्रोत-साधन र प्रविधिमा आधारित उत्पादनशील पूर्वाधार विकास र दिगोपनामा प्राथमिकता दिने।

२) आधारभूत सेवामा सबैको पहुँच सुनिश्चित हुने गरी ग्रामीण पूर्वाधार विकास गर्ने, आय-आर्जन र रोजगारी सुनिश्चित गर्दै बसाइँ-सराइलाई व्यवस्थित र न्यूनीकरण गर्ने।

३) जोखिमयुक्त बस्तीको व्यवस्थापन गरी नदी किनारा, भीरपाखा र खेतीयोग्य ठाउँमा हुने बस्ती विस्तारलाई निरूत्साहित गर्ने।

### अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| **ग्राभेल गरिएको ग्रामीण सडक** (कि.मि.) | १३,१५१ | १९,१५१ |
| **झोलुङ्गे पुल निर्माण** (सङ्ख्या) | ८,०३५ | १०,९३५ |

# ७.८ आवास तथा बस्ती विकास

## सोच

सुलभ, सुरक्षित, उत्थानशील र एकीकृत आवास तथा बस्ती ।

## लक्ष्य

एकीकृत योजनाबद्ध बस्ती विकासको माध्यमबाट नागरिकको लागि दिगो र उत्थानशील आवास व्यवस्था गर्ने ।

## उद्देश्य

१) सबैका निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री र उत्थानशील आवास निर्माण तथा स्तरोन्नति गर्नु ।

२) तीनै तहको समन्वय र सहकार्यमा एकीकृत बस्ती विकास गर्नु ।

## रणनीति

१) तीन तहको क्षेत्रगत भूमिका स्पष्ट पार्दै संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

२) विकट, अपायक र विपद्को उच्च जोखिममा रहेका बस्तीलाई निरुत्साहित गर्ने ।

३) सन्तुलित, सम्भाव्य, उपयुक्त, सुरक्षित तथा व्यवस्थित एकीकृत बस्ती विकास गर्ने ।


४) लक्षित र सीमान्तकृत जातजाति तथा समुदाय एवम् विपद्को उच्च जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास व्यवस्था गर्ने ।

५) जमिनको प्रभावकारी उपयोग हुने गरी आवासको लागि जग्गा लगायत भौतिक पूर्वाधार एकीकृत रूपमा विकास गर्ने ।

## अपेक्षित उपलब्धि

आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार (प्रतिशत)

सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या (प्रतिशत)



# ७.९ भवन निर्माण

## सोच

सुरक्षित, किफायती र वातावरणमैत्री भवन

## लक्ष्य

सुरक्षित, आकर्षक, किफायती र वातावरणमैत्री भवन निर्माण, स्तरोन्नति तथा सुधार गर्ने ।

## उद्देश्य

१) उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामाग्रीलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ, सुलभ र किफायती भवन निर्माण गर्नु ।

२) एकीकृत सरकारी भवन सम्बन्धी एकद्वार नीति सहित संस्थागत तथा कानूनी सुधार गर्नु ।

## रणनीति

१) संस्थागत क्षमता विकास गर्दै एकीकृत सरकारी भवन निर्माण गर्ने ।

२) एकीकृत सरकारी भवन डिजाइन, निर्माण, प्रयोग तथा मर्मत-संभारमा एकद्वार नीति सहित संस्थागत तथा कानूनी सुधार गर्ने ।

## अपेक्षित उपलब्धि

**सरकारी कार्यालय भवन निर्माण (वार्षिक)** (सङ्ख्या)

| २०७५/७६ आधार वर्ष | २०७८/७९ लक्ष्य |
|---|---|
| १० | १५ |

**आफ्नै प्रशासकीय भवन भएका स्थानीय तह** (सङ्ख्या)

| २०७५/७६ आधार वर्ष | २०७८/७९ लक्ष्य |
|---|---|
| ७५ | ७५३ |

# ७.१० पुनर्निर्माण

## सोच

सुरक्षित र योजनाबद्ध पुनर्निर्माण।

## लक्ष्य

भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचनाको दिगो, सुरक्षित र बहुप्रकोप प्रतिरोधात्मक ढङ्गले पुनर्निर्माण गर्ने।

## उद्देश्य

१) निजी आवास तथा सार्वजनिक भौतिक संरचनाको शीघ्र पुनर्निर्माण सम्पन्न गर्नु।

२) जोखिमयुक्त बस्ती स्थानान्तरण, एकीकृत बस्ती विकास र पुनर्स्थापना गर्नु।

## रणनीति

१) भूकम्प प्रतिरोधी हुनेगरी भूकम्पबाट क्षतिग्रस्त निजी आवास र सार्वजनिक भौतिक संरचना पुनर्निर्माण र सुधार गर्ने।

२. जोखिमयुक्त बस्ती स्थानान्तरण एवम् एकीकृत बस्ती विकास गर्ने।

३. भूकम्प पीडितका लागि आय-आर्जनका अवसर सिर्जना गर्ने।

४. विपद् व्यवस्थापनका लागि स्थानीय तहदेखि नै क्षमता र प्रभावकारिता सुदृढ गर्ने।

## अपेक्षित उपलब्धि

| ५,०५,४२४ | १६७ | ३,७३७ | ५५४ | ६६८ |
|---|---|---|---|---|
| निजी आवास पुर्ननिर्माण | सार्वजनिक भवन पुर्ननिर्माण | विद्यालय भवन पुर्ननिर्माण | स्वास्थ्य केन्द्र पुर्ननिर्माण | पुरातात्विक सम्पदा |



परिच्छेद

# ८

# लोकतन्त्र र सुशासन



# ८.१ राष्ट्रिय एकता

## सोच

राष्ट्रिय एकताको संरक्षण, संवर्द्धन र प्रवर्द्धन।

## लक्ष्य

बहुल समाजको विशेषतालाई देशको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकाससँग आबद्ध गर्नु।

## उद्देश्य

विविधताको उचित सम्बोधन र सम्मान मार्फत राष्ट्रिय एकता सुदृढ बनाउनु।

## रणनीति

१) विविधतायुक्त नेपालको विशेषता र सबल पक्षबारे नागरिकमा जनचेतना फैलाउने।
२) आपसी सद्भाव र मेलमिलापको माध्यमबाट सभ्य समाज निर्माण गर्न नागरिकलाई प्रेरित गर्ने।
३) समाजमा द्वेष र अन्तरद्वन्द्व फैलाउने गतिविधिलाई कानूनी दायरामा ल्याउने।

## अपेक्षित उपलब्धि

| | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| **राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक** (प्रतिशत) | – | १०० |

## ८.२ नेतृत्व निर्माण

### सोच

निष्ठावान, सक्षम, इमान्दार र गतिशील नेतृत्व विकास ।

### लक्ष्य

लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित शासन सञ्चालन, व्यवस्थापन र सर्वाङ्गीण विकासलाई प्रभावकारी रूपमा अगाडि बढाउन सक्षम एवम् कुशल नेतृत्वको विकास गर्ने ।

### उद्देश्य

१) मुलुकको सर्वाङ्गीण विकास र सुशासनका लागि सबै क्षेत्रमा सक्षम तथा कुशल नेतृत्व विकास गर्नु ।

२) विभिन्न तहको नेतृत्वबीचको अन्तरसम्बन्धलाई प्रगाढ बनाउँदै सहभागितात्मक एवम् सहकार्यात्मक नेतृत्वशैली विकास गर्नु ।

### रणनीति

१) सक्षम र प्रभावकारी नेतृत्व विकासका लागि योजना तयार गर्ने ।

२) विभिन्न तहको नेतृत्व बीच साझेदारी र सहकार्य विकास गर्ने ।

३) पदमा मात्र नभई क्षमतामा आधारित नेतृत्व विकासलाई प्राथमिकता दिने ।

### अपेक्षित उपलब्धि

सक्षम र सफल नेतृत्व मार्फत देश विकास भएको हुनेछ ।

# ८.३ अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध

### सोच

समुन्नत र समन्यायिक विकास एवम् राष्ट्रिय सम्मानका लागि अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध।

### लक्ष्य

नेपाललाई आकर्षक लगानी तथा पर्यटन गन्तव्य, सन्तुलित एवम् विविधीकृत अन्तर्राष्ट्रिय व्यापार र आर्थिक अन्तरआबद्धता भएको सुदृढ तथा आत्मनिर्भर अर्थतन्त्रका रूपमा विकास गर्न अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धको सुदृढीकरण गर्ने।

### उद्देश्य

राष्ट्रिय हित प्रवर्द्धन गर्दै विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउन अन्तर्राष्ट्रिय सम्बन्धको महत्तम परिचालन गर्नु।

### रणनीति

१) अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय हित, राष्ट्रिय छवि, राष्ट्रिय पहिचान र प्रतिष्ठाको प्रवर्द्धन गर्ने।
२) आर्थिक कूटनीतिलाई रणनीतिक तथा नतिजामूलक रूपमा परिचालन गर्ने।
३) राष्ट्रिय हित अनुकूल हुने गरी विद्यमान सन्धि, सम्झौता र समझदारी पुनरवलोकन गर्ने।
३) कूटनीतिक दक्षता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने।

### अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुक** (सङ्ख्या) | १६८ | १७५ |
| **नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुक** (सङ्ख्या) | ३५ | ६० |

# ८.४ शान्ति सुव्यवस्था र सुरक्षा

## सोच

स्वतन्त्र, अखण्ड, सुरक्षित, सार्वभौम र शान्तिपूर्ण नेपाल।

## लक्ष्य

सर्वाङ्गीण मानवीय सुरक्षा सहितको विकास र समृद्धिका लागि शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति गर्दै राष्ट्रिय हित र स्वार्थको संरक्षण एवम् संवर्द्धन गर्ने।

## उद्देश्य

१) सुरक्षा निकायबीच शान्ति-सुरक्षामा सहयोग र समन्वय सुदृढ गर्दै विश्वसनीय र भरपर्दो सुरक्षा प्रणाली विकास गर्नु।
२) सामाजिक विकृति, द्वन्द्व, अपराध र हिंसा नियन्त्रण गर्दै दिगो शान्ति प्रवर्द्धन गर्नु।
३) शान्तिमैत्री विकास प्रणाली तथा प्रक्रिया अवलम्बन गर्दै सामाजिक-आर्थिक विकासमा शान्ति सुरक्षालाई आन्तरिकीकरण गर्नु।
४) सुरक्षा निकायलाई चुस्त, व्यावसायिक र साधन-स्रोत सम्पन्न तुल्याउनु।
५) अन्तर्राष्ट्रिय सिमाना र सीमा नाकाको सुरक्षा व्यवस्था र अध्यागमन प्रणालीलाई सुदृढीकरण गर्नु।
६) विद्युतीय माध्यममा आधारित एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गर्नु।
७) सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गरी शान्ति स्थापनामा योगदान पुऱ्याउनु।

## रणनीति

१) सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति, रणनीति र कानून तथा संगठनात्मक पक्षमा समसामयिक सुधार गर्ने।
२) कानूनको परिपालना, सामाजिक न्याय र द्वन्द्व व्यवस्थापन मार्फत दिगो शान्ति प्रवर्द्धन गर्ने।
३) कानूनी एवम् संस्थागत सुदृढीकरणसहित साझेदारी मार्फत सामाजिक विकृति, द्वन्द्व, अपराध, हिंसा र लागू पदार्थको कारोबार तथा दुर्व्यसन नियन्त्रण गर्ने।
४) शान्ति सुरक्षा, अपराध अनुसन्धान र नियन्त्रणका लागि आधुनिक प्रविधिको प्रयोग तथा गुप्तचर सुरक्षा सूचना प्रणाली सुदृढीकरण गर्ने।
५) विकासका सबै आयाममा सुरक्षा चासो सम्बोधन गर्दै सुरक्षा निकायको कार्यक्षमता अभिवृद्धि गर्ने।
६) नागरिक-मैत्री सुरक्षा व्यवस्था सुदृढ गर्ने।
७) सुरक्षा निकायलाई दक्ष आधुनिक व्यावसायिक तथा साधन-स्रोत सम्पन्न बनाई सुरक्षा चुनौती सामना गर्न सक्षम बनाउने।
८) सीमा सुरक्षा र अध्यागमन प्रणालीलाई कूटनीतिक पहल तथा संस्थागत सुदृढीकरणका आधारमा व्यवस्थित र सुदृढ गर्ने।
९) कारागार सम्बन्धी न्यूनतम मापदण्ड परिमार्जन गरी सुधार गृहको रूपमा विकास गर्ने।
१०) एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरी नागरिकका विवरण र सेवा-सुविधा समेतको अभिलेख आबद्ध गर्ने।
११) सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गर्दै शान्ति स्थापना कार्यमा योगदान पुऱ्याउने।

## अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| **नेपाल प्रवेश गर्ने र बाहिरिने विदेशीको जैविक सूचना सहितको अध्यागमन प्रणाली लागू भएका अध्यागमन कार्यालय** (सङ्ख्या) | – | ७ |
| **बायोमेट्रिक सहितको अपराध तथा अपराधी अभिलेख प्रणाली स्थापना** (जिल्ला) | २६ | ७७ |
| **दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात** (प्रतिशत) | ८८.९ | १०० |

# ८.५ निर्वाचन प्रणाली

## सोच

स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनको सञ्चालन एवम् व्यवस्थापन।

## लक्ष्य

सबै उम्मेदवार तथा मतदातालाई आफ्नो राजनीतिक अधिकार निर्बाध ढङ्गले उपभोग गर्न पाउने अवसर प्रदान गरी स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित, विश्वसनीय र मितव्ययी आवधिक निर्वाचन गर्ने।

## उद्देश्य

१) स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन प्रणालीको माध्यमबाट मताधिकार सुनिश्चित गर्दै लोकतन्त्रको संस्थागत विकासमा योगदान गर्नु।

२) निर्वाचन कार्यक्रम र प्रक्रियामा महसुस हुने गरी सुधार गर्दै लैजानु।

३) निर्वाचन शिक्षा मार्फत निर्वाचनलाई बढीभन्दा बढी सहभागितामूलक बनाउनु।

## रणनीति


१) निर्वाचन सम्बन्धी कानून परिमार्जन तथा नीतिगत सुधार गर्ने।

२) निर्वाचन शिक्षा तथा नवीनतम प्रविधिको उच्चतम प्रयोग गरी मतदाता नामावली दर्ता, अद्यावधिक, मतदान र मतगणना गर्ने।

३) राजनीतिक दल, सरोकारवाला र सुरक्षा निकायबीच विश्वासिलो वातावरण सिर्जना गरी निर्वाचन सुरक्षालाई मजबुत र भरपर्दो बनाउने।

४) निर्वाचन आयोगको संस्थागत सुदृढीकरण गर्ने।

## अपेक्षित उपलब्धि



# ८.६ मावन अधिकार

## सोच

समावेशी, मर्यादित, समतामूलक र स्वअनुशासित समाज निर्माण ।

## लक्ष्य

न्यायमैत्री शासन प्रणाली र प्रभावकारी सेवा प्रवाह मार्फत अधिकारको निर्बाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

## उद्देश्य

१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्नु ।

२) सीमान्तकृत, विपन्न, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका एवम् पछि परेका क्षेत्र, वर्ग र समुदायको अधिकार सुनिश्चित गर्नु ।

३) मानव अधिकार प्रवर्द्धन एवम् मानव अधिकारमैत्री शासन पद्धति विस्तार गर्नु ।

## रणनीति

१) मौलिक हक कार्यान्वयन सम्बन्धी कानून प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

२) समाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने ।

३) मानव अधिकार उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने ।

४) मानव अधिकार संस्कृति विकास गरी अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिबद्धताबाट सिर्जित दायित्व कार्यान्वयन गर्ने ।

५) योजना तथा कार्यक्रम कार्यान्वयनमा मानव अधिकारमुखी पद्धति अपनाउने ।

## अपेक्षित उपलब्धि

| | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| **मानव अधिकार उल्लंघनका घटनाको उजुरी फछ्र्यौट** (प्रतिशत) | – | १०० |

# ८.७ न्याय प्रणाली

## सोच

स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम र विश्वसनीय न्याय प्रणाली।

## लक्ष्य

स्वतन्त्र एवम् सक्षम न्याय प्रणाली, प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षा, संविधान प्रदत्त मौलिक हकको सुनिश्चितता एवम् मानव अधिकारको संरक्षण, सम्वर्द्धन, न्यायिक प्रक्रियामा सूचना प्रविधिको प्रयोग गरी सहज पहुँच विस्तार तथा कानूनी सहायताको प्रभावकारिता अभिवृद्धिसँगै कानूनी शासनको प्रतिफल जनताले अनुभूत गर्ने न्याय व्यवस्था कायम गर्ने।

## उद्देश्य

१) सबैका लागि न्याय सुनिश्चित गर्दै न्यायपालिका प्रतिको जनआस्था र विश्वास अभिवृद्धि एवम् न्यायपूर्ण समाज निर्माण गर्नु।
२) सरल र गुणस्तरीय कानूनको तर्जुमा गर्नु तथा मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै न्यायमा सबैको सहज पहुँच स्थापित गराउनु।
३) पीडित पक्ष र सरकारी पक्षका साक्षीको संरक्षण एवम् अपराध पीडितलाई न्याय दिई दण्डहीनताको अन्त्य गर्नु।
४) कानूनी शिक्षा र शिक्षण प्रणालीलाई गुणस्तरीय, प्रतिस्पर्धी एवम् समाजको आवश्यकता परिपूर्ति गर्ने गरी विकास गर्नु।

## रणनीति

१) सूचना प्रविधिमैत्री मुद्दा प्रवाह व्यवस्थापन र स्वचालित फैसला कार्यान्वयन पद्धति विकास एवम् न्यायपालिकाको संस्थागत सुदृढीकरण र न्यायिक जनशक्तिको क्षमता विकास गर्ने।
२) संविधान अनुकूलको कानून निर्माण गर्ने।
३) निःशुल्क कानूनी सहायता सेवा पहुँचयोग्य र प्रभावकारी बनाउने।
४) अपराध अनुसन्धान, अभियोजन र प्रतिरक्षा प्रणालीलाई वैज्ञानिक र वस्तुगत प्रमाणमा आधारित बनाउने तथा संस्थागत सुदृढीकरण गर्ने।
५) न्याय सेवाका कर्मचारी र सरकारी वकिल एवम् स्थानीय न्यायिक समितिका पदाधिकारीको क्षमता अभिवृद्धि गर्ने।
६) पीडित पक्ष र सरकारी पक्षका साक्षीको संरक्षण गर्ने तथा मुद्दाका साक्षी र प्रमाणको प्रस्तुतिलाई प्रभावकारी बनाउने।

## अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| विधिको शासन सूचकाङ्क | ०.५४ | ०.५८ |
| मुद्दा फैसला (प्रतिशत) | ५६.५ | ६० |
| फैसला कार्यान्वयन (प्रतिशत) | ३९ | ६० |

# ८.८ संघीय शासन प्रणाली

### सोच

समन्वय, सहयोग र सहकार्यमा आधारित समावेशी संघीय शासन प्रणाली।

### लक्ष्य

संघीय शासन पद्धतिबाट प्राप्त हुने लाभमा सबै नागरिकहरूको समान पहुँच र अवसर सुनिश्चित गर्ने।

### उद्देश्य

१) लोकतन्त्रका लाभको समानुपातिक, समावेशी र न्यायोचित वितरणको अवस्था सिर्जना गर्नु।

१) सन्निकटताको सिद्धान्त अनुसार कार्यसम्पादन हुने अवस्था सिर्जना गर्नु।

१) स्थानीय तहबाट राजनैतिक एवम् प्रशासनिक नेतृत्व विकास गर्नु।

### रणनीति

१) तहगत सम्बन्धलाई परिभाषित गर्न कानूनी र संस्थागत आधार तयार गर्ने।

२) तीन तहका सरकार सहज रूपले सञ्चालन गर्न योजना, नीति र रणनीति बनाई कार्यान्वयन गर्ने।

३) भौगोलिक, सामाजिक, आर्थिक र सांस्कृतिक विविधतालाई जीवन्तता प्रदान गर्ने।

### अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| आफ्नै प्रशासकीय भवन भएका स्थानीय तह (सङ्ख्या) | ७५ | ७५३ |
| स्थानीय तहका कर्मचारीको क्षमता विकास (तालिम) जना (हजारमा) | – | २० |
| स्थानीय तहका पदाधिकारीको क्षमता विकास (तालिम) जना (हजारमा) | ३७ | ३७ |


# ८.९ प्रदेश तथा स्थानीय तहको सन्तुलित विकास

## सोच

मजबुत संघीय शासन प्रणालीमा आधारित समृद्ध नेपाल।

## लक्ष्य

राष्ट्रको समग्र विकासमा योगदान दिन सक्ने गरी प्रदेश र स्थानीय तहलाई सुदृढ बनाउने।



## उद्देश्य

प्रदेश तथा स्थानीय शासन प्रणालीको सन्तुलित र दिगो विकास गर्नु।

## रणनीति

१) संघीय सरकारको सहयोग र समन्वयमा प्रदेश र स्थानीय तहले आ-आफ्नो भौगोलिक क्षेत्रको वस्तुस्थिति विश्लेषण गरी सदुपयोग गर्ने।

२) स्थानीय तह र प्रदेशको स्रोत-साधन र क्षमता अभिवृद्धि गरी विकासशील जनशक्ति उत्पादन गर्ने।

३) समन्वय तथा सहकार्य गर्दै प्रतिस्पर्धात्मक हुन सबै स्थानीय तथा प्रदेश सरकारलाई उत्प्रेरित गर्ने।

## अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| संघीय विभाज्य कोषबाट प्रदेश तथा स्थानीय तहमा राजस्व बाँडफाँट (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | २.७% | ३% |

# ८.१० शासकीय सुधार

## सोच

पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायी र आधुनिक प्रविधिमा आधारित विधिको शासन।

## लक्ष्य

समग्र शासन व्यवस्थामाथि नागरिकको विश्वास अभिवृद्धि गर्दै विधिको शासन सुदृढ बनाउने।

## उद्देश्य

सार्वजनिक निकायका काम कारवाहीलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वास अभिवृद्धि गर्नु।

## रणनीति

१) सांगठनिक, कानूनी, प्रणालीगत तथा व्यवहारगत सुधार गर्ने।

२) विकास आयोजनाको समस्या सम्बोधन गर्न प्रविधिमा आधारित तत्काल समस्या समाधान प्रणाली अवलम्बन गर्ने।

३) राजनीतिक तथा प्रशासनिक क्षेत्रका जिम्मेवार पदाधिकारीको कार्यसम्पादन स्तरलाई मापनयोग्य बनाउने।

४) सार्वजनिक निकायका काम कारवाहीप्रति सकारात्मक छवि निर्माण गर्ने।

## अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **नियामक गुणस्तर** (Regulatory Quality) (सूचकाङ्क) | -0.७५ | १ |
| **सरकारको प्रभावकारिता** (Government Effectiveness) (सूचकाङ्क) | -0.९ | १ |

# ८.११ प्रशासकीय सुशासन

## सोच

परिणाममुखी र जनसेवी सार्वजनिक प्रशासन तथा विकास व्यवस्थापन।

## लक्ष्य

जवाफदेही, व्यावसायिक र सक्षम सार्वजनिक प्रशासनबाट सार्वजनिक सेवाप्रतिको जनविश्वास अभिवृद्धि गर्ने र विकासलाई नतिजामुखी बनाउने।

## उद्देश्य

१) सार्वजनिक प्रशासनलाई संघीय संरचना अनुरूप सबल, सक्षम र सुदृढ बनाई दक्ष, सेवाग्राहीमुखी र व्यावसायिक बनाउनु।

२) सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाउनु।

३) सेवा प्रवाह र शासन प्रणालीमा बहुपक्षीय साझेदारी विकास गर्नु।

## रणनीति

१) निजामती सेवाको राष्ट्रिय नीति तथा मानव संसाधन विकास योजना बनाई कर्मचारी एवम् तालिम प्रदायक संस्थाको क्षमता विकास गर्ने।

२) अन्तरसरकार समन्वय र सहकार्यलाई प्रभावकारी एवम् व्यवस्थित बनाउने।

३) सेवा प्रवाहलाई नागरिक र विकासमैत्री बनाई विकास व्यवस्थापनमा सहकारी तथा निजी क्षेत्रलाई आबद्ध गर्ने।

४) राष्ट्रसेवकलाई आफ्नो कार्य जिम्मेवारी प्रति थप परिणाममुखी र उत्तरदायी बनाउने।

## अपेक्षित उपलब्धि

**आवाज र उत्तरदायित्व**
(Voice and Accountability)
(सूचकाङ्क)

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| -0.१३ | १ |

**हेलो सरकारमा प्राप्त उजुरी फर्छ्यौट** (प्रतिशत)

हेलो! सरकार

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| ४८.९ | ९८ |


# ८.१२ भ्रष्टाचार नियन्त्रण

## सोच

सदाचारयुक्त समाज निर्माण ।

## लक्ष्य

भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी मर्यादित एवम् स्वच्छ समाज निर्माण गर्ने ।



## उद्देश्य

भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी सुशासनको अनुभूति दिलाउनु ।

## रणनीति

१) नीति तथा कानूनमा समयानुकूल परिमार्जन तथा कार्यान्वयन गर्ने ।

२) भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता सहित सदाचारयुक्त समाज निर्माण गर्ने ।

३) भ्रष्टाचार विरुद्धका चेतनामूलक, निरोधात्मक एवम् दण्डात्मक काम कारवाहीलाई प्रभावकारी बनाउने ।

४) खर्च, समयावधि तथा प्रक्रिया एवम् कार्यविधिमा स्पष्टता ल्याई सार्वजनिक सेवालाई जवाफदेही एवम् पारदर्शी बनाउने ।

५) आर्थिक अनियमितता नियन्त्रण गरी निजी क्षेत्रको सेवा प्रवाहलाई गुणस्तरीय एवम् सेवामूलक बनाउने ।


## अपेक्षित उपलब्धि

**भ्रष्टाचार नियन्त्रण**
(Control of Corruption)
(सूचकाङ्क)

| -०.६७ | १ |
|---|---|
| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |



**भ्रष्टाचार अनुभूति सूचकाङ्क**




| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|

# ८.१३ मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रण

## सोच

मानव बेचबिखन तथा ओसार-पसारमुक्त मर्यादित समाज।

## लक्ष्य

मानव बेचबिखन तथा ओसार-पसारको जोखिममा रहेका समूह/समुदायको सामाजिक-आर्थिक रूपान्तरण गर्ने।

## उद्देश्य

१) मानव बेचबिखन तथा ओसार-पसारको जोखिममा रहेका समूह र समुदायको आर्थिक-सामाजिक सशक्तीकरण गर्नु।

२) निरोधात्मक अभियान मार्फत मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रण गर्नु।

३) पीडित तथा प्रभावितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनर्स्थापनालाई प्रभावकारी बनाउनु।

## रणनीति

१) जोखिममा रहेका समूह र समुदायको पहिचान गरी सशक्तीकरण गर्दै बेचबिखन तथा ओसार-पसार कार्यलाई नियन्त्रण तथा निरुत्साहित गर्ने।


२) साझेदारी संयन्त्र र संरचनाको क्षमता अभिवृद्धि तथा सरोकारवालाबीच साझेदारी कायम गर्ने।

३) पीडित र प्रभावितको संरक्षणका लागि आधारभूत मानव अधिकारको सम्मान गर्दै सेवा प्रवाह सुनिश्चित गर्ने।

४) प्रभावकारी फौजदारी न्याय प्रणाली र कानूनी एवम् संस्थागत संरचनाको माध्यमबाट पीडित र प्रभावितको न्यायमा पहुँच अभिवृद्धि गर्ने।

## अपेक्षित उपलब्धि

**हराएका बालबालिका (प्रति लाख जनसङ्ख्यामा)**





परिच्छेद

# ५

# अन्तरसम्बन्धित विषय क्षेत्र

# ९.१ तथ्याङ्क प्रणाली

### सोच

सबल, क्रियाशील र समन्वयात्मक राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास ।

### लक्ष्य

समन्यायिक विकास र समृद्धि सम्बन्धी नीतिका लागि संघीय शासन प्रणाली सापेक्ष गुणस्तरीय तथ्याङ्क उत्पादन, व्यवस्थापन र आपूर्ति पद्धतिको विकास गर्ने ।

### उद्देश्य

१) विश्वसनीय, गुणस्तरीय तथा तुलनायोग्य तथ्याङ्क उत्पादन गरी नियमित आपूर्ति गर्नु ।

२) निकायगत तथा तहगत समन्वय स्थापना गरी संघीय संरचना अनुरूपको तथ्याङ्क प्रणाली विकास गर्नु ।

### रणनीति

१) संघीय पद्धति बमोजिम नीतिगत र संस्थागत व्यवस्था गर्ने ।

२) सूचकहरूको पहिचान र प्राथमिकीकरण गरी प्रचलित विधि र गुणस्तर मापदण्ड अनुरूपको तथ्याङ्क उत्पादन र आपूर्ति गर्ने ।

३) तथ्याङ्क उत्पादन र आपूर्तिमा सबै तथ्याङ्कीय स्रोतको उपयोग गर्ने ।

४) तथ्याङ्कीय क्रियाकलापमा सूचना प्रविधि लगायतका नवीनतम प्रविधिको प्रयोग वृद्धि गर्ने ।

५) तथ्याङ्क सम्बन्धी संगठनात्मक व्यवस्था, क्षमता विकास, समन्वय र सञ्जालीकरण गर्ने ।

### अपेक्षित उपलब्धि

**राष्ट्रियस्तरको गणना**

३

योजना अवधि



**राष्ट्रियस्तरको सर्वेक्षण**

१६

योजना अवधि

# ९.२ गरिबी निवारण

### सोच
सबै प्रकारको गरिबीमुक्त समाज।

### लक्ष्य
गरिब र धनीबीचको आर्थिक असमानता न्यूनीकरण गर्दै गरिबीको रेखामुनि रहेको जनसङ्ख्या एकल अंकमा ल्याउने।

### उद्देश्य
१) गरिब पहिचान एवम् गरिब लक्षित कार्यक्रम सञ्चालन गर्नु।
२) गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु।
३) स्रोत-साधनमा गरिबको सहज पहुँच स्थापित गर्नु।

### रणनीति
१) सर्वेक्षण मार्फत गरिब घर-परिवार पहिचान गरी अद्यावधिक विवरण राख्ने।
२) गरिब लक्षित कार्यक्रम तथा आयोजना तर्जुमा र कार्यान्वयन गर्ने।
३) रोजगारमूलक सीप विकास कार्यक्रम सञ्चालन गर्ने।
४) उत्पादनमूलक रोजगारी तथा अवसरको अभिवृद्धि गरी गरिबको पहुँच सुनिश्चित गर्ने।
५) गरिबी निवारण नीति तर्जुमा गरी उत्पादनका स्रोत-साधनमा पहुँच सुनिश्चित गर्ने।
६) आधारभूत आवश्यकताका वस्तु तथा सेवामा गरिबको पहुँच सुनिश्चित गर्ने।

### अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| गरिबी (प्रतिदिन १.९ अमेरिकी डलर (पिपिपि मूल्य) को आधारमा (प्रतिशत) | १५ | ८ |
| गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) (प्रतिशत) | १८.७ | ९.५ |
| बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशत) | २८.६ | ११.५ |

# ९.३ श्रम तथा रोजगारी

### सोच

सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता।

### लक्ष्य

उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेखनीय रूपमा कमी ल्याउने।

### उद्देश्य

१) उत्पादनशील र मर्यादित रोजगारीका अवसर विस्तार गर्नु।
२) असल औद्योगिक श्रम सम्बन्ध विकास गर्नु।
३) बालश्रम लगायत सबै प्रकारका श्रम शोषण अन्त्य गर्नु।
४) वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नु।

### रणनीति

१) स्थानीय तहदेखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने।
२) कानूनको प्रभावकारी कार्यान्वयन र सामाजिक संवादको माध्यमबाट असल औद्योगिक श्रम सम्बन्ध विकास गर्ने।
३) प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम र सीप विकासद्वारा श्रमिकको दक्षता अभिवृद्धि गर्ने।
४) रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा तहगत समन्वय गर्ने।
५) वैदेशिक रोजगारीलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने।
६) रोजगारी सिर्जना, समन्वय तथा नियमन गर्न अधिकार सम्पन्न उच्चस्तरीय '*राष्ट्रिय रोजगार प्राधिकरण*' गठन गर्ने।

### अपेक्षित उपलब्धि

| | आधार वर्ष २०७५/७६ | लक्ष्य २०८०/८१ |
|---|---|---|
| **श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि)** (प्रतिशत) | ३८.५ | ४९ |
| **रोजगारी सिर्जना (वार्षिक)** (हजार जनामा) | - | ६०० |
| **रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा** (प्रतिशत) | ३६.५ | ५० |
| **श्रमको औसत उत्पादकत्व वार्षिक** (रु. हजारमा) | १८४.६ | २७६ |
| **प्रति श्रमिक वैदेशिक रोजगारी लागत (श्रमिकबाट व्यहोरिएको)** (अमेरिकी डलर) | १,००० | ६६७ |

# ९.४ मानव संसाधन विकास

### सोच

दक्ष, कुशल, सीपयुक्त र उत्पादनशील मानव संसाधनको विकास ।

### लक्ष्य

बजारको माग र आपूर्तिबीच सन्तुलन कायम गर्दै सामाजिक तथा आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास गर्ने ।

### उद्देश्य

१) तत्कालीन र दीर्घकालीन रूपमा आवश्यक पर्ने मानव संसाधनको अवस्था मूल्याङ्कन र प्रक्षेपण गर्नु ।

२) प्रतिस्पर्धी, सक्षम तथा गुणस्तरीय मानव संसाधन उत्पादन गर्नु ।

### रणनीति

१) दक्ष तथा अर्धदक्ष मानव संसाधनको आवधिक प्रक्षेपणका आधारमा योजना तयार गरी लागू गर्ने ।

२) मानव संसाधनको विकास र उपयोगमा साझेदारी र सहकार्य गर्ने ।

३) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासलाई पहुँचयोग्य र गुणस्तरीय बनाउने ।

४) वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त जनशक्तिको ज्ञान र सीप उपयोग गर्ने ।

५) विदेशी उद्योग र कम्पनी मार्फत नयाँ प्रविधि प्राप्ति र उपयोग गर्ने ।

### अपेक्षित उपलब्धि

**काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या** (प्रतिशत)

| | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या (प्रतिशत) | ३१ | ५० |

# ९.५ अनुसन्धान तथा विकास

## सोच

तथ्य र ज्ञानमा आधारित विकासको माध्यमबाट समृद्ध राष्ट्र निर्माण ।

## लक्ष्य

अनुसन्धान तथा विकासलाई सिर्जनशील ज्ञानको भण्डारको रूपमा विकास गर्ने ।

## उद्देश्य

१) अनुसन्धान तथा विकासको माध्यमबाट ज्ञानमा आधारित र सिर्जनशील नागरिक तयार गर्नु ।

२) अनुसन्धान तथा विकासको उपलब्धिलाई राष्ट्र हित, नीति तथा कार्यक्रममा अवलम्बन गर्नु ।

३) अनुसन्धान तथा विकासको माध्यमबाट नीति निर्माण तथा कार्यान्वयन क्षमता अभिवृद्धि गर्नु ।

## रणनीति

१) शैक्षिक प्रणालीलाई व्यावहारिक, प्रयोगात्मक र अनुसन्धानमूलक बनाउन जोड दिने ।

२) तालिम र विकासलाई अनुसन्धान तथा विकाससँग आबद्ध गर्ने ।

३) अनुसन्धान तथा विकासलाई प्राथमिकतामा राखी विषय क्षेत्रगत नीतिहरूको पुनरवलोकन गरी पृष्ठपोषण लिने ।

४) अनुसन्धान तथा विकासलाई अनुसन्धान आयोजनाको रूपमा विकास गर्ने ।

५) अनुसन्धान तथा विकासको माध्यमबाट मानव संशाधन विकासमा जोड दिने ।

६) नीति निर्मातालाई व्यावसायिक तथा क्षेत्रगत विषय विज्ञ बनाउने ।

## अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
| --- | --- | --- |
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अनुसन्धान र विकास खर्च** (प्रतिशत) | ०.३ | १ |

# ९.६ समावेशीकरण

## सोच

राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास।

## लक्ष्य

मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरूको सशक्तीकरण र समानुपातिक विकास गर्ने।

## उद्देश्य

वञ्चितीमा परेका लक्षित वर्गका लागि साधन-स्रोत तथा सुविधामा समानुपातिक समावेशी पहुँच सुनिश्चित गर्नु।

## रणनीति

१) स्रोत-साधनमा लक्षित वर्गको समानुपातिक पहुँच बढाउने।
२) निर्णय प्रक्रिया तथा प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।
३) सीप विकास तालिम प्रदान गरी रोजगारीका अवसर उपयोग गर्न सक्षम बनाउने।
४) आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम समुदाय तथा पिछडावर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्ने।

## अपेक्षित उपलब्धि



**सार्वजनिक सेवामा महिला प्रतिनिधित्व** (प्रतिशत)

| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|
| २४.७ | ३४ |

राजनीतिक, प्रशासनिक र शौक्षिक क्षेत्रमा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट सबैको अर्थपूर्ण सहभागिता भएको हुनेछ।

# ९.७ सामाजिक-सांस्कृतिक विविधता तथा एकता

## सोच

विविधतामा गौरव गर्ने एकताबद्ध नेपाली समाज।

## लक्ष्य

नेपालका सबै मौलिक संस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्दै राष्ट्रिय एकता एवम् अखण्डता मजबुत बनाउने।

## उद्देश्य

१) संस्कृति र परम्पराको जगेर्ना गरी मौलिक पहिचान र राष्ट्रिय एकता अभिवृद्धि गर्नु।

२) सम्पदाहरूको संरक्षण र व्यवस्थापन गरी पर्यटकीय स्थलको रूपमा विकास गर्नु।

३) भाषा, साहित्य, लिपी, सङ्गीत, नाट्यकला र ललितकलाको बृहत्तर विकास र प्रवर्द्धन गर्नु।

## रणनीति

१) सामाजिक, सांस्कृतिक र धार्मिक मूल्य-मान्यताको कदर, संरक्षण र सम्मान गर्दै सांस्कृतिक परिभाष्य निर्माण गर्ने।

२) धार्मिक, सांस्कृतिक एवम् पुरातात्विक सम्पदाहरूको संरक्षण र क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्न सरकार, निजी क्षेत्र र समुदायबीच सहकार्य गर्ने।

३) भाषा, कला, साहित्य, संगीत आदि क्षेत्रसँग सम्बद्ध संस्थाहरूको सबलीकरण गर्ने।

४) सम्पदाहरूको अन्वेषण, उत्खनन्, संरक्षण र प्रवर्द्धनमा तहगत सरकारबीच समन्वय र सहकार्य गर्ने।

## अपेक्षित उपलब्धि

**२**
विश्वसम्पदा सूचीमा सूचिकृत थप सांस्कृतिक सम्पदा

**२०%**
मातृभाषामा पढाई हुने विद्यालय

**मातृभाषामा पठनपाठन हुने विद्यालय** (सङ्ख्या)

| २४.७ | ३४ |
|---|---|
| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |

# ९.८ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

### सोच

विपद् जोखिमबाट सुरक्षित र उत्थानशील नेपाल

### लक्ष्य

सबै प्रकारका प्राकृतिक प्रकोप एवम् गैरप्राकृतिक विपद् घटनाबाट सिर्जित मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्ने।

### उद्देश्य

१) विपद् उत्थानमैत्री शासन पद्धतिको सुदृढीकरण गर्नु।
२) तीन तहमा बहुप्रकोप जोखिम नक्साङ्कन तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास तथा विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण गर्नु।
३) सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्धि गरी समुदाय स्तरदेखि नै उत्थानशील क्षमता अभिवृद्धि गर्नु।
४) बृहत् सहभागिता र सचेतना अभिवृद्धि गर्दै विपद् पश्चातको पुनर्लाभ, पुनःस्थापना, पुनर्निमाण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु।

### रणनीति

१) विपद् उत्थानमैत्री शासन पद्धति सुदृढ बनाउन नीतिगत, संस्थागत र कार्यपद्धतिमा सुधार गर्ने।
२) विकास प्रक्रियामा जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने र लगानी, साझेदारी तथा सहकार्य अभिवृद्धि गर्ने।
३) बहुप्रकोप जोखिम आकलन/नक्साङ्कनमा आधारित पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ सम्बन्धी क्षमता विकास र साधन-स्रोतको व्यवस्थापन गर्ने।
४) विपद् व्यवस्थापनका लागि पूर्वाधार, जनशक्ति, क्षमता र प्रविधिको विकास र सुदृढीकरण गर्ने।
५) प्राकृतिक स्रोतबाट प्राप्त आयलाई विपद् जोखिम व्यवस्थापनमा उपयोग गर्ने।

### अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| **विपद्को कारण कुल गार्हस्थ्य उत्पादनमा भएको क्षति** (प्रतिशत) | २.५ | १.५ |
| **विपद्का घटनाबाट मृत्यु भएका जनसङ्ख्या** (प्रति लाख) | १.७ | १ |
| **विपद्का घटनाबाट प्रभावित परिवार सङ्ख्या** (प्रति हजार) | १७.१ | ९.८ |

## ९.९ वातावरण

### सोच

सफा, स्वच्छ र हरित वातावरण ।

### लक्ष्य

प्रदुषण नियन्त्रण, फोहर-मैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

### उद्देश्य

१) सबै प्रकारका प्रदुषणको रोकथाम र नियन्त्रण गर्नु ।

२) भौतिक पूर्वाधारको विकास र प्राकृतिक वातावरणबीच सन्तुलन कायम गर्नु ।

३) फोहर-मैला व्यवस्थापन, नदीको स्वच्छता
कायम र हरियाली विस्तार गर्नु ।

४) प्रदुषण नियन्त्रणका लागि नीति, कानून र संरचना निर्माण गर्नुका साथै अनुसन्धान र क्षमता अभिवृद्धि गर्नु ।

### रणनीति

१) प्रदुषण सम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी प्रदुषण रोकथाम र नियन्त्रणका साथै प्रदुषण पीडितलाई प्रदूषकबाट क्षतिपूर्तिको व्यवस्था गर्ने ।

२) कानून र संरचना निर्माण गरी वातावरणीय प्रभाव मूल्याङ्कन र न्यूनीकरणलाई पूर्वाधार विकासको अभिन्न अंग बनाउने ।

३) फोहोर-मैला व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता र नवीनतम प्रविधिको अवलम्बन गर्ने ।

४) शहरी क्षेत्रमा योजनाबद्ध एकीकृत नदी व्यवस्थापन र हरियाली प्रवर्द्धन गर्ने ।

५) प्रदुषण नियन्त्रण तथा वातावरण व्यवस्थापनमा शोध, अध्ययन एवम् सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने ।

### अपेक्षित उपलब्धि

**वायु प्रदुषणको औसत मात्रा (पि पि एम २.५)** (प्रतिशत)

| ५० | ४० |
|---|---|
| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |

**वायुमा सस्पेन्सन पार्टिकुलेटको गाढापन (२४ घण्टाको औसत)** (प्रतिशत)

| २३० | १५३.३ |
|---|---|
| २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |

# ९.१० जलवायु परिवर्तन

### सोच

जलवायु उत्थानशील समाजको निर्माण ।

### लक्ष्य

जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट दिगो समाज निर्माणमा योगदान गर्ने ।

### उद्देश्य

१) जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै अनुकूलन क्षमता अभिवृद्धि गर्नु ।

२) वातावरणमैत्री, स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्नु ।

३) पेरिस सम्झौता लगायतका माध्यमबाट उपलब्ध अन्तर्राष्ट्रिय वित्त र प्रविधिमा दाबी गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्नु ।

### रणनीति

१) जलवायु परिवर्तन व्यवस्थापनका लागि नीतिगत र संस्थागत सुधार एवम् क्षमता अभिवृद्धि गर्ने ।

२) राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय अनुकूलन योजना कार्यान्वयन गर्ने ।

३) हरित विकासको अवधारणा अवलम्बन गर्ने र स्वच्छ उर्जा प्रवर्द्धन गर्ने ।

४) जलवायु वित्तमा पहुँचको लागि अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्दै सम्भावित लाभलाई समुदायसम्म पुऱ्याउने ।

५) जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन-अनुसन्धान तथा क्षमता विकास गर्ने ।

### अपेक्षित उपलब्धि

**४६०**
स्थानीय तहको जलवायु अनुकूलन योजना तर्जुमा तथा कार्यान्वयन

**९०%**
विद्यालयहरूमा जलवायु परिवर्तन सम्बन्धी शिक्षा समावेश

**२,०००**
जलवायु परिवर्तन अनुकूलनमा तालिम प्राप्त व्यक्ति

# ९.११ जल तथा मौसम विज्ञान

## सोच

विश्वसनीय र भरपर्दो जल तथा मौसम सेवा मार्फत हवाई उड्डयन, जलस्रोत, कृषि, पर्यटन, स्वास्थ्य लगायतका क्षेत्रको दिगो विकास एवम् जलवायु समानुकूलित समाजको निर्माण ।

## लक्ष्य

विश्वसनीय र भरपर्दो जल तथा मौसम सेवा मार्फत नागरिकको जीउधनको सुरक्षाका साथै दिगो पूर्वाधार निर्माणमा टेवा पुऱ्याउने ।

## उद्देश्य

१) जल तथा मौसम सेवालाई समयानुकूल विकास र विस्तार गर्न नीति निर्माण तथा संरचनागत सुधार गर्नु ।

२) जल तथा मौसमजन्य बहुप्रकोपको भरपर्दो पूर्वानुमान तथा पूर्वसूचनाबाट जीउधनको सुरक्षा गर्नु ।

३) जल, मौसम तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्नु ।

## रणनीति

१) भरपर्दो, विश्वसनीय र गुणस्तरीय जल तथा मौसम सेवा उपलब्ध गराउन नीति तथा कानून निर्माण गर्ने ।

२) जल तथा मौसम मापन केन्द्रलाई आधुनिक स्वचालित केन्द्रमा रूपान्तरण र विस्तार गर्ने ।

३) नदी बेसिन योजना बमोजिम विकासका पूर्वाधारको लागि जल उपलब्धता, पानी सन्तुलन र थेग्रान अध्ययन तथा आकलन गर्ने ।

४) मौसम तथा जल प्रवाहको भरपर्दो तथा गुणस्तरीय पूर्वानुमान गर्ने ।

५) सेन्डाई फ्रेमवर्क अनुरूप समन्वयात्मक रूपमा जल तथा मौसमजन्य बहु-प्रकोप पूर्वसूचना प्रणाली विकास गर्ने ।

६) विश्व मौसम संगठन, अन्तरसरकारी निकाय, अन्तर्राष्ट्रिय हवाई उड्डयन संगठन र अन्य सरोकारवाला संघ-संस्थासँग समन्वय र सहकार्य गर्ने ।

## अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
| --- | --- | --- |
| स्वचालित जलमापन केन्द्र स्थापना र सञ्चालन (वटा) | ९० | ५०० |
| रेडियोसोन्ड केन्द्र स्थापना र सञ्चालन (वटा) | १ | ३ |

## ९.१२ सामुदायिक र गैरसरकारी संस्था

### सोच

व्यावसायिक, जवाफदेही र पारदर्शी सामुदायिक तथा गैरसरकारी संघ-संस्था ।

### लक्ष्य

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई मर्यादित, पारदर्शी र व्यवस्थित रूपमा परिचालन गर्दै सामाजिक तथा आर्थिक विकास गर्ने ।

### उद्देश्य

१) राष्ट्रिय प्राथमिकताको क्षेत्रमा संघ-संस्थाको परिचालन, व्यवस्थापन र नियमन गर्नु ।

२) गैरसरकारी संस्थाबाट प्राप्त हुने स्रोतको उपयोगलाई जवाफदेही र पारदर्शी बनाउँदै मुलुकको सामाजिक तथा आर्थिक विकास गर्नु ।

### रणनीति

१) गैरसरकारी संस्थाहरूको परिचालनमा सहजीकरण गर्ने निकायलाई सक्षम, सुदृढ, जिम्मेवार र उत्तरदायी बनाउने ।


२) गैरसरकारी संस्थाहरूको पारदर्शिता, जवाफदेहिता सुनिश्चित गर्दै सहजीकरण, परिचालन, अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउने ।

३) गैरसरकारी संस्थाहरूको परिचालन गरी तीन तहको समन्वय र सहकार्य मार्फत सामाजिक तथा आर्थिक विकास गर्ने ।

४) गैरसरकारी संघ-संस्थाहरूको कार्य प्रभावकारिता र कार्यकुशलतालाई मापनयोग्य बनाउने तथा एकीकृत तथ्याङ्क सूचना प्रणाली विकास गर्ने ।

### अपेक्षित उपलब्धि

गैरसरकारी संस्था सम्बन्धी एकीकृत तथ्याङ्क तथा सूचना प्रणाली स्थापना र सञ्चालन भएको हुनेछ ।



परिच्छेद

# १०

# योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

# १०.१ योजना तर्जुमा तथा कार्यान्वयन

## सोच

संघीय संरचना अनुरूप तथ्यपरक र नतिजामुखी योजना तर्जुमा प्रणालीको विकास।

## लक्ष्य

दीर्घकालीन सोच बमोजिम योजना तर्जुमा गरी विकास कार्यक्रम/ आयोजनाबाट लक्षित उपलब्धि हासिल गर्ने।

## उद्देश्य

राष्ट्रिय सोच र लक्ष्य हासिल हुने गरी तीनै तहमा समन्वयात्मक, नतिजामुखी र सबल योजना पद्धति विकास गर्नु।

## रणनीति

१) दीर्घकालीन सोच र राष्ट्रिय प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने।
२) योजना तर्जुमाको प्रक्रियागत पक्षमा सुधार गर्ने।
३) संघीय संरचना अनुकूल विद्यमान योजना प्रणालीको सुदृढीकरण तथा विकास गर्ने।
४) योजना तर्जुमामा संलग्न निकाय एवम् क्षेत्रको सुदृढीकरण गर्ने।
५) योजना कार्यान्वयनको प्रक्रियागत पक्षमा सुधार गर्ने।
६) संघीय संरचना अनुकूल योजना कार्यान्वयन संरचना व्यवस्थापन गर्ने।
७) आयोजना व्यवस्थापन र कार्यक्रम कार्यान्वयनमा सुधार गर्ने।

## अपेक्षित उपलब्धि

| | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| आवधिक योजना तर्जुमा भएका स्थानीय तह (सङ्ख्या) | – | ७५३ |
| मध्यमकालीन खर्च संरचना तर्जुमा भएका स्थानीय तह (सङ्ख्या) | – | ७५३ |

## १०.२ राष्ट्रिय आयोजना बैंक

### सोच

आयोजना तर्जुमा तथा व्यवस्थापनमा सुशासन अभिवृद्धि गरी तीव्र सन्तुलित र दिगो विकास ।

### लक्ष्य

कार्यान्वयनका लागि तयारी अवस्थामा रहेका आयोजनाहरूको पोर्टफोलियो तयार भई सार्वजनिक, निजी एवम् वैदेशिक स्रोतको प्रभावकारी परिचालन गरी सन्तुलित र दिगो विकास गर्ने ।

### उद्देश्य

१) तथ्यपरक र मापदण्डमा आधारित आयोजना पहिचान, छनोट, मूल्याङ्कन तथा प्राथमिकीकरण गर्ने प्रणाली विकास गर्नु ।

२) प्रदेश र स्थानीय तहमा समेत आयोजना बैंक स्थापना गर्न सहजीकरण गर्नु ।

### रणनीति

१) आयोजना पहिचान, मूल्याङ्कन, छनोट तथा प्राथमिकीकरण गरी राष्ट्रिय आयोजना बैंकको स्थापना गर्ने ।

२) प्रदेश र स्थानीय तहमा आयोजना बैंक गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

३) तयारी अवस्थामा रहेका आयोजनाको पोर्टफोलियो तयार गरी निजी क्षेत्रको लगानी र सहायता परिचालन गर्ने ।

### अपेक्षित उपलब्धि

| सूचक | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| आयोजना बैंक स्थापना भएका प्रदेश (सङ्ख्या) | – | ७ |

# १०.३ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय

### सोच

सुदृढ तहगत सम्बन्ध र उपलब्धिमुखी अन्तरसरकार समन्वय।

### लक्ष्य

संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्धलाई सुदृढ, सबल र सक्षम बनाउने।

### उद्देश्य

१) अन्तरसरकार समन्वय मार्फत विकास र सुशासनमा टेवा पुऱ्याउनु।
२) तीन तहको अधिकारको बुझाइमा एकरूपता ल्याई समन्वय सुदृढ गर्नु।
३) प्रभावकारी एवम् उपलब्धिमूलक तहगत सम्बन्धको लागि कानूनी तथा संस्थागत संयन्त्र निर्माण गर्नु।

### रणनीति

१) तीनै तहले संविधान प्रदत्त अधिकारको प्रयोगमा तीव्रता दिने।
२) तहगत समन्वय अभिवृद्धि गरी विकास निर्माण, सेवाप्रवाह तथा प्रत्यक्ष सरोकारका विषयलाई प्रभावकारी बनाउने।
३) आ-आफ्नो तहको विकास र सुशासन अभिवृद्धि गर्न प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने।

### अपेक्षित उपलब्धि

अधिकारको बाँडफाँटमा स्पष्टता आएको हुनेछ।
तीन तहबीच सहकार्य र समन्वयमा अभिवृद्धि भएको हुनेछ।
विकास र सुशासन कायम भएको हुनेछ।

# १०.४ अनुगमन तथा मूल्याङ्कन

### सोच

नतिजामूलक अनुगमन तथा मूल्याङ्कन व्यवस्था मार्फत शासकीय सुधार ।

### लक्ष्य

मापनयोग्य सूचकको आधारमा नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गरी विकास योजना तथा कार्यक्रमको निर्धारित लक्ष्य हासिल गर्ने ।

### उद्देश्य

तीनै तहमा नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गर्नु ।

### रणनीति

१) कानूनी र नीतिगत व्यवस्था गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सबल र सुदृढ बनाउने ।

२) अन्तरनिकायगत तथा अन्तरसरकारी समन्वय र सहकार्य विकास गर्ने ।


३) अनुगमन तथा मूल्याङ्कनमा आबद्ध जनशक्तिको क्षमता विकास गर्ने ।

४) विकास कार्यक्रम तथा आयोजनाको समस्या समयमै समाधान गराउने संरचनाको विकास गर्ने ।

### अपेक्षित उपलब्धि

| | २०७५/७६ आधार वर्ष | २०८०/८१ लक्ष्य |
|---|---|---|
| **तेस्रो पक्षबाट मुल्याङ्कन (वार्षिक)** (सङ्ख्या) | ३ | ८ |

# १०.५ जोखिम व्यवस्थापन



## रणनीति

१) विश्व अर्थतन्त्रमा आउन सक्ने उतार चढावको जोखिम पहिचान गरी अर्थतन्त्रमा नकारात्मक प्रभाव न्यूनीकरण गर्ने ।

२) अन्तर्राष्ट्रिय अर्थ राजनीतिको विश्लेषण गरी नीति तथा रणनीति बनाउने ।

३) वैदेशिक व्यापार तथा विनिमय जोखिमको प्रभाव न्यूनीकरण गर्ने ।

४) वैदेशिक रोजगारी र विप्रेषणमा देखिएका जोखिम न्यूनीकरण गर्ने ।

५) समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने ।

६) सार्वजनिक वित्तको प्रभावकारी व्यवस्थापन गर्ने ।

७) मौद्रिक तथा वित्तीय क्षेत्रका जोखिम न्यूनीकरण गर्ने ।

८) पूर्वाधार र सूचना प्रविधिजन्य जोखिम न्यूनीकरण गर्ने ।

९) विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापन गर्ने ।

१०) शासकीय जोखिम न्यूनीकरण गर्ने ।

११) सामाजिक तथा कार्य संस्कृति सम्बन्धी जोखिम न्यूनीकरण गर्ने ।



# पन्ध्रौं योजनामा कार्यान्वयन हुने कार्यक्रम तथा आयोजना




# राष्ट्रिय गौरवका आयोजना



१) गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना
२) पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आयोजना
३) निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना

---



४) पशुपति क्षेत्र विकास कोष
५) लुम्बिनी विकास कोष

---




६) राष्ट्रपति चुरे-तराइ-मधेस संरक्षण कार्यक्रम

---







७) मेलम्ची खानेपानी आयोजना
८) माथिल्ली तामाकोशी जलविद्युत आयोजना
९) बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना
१०) पश्चिम सेती जलविद्युत आयोजना
११) विद्युत प्रसारण आयोजना (मिलेनियम च्यालेञ्ज एकाउण्ट - नेपाल)
१२) भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना
१३) बबई सिँचाइ आयोजना
१४) रानीजमरा कुलरिया सिँचाइ आयोजना
१५) सिक्टा सिँचाइ आयोजना

---







१६) काठमाडौं-तराई-मधेस द्रुतमार्ग आयोजना
१७) मध्यपहाडी (पुष्पलाल) लोकमार्ग आयोजना
१८) हुलाकी राजमार्ग आयोजना
१९) कोशी राजमार्ग आयोजना
२०) कालीगण्डकी कोरिडोर आयोजना
२१) कर्णाली कोरिडोर आयोजना
२२) मेट्रो तथा रेलमार्ग
   क) पूर्व-पश्चिम रेलमार्ग आयोजना
   ख) काठमाडौं मेट्रोरेल आयोजना

# रुपान्तरणकारी आयोजना

## आर्थिक क्षेत्र



१) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना


२) सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

३) समृद्धिका लागि वन कार्यक्रम

४) जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रम

५) औद्योगिक पूर्वाधार विकास आयोजना

## सामाजिक क्षेत्र



१) स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा विस्तार कार्यक्रम

२) सार्वजनिक विद्यालय सबलीकरण आयोजना

३) प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम कार्यक्रम

४) राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम

## पूर्वाधार क्षेत्र

१) माथिल्लो अरुण जलविद्युत आयोजना

२) राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन कार्यक्रम

३) पूर्व-पश्चिम राजमार्ग स्तरोन्नति आयोजना

४) गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुबेशी-रसुवागढी सडक आयोजना

५) प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम

६) प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम

७) शहरी कोरिडोर आयोजना

८) डिजिटल नेपाल



## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

१) राष्ट्रिय परिचय-पत्र तथा घटना दर्ता कार्यक्रम




# प्रमुख कार्यक्रम

## आर्थिक क्षेत्र



१) एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणाली विकास आयोजना
२) मासु आत्मनिर्भरताको लागि पशुपन्छी पालन तथा बजारीकरण कार्यक्रम
३) धान चामल आत्मनिर्भरताका लागि धान प्रवर्द्धन आयोजना
४) मकै उत्पादन प्रवर्द्धन कार्यक्रम
५) फलफूल विकास कार्यक्रम
६) माछा उत्पादन तथा प्रवर्द्धन कार्यक्रम
७) बीउ उत्पादन तथा प्रवर्द्धन कार्यक्रम
८) कृषि अनुसन्धान कार्यक्रम
९) समृद्ध तराई-मधेस सिँचाइ विशेष कार्यक्रम
१०) एकीकृत ऊर्जा सिँचाइ विशेष कार्यक्रम
११) एकीकृत ऊर्जा सिँचाइ विशेष कार्यक्रम
१२) बागमती सिँचाइ आयोजना
१३) महाकाली सिँचाइ आयोजना
१४) सुनसरी मोरङ सिँचाइ आयोजना
१५) बृहत् दाङ उपत्यका सिँचाइ आयोजना
१६) जलवायु प्रकोप समुत्थान निर्माण आयोजना
१७) नदी नियन्त्रण कार्यक्रम
१८) वन्यजन्तु पालन तथा प्राणी उद्यान कार्यक्रम
१९) वन्यजन्तु पालन तथा प्राणी उद्यान कार्यक्रम
२०) स्वच्छ वातावरण कार्यक्रम
२१) रेडप्लस तथा जलवायु अनुकूलन कार्यक्रम
२२) उद्यमशीलता विकास र प्रवर्द्धन कार्यक्रम
२३) खानी र खानीजन्य उद्योग विकास कार्यक्रम
२४) व्यापारजन्य पूर्वाधार विकास आयोजना
२५) नापनक्सा तथा भौगोलिक सूचना उत्पादन कार्यक्रम
२६) स्वरोजगारीका लागि सहकारी क्षेत्र सुदृढीकरण कार्यक्रम
२७) ग्रेट हिमालय ट्रेल आयोजना
२८) हिल स्टेसन निर्माण तथा प्रवर्द्धन कार्यक्रम
२९) जनकपुर-सांस्कृतिक तथा पर्यटकीय पूर्वाधार विकास आयोजना
३०) रारा ताल-पर्यटकीय पूर्वाधार विकास कार्यक्रम
३१) पर्यटकीय स्थल विकास कार्यक्रम

## सामाजिक क्षेत्र



१) विद्यालय क्षेत्र विकास कार्यक्रम
२) शिक्षाको लागि खाद्य कार्यक्रम
३) व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो)
४) मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनारसमिति
५) उच्च शिक्षा सुधार आयोजना
६) नेपाल व्यावसायिक योग्यता प्रणाली
७) मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय
८) उच्च पर्वतीय अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र
९) राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन कोष
१०) बहुविधागत अनुसन्धान केन्द्र
११) स्वास्थ्य बिमा कार्यक्रम
१२) एकीकृत खोप तथा पोषण कार्यक्रम
१३) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सबलीकरण कार्यक्रम
१४) एकीकृत रोग रोकथाम तथा नियन्त्रण कार्यक्रम
१५) एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन तथा डिजिटल हेल्थ कार्यक्रम
१६) आप्रवासन स्वास्थ्य कार्यक्रम
१७) जनसङ्ख्या व्यवस्थापन कार्यक्रम
१८) खानेपानी गुणस्तर सुधार कार्यक्रम
१९) खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम
२०) जलवायु अनुकूलित बृहत् खानेपानी आयोजना
२१) काठमाडौं उपत्यका फोहोर पानी व्यवस्थापन आयोजना
२२) युवा व्यावसायिक नवप्रवर्तन केन्द्र
२३) युवा स्वरोजगार कार्यक्रम
२४) स्काउट विस्तार कार्यक्रम
२५) लैङ्गिक हिंसा विरुद्धको अभियान कार्यक्रम
२६) जोखिममा परेका बालबालिकाको संरक्षकको रूपमा राज्य
२७) ज्येष्ठ नागरिक कार्यक्रम
२८) अपाङ्गतामैत्री अभियान
२९) मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रण कार्यक्रम
३०) सामाजिक संस्था परिचालन तथा व्यवस्थापन कार्यक्रम
३१) खेलकुद पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रम
३२) खेलकुद प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहन कार्यक्रम
३३) साहसिक खेलकुद प्रवर्द्धन कार्यक्रम
३४) हाइ अल्टिच्युट ट्रेनिङ सेन्टर

## पूर्वाधार क्षेत्र



१) कर्णाली चिसापानी जलविद्युत आयोजना
२) मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजना
३) कालीगण्डकी जलाशययुक्त बहुउद्देश्यीय जलविद्युत आयोजना
४) तल्लो अरुण जलविद्युत आयोजना
५) किमाथाङ्का अरुण अर्ध-जलाशययुक्त जलविद्युत आयोजना
६) फुकोट कर्णाली अर्ध-जलाशययुक्त जलविद्युत आयोजना
७) नलगाड जलाशययुक्त जलविद्युत आयोजना
८) जगदुल्ला अर्ध-जलाशययुक्त जलविद्युत आयोजना
९) नौमुरे जलाशययुक्त आयोजना
१०) तनहुँ जलविद्युत आयोजना
११) रसुवागढी जलविद्युत आयोजना
१२) मध्य भोटेकोशी जलविद्युत आयोजना
१३) तामाकोशी पाँचौं जलविद्युत आयोजना
१४) अरुण-जलविद्युत आयोजना
१५) दुधकोशी जलविद्युत आयोजना
१६) खिम्ती ठोसे सिवालय जलविद्युत आयोजना
१७) भार्भुंग जलविद्युत आयोजना
१८) सेती खोला-६ जलविद्युत आयोजना
१९) के.भि. प्रसारण लाइन कार्यक्रम
२०) लघु तथा साना जलविद्युत कार्यक्रम
२१) सौर्य ऊर्जा कार्यक्रम
२२) जैविक ऊर्जा कार्यक्रम
२३) वायु ऊर्जा कार्यक्रम
२४) नेपाल ऊर्जा दक्षता कार्यक्रम
२५) राष्ट्रिय राजमार्ग विस्तार तथा स्तरोन्नति कार्यक्रम
२६) मदन भण्डारी राजमार्ग आयोजना
२७) आधारभूत सडक सञ्जाल विस्तार कार्यक्रम
२८) सडक सञ्जाल मर्मत संभार, पुनर्स्थापना एवम् सडक सुरक्षा कार्यक्रम
२९) काठमाडौं उपत्यका पहुँच तथा उपत्यका सडक सुदृढीकरण कार्यक्रम
३०) सडक पुल निर्माण कार्यक्रम
३१) सुरुङ मार्ग विकास कार्यक्रम
३२) रसुवागढी-काठमाण्डौ रेलमार्ग आयोजना
३३) रक्सौल-काठमाडौं रेलमार्ग आयोजना
३४) जल यातायात विकास आयोजना
३५) सघन शहरी विकास कार्यक्रम
३६) काठमाण्डौ उपत्यकामा नयाँ शहर विकास आयोजना
३७) जोखिमयुक्त बस्ती स्थानान्तरण तथा एकीकृत बस्ती विकास कार्यक्रम
३८) बञ्चरे डाँडा स्यानिटरी ल्याण्डफिल्ड साइट निर्माण आयोजना
३९) सुरक्षण मुद्रण आयोजना
४०) राष्ट्रिय पुनर्निर्माण कार्यक्रम

## लोकतन्त्र र सुशासन

१) गृह प्रशासन सुदृढीकरण कार्यक्रम
२) राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय
३) अदालतको भौतिक पूर्वाधार सुदृढीकरण
४) निर्वाचन प्रणाली सुदृढीकरण
५) मानव अधिकार संरक्षण तथा संवर्द्धन कार्यक्रम
६) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
७) स्थानीय तह प्रशासनिक भवन निर्माण
८) पूर्वाधार विकास र अचल सम्पत्ति व्यवस्थापन
९) विद्युतीय राहदानी व्यवस्थापन कार्यक्रम
१०) कूटनीतिक क्षमता विकास कार्यक्रम



## अन्तरसम्बन्धित विषय क्षेत्र

१) प्रधानमन्त्री रोजगार कार्यक्रम
२) सामाजिक सुरक्षा कोष




# प्रदेशका प्रमुख कार्यक्रम

## प्रदेश नं. १



१) कोशी-तमोर ट्रंक लाइन खानेपानी आयोजना
२) ताल-तलैया थिम पार्क
३) विराटनगर क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल
४) चतरा-तुम्लिङ्टार र चतरा-दोलालघाट जलमाग

## प्रदेश नं. २



१) मुख्यमन्त्री किसान उत्थान आयोजना
२) भूमिगत सिँचाइ प्रणाली व्यवस्थापन आयोजना
३) मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम
४) मुख्यमन्त्री स्वच्छता अभियान

## बागमती प्रदेश




१) भीमफेदी-कुलेखानी सुरुङमार्ग
२) मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
३) अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण आयोजना
४) अन्तर्राष्ट्रिय स्तरको रंगशाला निर्माण आयोजना
५) एकीकृत प्रादेशिक भवन निर्माण आयोजना

## गण्डकी प्रदेश




१) गण्डकी प्रदेश व्यावसायिक कृषि विकास आयोजना
२) प्रादेशिक औद्योगिक क्षेत्र विकास आयोजना
३) फेवाताल संरक्षण र सौन्दर्यीकरण आयोजना
४) मुटु तथा मृगौला रोग र क्यान्सरको विशिष्टीकृत अस्पताल
५) पोखरा-डेडगाउँ-दुम्कीबास-त्रिवेणी सडक आयोजना

## लुम्बिनी प्रदेश



१) नगदेबाली मूल्य शृंखला विकास आयोजना
२) रूरू धार्मिक तथा पर्यटकीय क्षेत्र व्यवस्थापन आयोजना
३) लुम्बिनी प्रादेशिक अस्पताल सेवा विस्तार आयोजना
४) सूचना प्रविधि नवप्रवर्तन केन्द्र (आईसिटि पार्क)
५) अन्तर्राष्ट्रिय स्तरको रंगशाला निर्माण आयोजना

## कर्णाली प्रदेश



१) कृषि तथा पशुपालन बहुउद्देश्यीय हिमाली तथा पहाडी स्रोत केन्द्र
२) सुर्खेत-हिल्सा द्रुतमार्ग (कर्णाली कोरिडोर)
३) कोहलपुर-सुर्खेत सडक विस्तार आयोजना
४) सुर्खेत-जाजरकोट-रुकुम-धो-मोरिम्ला भेरी कोरिडोर
५) कर्णाली एकीकृत बस्ती विकास आयोजना

## सुदूरपश्चिम प्रदेश




१) मुख्यमन्त्री कृषि तथा पशुपन्छी विकास कार्यक्रम
२) सुदूरपश्चिम प्रदेश पर्यटन कोरिडर विकास आयोजना
३) सुदूरपश्चिम प्रादेशिक सडक आयोजना
४) प्रदेश सार्वजनिक यातायात सुदृढीकरण आयोजना
५) स्वरोजगार विकास कोष



# सार्वजनिक-निजी साझेदारीका प्रमुख आयोजना

१) कृषिजन्य उपकरण तथा औजार जडान उद्योग
२) रासायनिक मल कारखाना
३) एकीकृत कृषि उद्योग परियोजना
४) एकीकृत जडिबुटी प्रशोधन परियोजना
५) धौवादी फलाम खानी तथा प्रशोधन परियोजना
६) खप्तड एकीकृत पर्यटन परियोजना
७) तमोर बहुउद्देश्यीय परियोजना
८) नवप्रवर्तन तथा प्रविधि पार्क
९) एकीकृत बस्ती सहित बाहिरी चक्रपथ परियोजना



नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
सिंहदरबार काठमाडौं
फोन: ०१-४२११९३२, ४२११९३३, फ्याक्स: ०१-४२११७००
इमेल: npc@npc.gov.np
वेबसाइट: www.npc.gov.np